योग्यता
निष्पक्षता
स्वच्छता

# चौथो

## वार्षिक प्रतिवेदन

(२०८० श्रावण - २०८१ आषाढ)

## प्रदेश लोक सेवा आयोग

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

www.psc.sudurpashchim.gov.np

योग्यता
निष्पक्षता
स्वच्छता

# चौथो

# वार्षिक प्रतिवेदन

(२०८० श्रावण - २०८१ आषाढ)

## प्रदेश लोक सेवा आयोग

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली
www.psc.sudurpashchim.gov.np

# प्रदेश लोक सेवा आयोग


**सम्पर्क**

प्रदेश लोक सेवा आयोग

**ठेगाना**

धनगढी उपमहानगरपालिका-५, तारानगर
धनगढी, कैलाली ।

**टेलिफोन**

०९१-५२७६००

**इमेल**

info.psc@sudurpashchim.gov.np
ppsc.p7@gmail.com


**वेबसाइट**

www.psc.sudurpashchim.gov.np

**विद्युतीय दरखास्त प्रणाली**

www.ppsconline.sudurpashchim.gov.np

**दक्ष/विज्ञ अनलाईन फारम प्रणाली**

www.psc.sudurpashchim.gov.np/subjectexpert

**कुल प्राप्तांक**

totalmarks.sudurpashchim.gov.np/admin/login

**फेसबुक पेज**

www.facebook.com/ppsc.supa

**मोवाईल एप्लिकेशन**

PPSC Sudurpashchim

सुदूरपश्चिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को
दफा ६६ बमोजिम
माननीय प्रदेश प्रमुख समक्ष प्रस्तुत गरिएको
प्रदेश लोक सेवा आयोगको

# चौथो वार्षिक प्रतिवेदन

यस प्रतिवेदनमा २०८० श्रावण १ गतेदेखि
२०८१ आषाढ ३१ सम्म सम्पादित कार्यहरू समेटिएका छन् ।

# प्रदेश लोक सेवा आयोग
## सुदूरपश्चिम प्रदेश
## धनगढी, कैलाली

मिति:२०८१।०६।१३

**विषयः <u>आयोगको चौथो वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको।</u>**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६६ बमोजिम प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरेका कार्यहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

**भवदीय**

**(यज्ञराज बोहरा)**
**अध्यक्ष**

**(लक्ष्मण बहादुर खड्का)**
**सदस्य**

**(भागरथी राना)**
**सदस्य**

**(वेदप्रसाद भण्डारी)**
**सचिव**

# प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू



यज्ञराज बोहरा
अध्यक्ष



लक्ष्मण बहादुर खड्का
सदस्य



भागरथी राना
सदस्य



वेदप्रसाद भण्डारी
सचिव


नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
प्रदेश नं. ५
बागमती प्रदेश
प्रदेश नं. २
प्रदेश नं. १
काठमाडौं
चीन
भारत
संकेत
कर्णाली

# सुदूरपश्चिम प्रदेशको राजनीतिक तथा प्रशासनिक नक्सा



## धन्यवाद ज्ञापन

प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेशको कार्यसम्पादनका लागि आवश्यक नीति नियमको तर्जुमा तथा श्रोत साधन उपलब्ध गराइ सहयोग प्राप्त भएकोमा प्रदेश सरकारप्रति आयोग धन्यवाद ज्ञापन गर्दछ ।

आयोगले नियमानुसार सम्पन्न गर्ने सबै कार्यसम्पादनमा लोक सेवा आयोगका माननीय पदाधिकारीज्यूहरू र सबै तहका कर्मचारीहरूबाट प्राप्त भएको सहयोगप्रति आयोग आभार प्रकट गर्दछ ।

आयोगबाट पदपूर्तिका लागि विज्ञापन भएका पदहरूको पाठ्यक्रम तथा प्रश्नपत्र निर्माण, उत्तर पुस्तिका परीक्षण र अन्तर्वार्ता लगायतका कार्यहरूमा सहयोग पुऱ्याउनु हुने विभिन्न विधाका दक्ष विज्ञहरू, परीक्षा सञ्चालन तथा पदपूर्ति सम्बन्धी सम्पूर्ण कार्यमा सहयोग गर्नु हुने प्रदेश सरकारका प्रमुख सचिवज्यू, प्रदेश सचिवज्यूहरू, सङ्घ, प्रदेश तथा स्थानीय तहका विभिन्न निकायमा कार्यरत कर्मचारीहरू, सुरक्षा निकायका सुरक्षाकर्मीहरू लगायत आयोगको कार्यसम्पादनमा प्रत्यक्ष/अप्रत्यक्ष रुपले सल्लाह, सुझाव दिइ सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरूप्रति आभार व्यक्त गर्दै यस चौथो वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न आयोगका सम्पूर्ण कर्मचारीहरूलाई आयोग धन्यवाद व्यक्त गर्दछ ।

मितिः २०८१।०६।१३

# ऐतिहासिक एवम् महत्वपूर्ण घटनाक्रम

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था

प्रदेश लोक सेवा आयोग ऐन, २०७६
२०७६।०४।१५

प्रदेश लोक सेवा आयोगका पदाधिकारीज्यूहरूको नियुक्ति
२०७७।१२।०९

प्रदेश लोक सेवा आयोगका पदाधिकारीज्यूहरूको सपथ ग्रहण
२०७७।१२।१८

प्रदेश लोक सेवा आयोग नियमावली,२०७८
२०७८।०३।२७

प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका,२०७८
२०७८।०३।२८

प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवम् विषयविज्ञ/विशेषज्ञ कर्मचारीहरूको आचारसंहिता, २०७८
२०७८।०३।२९

प्रदेश लोक सेवा आयोगका परीक्षा दस्तुर एवम् खर्च व्यवस्थापन मापदण्ड २०७८

प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७८
२०७८।१२।०३

विद्युतीय प्रणालीबाट दरखास्त सङ्कलन प्रारम्भ
२०७८।१२।०९

वन रक्षक पदको शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षाको लागि आवश्यक जनशक्ति, कार्य चरण तथा खर्च व्यवस्थापन मापदण्ड, २०७९
२०७९।०३।०२

OMR प्रविधिबाट उत्तरपुस्तिका परीक्षण प्रारम्भ
२०७९।११।२७

प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका,२०८०
२०८०।०७।२२

# कार्यकारी सारांश


हालसम्मको विज्ञापन
बढुवा,२०
समावेशी, ४१०
११११
खुला, ६८१
खुला
समावेशी
बढुवा


हालसम्मको दरखास्त सङ्ख्या
१०००००
९००००
८००००
७००००
६००००
५००००
४००००
३००००
२००००
१००००
०
२९५६२
४८५४३
७८१०५
३७९५८
५०४८१
८८४३९
२०७८/७९
२०७९/८०
महिला
पुरुष
कुल


हालसम्मको माग पद तथा सिफारिस सङ्ख्या
८००
७००
६००
५००
४००
३००
२००
१००
०
६८१ ६८१
२११ २१०
१०७ १०७
५४ ५४
२७ २७
२ २
१ १
४ ४
४ ४
२० ९
खुला
महिला
आदिवासी जनजाती
मधेशी
दलित
थारु/राना थारु
आर्थिक रुपले विपन्न-
अपाङ्ग
पिछडिएको क्षेत्र
एघारौं तह बढुवा
माग पद संख्या
सिफारिस

## १. आयोगको गठन

नेपालको संविधानको धारा २४४ ले प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग गठन हुने व्यवस्था गरेको छ। उक्त संवैधानिक व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ को उपदफा (४) बमोजिम मिति २०७७ चैत्र ९ गते आयोगका पदाधिकारीहरूको नियुक्ति भएपछि प्रदेश लोक सेवा आयोग गठन भएको हो ।

## २. सङ्गठन संरचना

आयोगको कार्यसम्पादनको लागि प्रदेश सरकारबाट अन्तरिम सङ्गठन संरचना तथा ४५ जनाको अस्थायी दरबन्दी स्वीकृत भइ हाल विभिन्न दर्जाका २७ जना कर्मचारीहरूको पदपूर्ति भएको छ भने १८ पदहरू रिक्त छन् ।

## ३. उद्देश्य र कार्यक्षेत्र

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान ब्युरो, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवार छनौट गरी सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने आयोगको उद्देश्य रहेको छ । आयोगको कार्यक्षेत्र सुदूरपश्चिम प्रदेश सरकारका मन्त्रालय तथा मातहतका विभाग/निर्देशनालय, कार्यालय र सुदूरपश्चिम प्रदेश भित्र रहेका ८८ वटा स्थानीय तह रहेका छन् ।

## ४. काम, कर्तव्य र अधिकार

आयोगले प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्दछ। प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान ब्यूरो, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदपूर्तिका लागि लिईने लिखित परीक्षा सञ्चालन र अन्य आवश्यक परामर्श दिने कार्य गर्दछ ।

## ५. आयोगका प्रमुख कार्यहरू

आयोगले पदपूर्तिका लागि पाठ्यक्रम निर्माण, शैक्षिक योग्यता निर्धारण, विज्ञापन प्रकाशन (खुला तथा बढुवा), प्रश्नपत्र निमार्ण र परिमार्जन, परीक्षा सञ्चालन, नतिजा प्रकाशन, अन्तर्वार्ता तथा सिफारिस, अध्ययन, अनुसन्धान, परामर्श, सुझाव, समन्वय र सहयोग, अनुगमन तथा निरीक्षण गर्ने कार्यहरू गर्दछ।

## ६. आयोगबाट कार्यसम्पादन गर्दा अवलम्बन गरिने सिद्धान्तहरू

- योग्यताको सिद्धान्त,
- गोपनियताको सिद्धान्त,
- स्वच्छताको सिद्धान्त,
- निष्पक्षताको सिद्धान्त,
- समावेशीताको सिद्धान्त,
- समान अवसरको सिद्धान्त,
- द्विअन्धको सिद्धान्त,
- परिचय शून्यताको सिद्धान्त,

❖ असंलग्नताको सिद्धान्त।

## ७. आयोगको कार्यसम्पादनको संवैधानिक र कानूनी आधारहरू

नेपालको संविधान, निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५०, स्वास्थ्य सेवा ऐन, २०५३, स्वास्थ्य सेवा नियमावली, २०५५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कर्मचारी समायोजन ऐन, २०७५, सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६, प्रदेश लोक सेवा आयोग नियमावली २०७८, प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन (निर्देशिका), २०७८, प्रदेश लोक सेवा आयोग परीक्षा दस्तुर एवम् खर्च व्यवस्थापन मापदण्ड, २०७८, प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू एवम् विषय विज्ञ/ विशेषज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७८, प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७८, वन रक्षक पदको शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षाको लागि आवश्यक जनशक्ति, कार्यचरण तथा खर्च व्यवस्थापन मापदण्ड, २०७९, विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू, लोक सेवा आयोगले अवलम्बन गरेको सिद्धान्त, मापदण्ड, अभ्यास, प्रदेश लोक सेवा आयोगका समय समयका निर्णयहरू र अन्य प्रचलित कानुनको आधारमा आयोगले कार्यसम्पादन गर्दछ ।

## ८. आयोगबाट सम्पादन भएका कामहरू

### ८.१. पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

आयोगबाट आर्थिक वर्ष २०८०/०८१ मा पदपूर्तिका लागि विज्ञापन हुने प्रदेश निजामती सेवा तथा प्रदेश स्थानीय सेवाका पदहरूको पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका पारित भई सार्वजनिक भएको छ ।

### ८.२. पाठ्यक्रम निर्माण

प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तरगत प्राविधिक/अप्राविधिक तर्फ विभिन्न सेवा, समूह, उपसमूह, तहका विभिन्न १८ पदका आन्तरिक, अन्तर तह र खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम स्वीकृत गरी सार्वजनिक गरिएको थियो। हालसम्म एकीकृत तथा संयुक्त परीक्षा प्रणाली अनुसार ८८ वटा पदहरूको पाठ्यक्रम निर्माण गरी सार्वजनिक गरिएको छ।

### ८.३. प्रश्नपत्र निर्माण र परिमार्जन

प्रतिवेदन अवधिमा विभिन्न सेवा, समूह, तह र पदहरूको परीक्षा सञ्चालन गर्नका लागि १७५ वटा सेट कच्चा प्रश्नपत्र निर्माण गरिएकोमा सो मध्ये १०६ सेट परिमार्जित गरी ३५ सेट प्रश्नपत्र छनौट भई परीक्षामा प्रयोग गरिएको । बाँकी प्रश्नपत्र ७१ सेट आयोगको प्रश्न बैंकमा सुरक्षित राखिएको छ।

### ८.४. विज्ञापन प्रकाशन

प्रदेश निजामती सेवा ऐन, २०७९ संशोधनको क्रममा र प्रदेश स्थानीय सरकारी सेवा सम्बन्धी कानुन तर्जुमाको चरणमा रहेकोले प्रकाशित कार्यातालिका बमोजिम खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन प्रकाशन गर्न नसकिएको तर विभिन्न सेवा, समूह, उपसमूह, एघारौं तहका प्राविधिक पदहरूको

बढुवाबाट पदपूर्ति गर्ने प्रयोजनका लागि २० पदहरूको बढुवाद्वारा हुने पदपूर्तिका लागि विज्ञापन प्रकाशन गरिएको छ।

### ८.५. दरखास्त सङ्कलन

प्रतिवेदन अवधिमा खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन प्रकाशन नभएकोले दरखास्तसँग सम्बन्धित कुनै पनि काम नभएको तर बढुवाबाट पदपूर्ति हुने विज्ञापनमा १५ वटा दरखास्त आयोगको कार्यालयमा सङ्कलन गरी दर्ता गरिएको छ ।

### ८.६. लिखित परीक्षा सञ्चालन

प्रतिवेदन अवधिमा आ.व. २०७९/०८० मा प्रकाशित चौथो र पाँचौं तह सहायकस्तरका प्राविधिक/अप्राविधिक तर्फका विज्ञापनहरूको लिखित परीक्षामा महिला २५,३८६ र पुरुष ३२,२८४ गरी कुल जम्मा ५७,६७० जना उम्मेदवारहरू उपस्थित भएका छन् ।

### ८.७. उत्तरपुस्तिका सङ्केतीकरण/परीक्षण

प्रतिवेदन अवधिमा सहायक चौथो र पाँचौं तहका अप्राविधिक तर्फको दोस्रो चरणको लिखित परीक्षाका सबै खण्ड गरी २१,०१२ वटा उत्तरपुस्तिकाहरूमा प्रथम र दोस्रो सङ्केत नं राखी उत्तरपुस्तिकाहरू सङ्केतीकरण गरी उक्त उत्तरपुस्तिकाहरू आयोगमा सूचीकृत दक्ष विज्ञहरूबाट परीक्षण गरिएका छन् भने सहायक चौथो र पाँचौं तहका प्राविधिक र अप्राविधिक पदहरूको प्रथम चरणका ५६,६७० उत्तरपुस्तिकाहरू ओ.एम.आर प्रविधिबाट परीक्षण गरिएका छन् ।

### ८.८. लिखित परीक्षा नतिजा प्रकाशन

प्रतिवेदन अवधिमा सञ्चालन भएका लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरू मध्ये महिला ४४४ र पुरुष ७५३ गरी कुल जम्मा १,१९७ जना उम्मेदवारहरू अन्तर्वार्ताका लागि छनौट भएका छन्।

### ८.९. सिफारिस

प्रतिवेदन अवधिमा अन्तरवार्ताका लागि छनौट भएका उम्मेदवारहरू मध्ये महिला २४१ र पुरुष ३९२ गरी जम्मा ६३३ जना नियुक्तिका लागि प्रदेश सरकार तथा स्थानीय तहहरूमा सिफारिस गरिएका छन्। बढुवा समितिद्वारा विभिन्न सेवा, समूह तर्फका एघारौं तहमा ९ जना उम्मेदवारहरूलाई सिफारिस गरिएको छ। यसरी अन्तरवार्ताका लागि छनौट भएका ६३३ जना र बढुवा सिफारिसबाट ९ जना गरी जम्मा ६४२ जना उम्मेदवारहरू सिफारिस भएका छन्।

## ९. अनुगमन तथा निरीक्षण

प्रतिवेदन अवधिमा आयोगका पदाधिकारी तथा कर्मचारीहरूको सहभागितामा यस प्रदेश अन्तर्गतका २१ वटा स्थानीय तहहरूमा अनुगमन तथा निरीक्षण गरी दरबन्दी संरचना, पदपूर्तिको अवस्था, बढुवा, उजुरी, विभागीय सजाय लगायतका आयोगसँग सम्बन्धित विविध विषयमा जनप्रतिनिधि तथा कर्मचारीहरूसँग छलफल तथा अन्तर्क्रियात्मक कार्यक्रम गरिएको छ।

## १०. सुधार प्रयास र नवप्रवर्तन

सरोकारवालाहरूलाई आयोगका पदपूर्ति सम्बन्धी जानकारीहरू मोवाइलबाटै दिन PPSC Sudurpashchim नामक एन्ड्रोईड मोवाइल एप्लिकेशन, दर्ता र चलानीको कार्यलाई व्यवस्थित गर्नको लागि दर्ता र चलानी व्यवस्थापन प्रणाली, अन्तर्वार्तामा सम्मिलित उमेदवारहरूले आफूले प्राप्त गरेको कुल अङ्क हेर्न कुल प्राप्ताङ्क व्यवस्थापन प्रणाली (**Total Marks Management System- TMMS)** सञ्चालनमा ल्याइएको छ साथै आयोगमा कार्यरत कर्मचारीहरूको विस्तृत विवरणहरू कर्मचारी सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक गरिएको छ। आ.व. २०८०-८१ देखिका परीक्षाहरूमा ओ.एम.आर.उत्तरपुस्तिकाहरू प्रयोग गरी ओ.एम.आर. प्रविधिद्वारा उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था गरिएको छ। प्रदेश लोक सेवा आयोग कार्य सञ्चालन निर्देशिका, २०७८ लाई समसामयिक बनाइ प्रदेश लोक सेवा आयोग कार्य सञ्चालन निर्देशिका, २०८० कार्यान्वयनमा ल्याइएको छ ।

योग्यता, निष्पक्षता र स्वच्छता जस्ता लोक सेवा आयोगका मूलभूत मूल्य मान्यता कायम हुने गरी प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिमले रणनीतिक योजना तर्जुमा गर्ने तथा कार्यान्वयनमा रहेका सबै पाठ्यक्रहरूलाई समयानुकूल बनाउन पाठ्यक्रम परिमार्जन गर्दै जाने आयोगको भावी योजना रहेको छ ।

## ११. समन्वय र सहयोग

प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेशले पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन लगायातका विषयमा लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगहरूसँग सिकाइ तथा अनुभव आदान प्रदानका साथै आवश्यक प्राविधिक सहयोग समेत लिने गरेको छ। प्रतिवेदन अवधिमा अन्तर प्रदेश लोक सेवा आयोगको भ्रमण गरी असल अभ्यासहरूको कार्यानुभव आदान प्रदान समेत गरिएको छ।

## १२. आयोगहरूको सम्मेलन

मिति २०८० साल फागुन २२ गते प्रदेश लोक सेवा आयोगहरूको तेस्रो सम्मेलन तथा मिति २०८० साल फागुन २३ र २४ गते लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलन कर्णाली प्रदेशको सुर्खेतमा सम्पन्न भएको छ। उक्त सम्मेलनमा आयोगका पदाधिकारीज्यूहरू तथा सचिवज्यूको सहभागितामा आयोगबाट भए गरेका कामकारवाहीको प्रस्तुतीकरण गरिएको छ।

## १३. राय/परामर्श

प्रतिवेदन अवधिमा आयोगले सुदूरपश्चिम प्रदेश सरकारको अनुरोधमा सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) विधेयक र स्थानीय तहका सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० उपर राय/परामर्श प्रदान गरेको छ।

# विषय-सूची

**क्र.सं.** **पृष्ठ सङ्ख्या**

## परिच्छेद-१

## आयोगको गठन र कार्यक्षेत्र


१.१ ऐतिहासिक विकासक्रम १
१.२ प्रदेश लोक सेवा आयोगको गठन २
१.३ आयोगको काम, कर्तव्य र अधिकार ३
१.४ आयोगको सेवा क्षेत्र ४
- १.४.१ प्रदेश निजामती सेवा ५
- १.४.२ प्रदेश प्रहरी सेवा ५
- १.४.३ प्रदेश अनुसन्धान ब्यूरो ५
- १.४.४ प्रदेश अन्य सरकारी सेवा ५
- १.४.५ प्रदेश सङ्गठित संस्थाको सेवा ५
- १.४.६ स्थानीय सरकारी सेवा ५
- १.४.७ स्थानीय तहको सङ्गठित संस्थाको सेवा ५

१.५ आयोगका प्रमुख कार्यहरू ५
१.६ वार्षिक प्रतिवेदन ६


## परिच्छेद -२

## आयोगको कार्यसम्पादनका आधारहरू


२.१ संविधान ७
२.२ कानुनहरू ७
२.३ आयोगको कार्यक्षेत्र ८
२.४ सङ्गठनात्मक संरचना ८
२.५ आयोगबाट कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू ९
- २.५.१ योग्यताको सिद्धान्त १०
- २.५.२ गोपनीयताको सिद्धान्त १०
- २.५.३ स्वच्छताको सिद्धान्त १०
- २.५.४ निष्पक्षताको सिद्धान्त १०
- २.५.५ समावेशीताको सिद्धान्त १०
- २.५.६ समान अवसरको सिद्धान्त १०
- २.५.७ द्विअन्ध सिद्धान्त ११

२.५.८ परिचय-शून्यताको सिद्धान्त ११
२.५.९ असंलग्नताको सिद्धान्त ११
२.६ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह ११
२.६.१ वार्षिक कार्यतालिका १३
२.६.२ माग सङ्कलन १३
२.६.३ प्रतिशत निर्धारण १३
२.६.४ विज्ञापन प्रकाशन १३
२.६.५ दरखास्त सङ्कलन १३
२.६.६ लिखित परीक्षा १३
२.६.७ उत्तरपुस्तिका सङ्केतीकरण र परीक्षण १४
२.६.८ उत्तरपुस्तिका परीक्षण १४
२.६.९ लिखित परीक्षा नतिजा, अन्तर्वार्ता र सिफारिस १४
२.६.१० कार्य विभाजन १४
२.६.११ अधिकार प्रत्योजन १४
२.६.१२ काम कारबाही बदर गर्न सक्ने १५
२.६.१३ अनुगमन तथा निरीक्षण गर्न सक्ने १५
२.७ सङ्गठनात्मक कार्य विवरण १५

## परिच्छेद -३

## प्रशासनिक तथा वित्तीय स्थिति

३.१ आयोगको दरबन्दी र पदपूर्ति २३
३.२ बैठक तथा निर्णय २३
३.३ भौतिक अवस्था ३१
३.४ पुस्तकालय ३१
३.५ कम्प्युटर प्रयोगशाला ३१
३.६ बजेट, निकासा र खर्च ३१
३.७ राजस्व र धरौटी ३२
३.८ बेरुजुको अवस्था ३२

## परिच्छेद -४

## परीक्षण प्रविधि, पाठ्यक्रम निर्माण, शैक्षिक योग्यताको परामर्श, प्रश्नपत्र निर्माण तथा परिमार्जन

४.१ परीक्षण प्रविधि ३३
४.२ पाठ्यक्रम निर्माण ३३
४.३ शैक्षिक योग्यताको परामर्श ३३

४.४. प्रश्नपत्र निर्माण तथा परिमार्जन ३४

## परिच्छेद- ५
## आयोगबाट सम्पादन भएका प्रमुख कार्यहरू

५.१ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका ३५
५.२ माग सङ्कलन तथा प्रतिशत निर्धारण ३५
५.३ विज्ञापन प्रकाशन ३५
५.४ दरखास्त सङ्कलन ३७
५.५ लिखित परीक्षा सञ्चालन ३७
५.६ उत्तरपुस्तिका सङ्केतीकरण ४१
५.७ उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण ४२
५.८ लिखित परीक्षा नतिजा तयारी ४२
५.९ लिखित परीक्षा नतिजा प्रकाशन/ अन्तर्वार्ताका लागि छनौट ४२
५.१० कम्प्युटर प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा सञ्चालन ४५
५.११ अन्तर्वार्ता सञ्चालन तथा सिफारिस ४६
५.१२ वैकल्पिक उम्मेदवार सिफारिस ५५
५.१३ प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका तर्जुमा ५६
५.१४ वेभसाइटको निर्माण ५६
५.१५ अनलाईन दरखास्त प्रणालीको निर्माण ५७
५.१६ कुल प्राप्ताङ्क व्यवस्थापन प्रणाली (**Total Marks Management System- TMMS)** ५७
५.१७ विषयविज्ञ वा विशेषज्ञको रोष्टर निर्माण ५७
५.१८ मोवाइल एप्लिकेशन निर्माण ५८
५.१९ अन्य निकायसँग पत्राचार ५८
५.२० आन्तरिक व्यवस्थापन ५८
५.२१ अनुगमन तथा निरीक्षण ६०
५.२२ परीक्षा सञ्चालन सम्बन्धी अभिमुखीकरण ६२
५.२३ आ.व. २०८०/०८१ मा पदपूर्ति सम्बन्धी भएका कामहरूको सारांश तालिका ६३

## परिच्छेद- ६
## सुधार प्रयास र नवप्रवर्तन

६.१ रणनीतिक योजना निर्माण ६५
६.२ सेवा ग्राही र विज्ञहरूको संलग्नता अभिवृद्धि ६५
६.३ संस्थागत तथा कर्मचारी क्षमता अभिवृद्धि ६६
६.४ पूर्वाधार विकास ६६

६.५ व्यवस्थापकीय विषयहरूमा सुधार ६६
६.६ सुरक्षा व्यवस्था ६६
६.७ सिफारिस भएका उम्मेदवारहरूको लागि सेवा प्रवेश तालिम ६७
६.८ मोवाइल एप्लिकेसन निर्माण ६७
६.९ दर्ता चलानी व्यवस्थापन प्रणाली तथा कर्मचारी सूचना व्यवस्थापन प्रणाली ६७
६.१० कुल प्राप्ताङ्क व्यवस्थापन प्रणाली (Total Marks Management System- TMMS) ६७
६.११ जिन्सी निरीक्षण ६७
६.१२ बेरुजु सम्परीक्षण ६८
६.१३ पाठ्यक्रम परिमार्जन ६८
६.१४ ओ.एम.आर.प्रविधिको प्रयोग ६८
६.१५ पारदर्शिता र सहभागिता ६८
६.१६ नीति तथा कानुन संशोधन ६८

## परिच्छेद-७
## समन्वय, सहयोग र परामर्श

७.१ अन्तर प्रदेश समन्वय र सहयोग ६९
७.२ लोक सेवा आयोगसँग समन्वय र सहयोग ६९
७.३ लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलनमा सहभागिता ६९
७.४ प्रदेश लोक सेवा आयोगहरूको सम्मेलन ७०
७.५ अन्तर प्रदेश लोक सेवा आयोगहरूको भ्रमण कार्यक्रम ७०
७.६ लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलनमा भएका प्रमुख निर्णयहरूको कार्यान्वयनको अवस्था ७०
७.७ राय/परामर्श सम्बन्धी कार्य ७७
७.८ उजुरी ७७

## परिच्छेद-८
## प्रदेश लोक सेवा आयोगहरूको तुलनामा सुदूरपश्चिम प्रदेश

८.१ दरबन्दीको आधारमा तुलना ७८
८.२ भौगोलिक क्षेत्रफल, जनसङ्ख्या, जिल्ला र स्थानीय तहको सङ्ख्याको आधारमा कार्यक्षेत्र ७९
८.३ सङ्घीय लोक सेवा आयोगको तथ्याङ्कमा सुदूरपश्चिम प्रदेश ८२
८.४ अन्य प्रदेश लोक सेवा आयोगहरूसँग पदपूर्ति सम्बन्धमा तुलनात्मक विवरण ८२

# परिच्छेद- ९

## मुख्य समस्या, आयोगको आगामी कार्य दिशा, ध्यानाकर्षण र सुझावहरू, सुझाव कार्यान्वयनको स्थिति


९.१ पृष्ठभूमि ८५

९.२ विगतका सुझाव कार्यान्वयनको अवस्था ८५

९.३ मुख्य समस्याहरू ८८

९.४ आयोगका सुझावहरू तथा ध्यानाकर्षण ८९

९.५ आयोगको आगामी कार्य दिशा ९३

# अनुसूचीहरू


| | | |
|---|---|---|
| अनुसूची १ | लोक सेवा आयोगको सङ्गठन संरचना र दरबन्दी | ९५ |
| अनुसूची २ | आन्तरिक कार्य विभाजन | ९६ |
| अनुसूची ३ | आयोगको दरबन्दी तथा पदपूर्तिको अवस्था | ९७ |
| अनुसूची ४ | आयोगको भौतिक स्रोत साधनहरूको अवस्था | ९९ |
| अनुसूची ५ | आयोगको विनियोजित बजेट, निकासा र खर्च | १०२ |
| अनुसूची ६ | आयोगबाट सङ्कलित राजस्व र धरौटी | १०४ |
| अनुसूची ७ | आयोगको बेरुजुको अवस्था | १०५ |
| अनुसूची ८ | आयोगबाट स्वीकृत भइ सार्वजनिक गरिएका पाठ्यक्रम | १०६ |
| अनुसूची ९ | प्रश्नपत्र निर्माण र परिमार्जन सम्बन्धी विवरण | ११० |
| अनुसूची १० | आ.व. २०८०/०८१ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका | ११२ |
| अनुसूची ११ | आ.व.२०७९/०८० मा प्रकाशित विज्ञापनका पदहरूको लिखित परीक्षामा उपस्थित सङ्ख्यात्मक विस्तृत विवरण | ११४ |
| अनुसूची १२ | आ.व. २०७९/०८० मा प्रकाशित विज्ञापनका पदहरूको लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएको सङ्ख्यात्मक विस्तृत विवरण | १२२ |
| अनुसूची १३ | आ.व. २०७९/०८० मा प्रकाशित विज्ञापनका पदहरूको अन्तर्वार्ताबाट स्थायी नियुक्तिका लागि छनौट भई सिफारिस भएको सङ्ख्यात्मक विस्तृत विवरण | १३२ |
| अनुसूची १४ | प्रदेश र स्थानीय तहहरूमा सिफारिस गरिएका उम्मेदवारहरूको संख्यात्मक विस्तृत विवरण | १३९ |
| अनुसूची १५ | लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलन | १४२ |
| अनुसूची १६ | प्रदेश लोक सेवा आयोगहरूको तेस्रो सम्मेलन | १४५ |

आयोगका महत्वपूर्ण कार्यका केही तस्बिरहरू १४७

# परिच्छेद १
# लोक सेवा आयोगको विकासक्रम, गठन र कार्यक्षेत्र

## १.१ ऐतिहासिक विकासक्रम

लोक सेवा आयोगले आफ्नो स्थापनाकालको सात दशक व्यतीत गरिसकेको छ। कार्यसम्पादनमा परिपक्वता र उत्कृष्टता हासिल गर्दै यस समयक्रममा आयोग पद्धतिमा आधारित संस्थाको रूपमा स्थापित भएको छ।आयोगको इतिहासको सुरूआत वि.सं.२००४ सालमा जारी भएको नेपाल सरकार वैधानिक कानुनबाट भएको हो। सरकारी सेवामा योग्य व्यक्तिहरूको भर्ना सुनिश्चित गर्ने उद्देश्य सहित उक्त कानुनको धारा ६५ मा दरखास्त परिषद्को व्यवस्था गरिएको थियो । तर उक्त वैधानिक कानुन लागु हुन नसकेको कारण सो परिषद् समेत गठन भइ क्रियाशील हुन सकेन ।

प्रजातन्त्रको स्थापना पश्चात् वि.सं.२००७ सालमा जारी भएको नेपालको अन्तरिम शासन विधानको धारा ६४ मा पब्लिक सर्भिस कमिशनको व्यवस्था गरिएको थियो । उल्लेखित व्यवस्था अनुसार नेपाल पब्लिक सर्भिस कमिशनको विधिवत् स्थापना वि.सं.२००८ साल असार १ गते भएको हो । उक्त विधानको धारा ६७ अनुसार सरकारका “सबै जागीरदारमा भर्नाका निमित्त जाँच गर्नु” कमिशनको उद्देश्य रहेको थियो । जाँच गर्नुका अलावा विधानमा निजामती जागीरदारको भर्ना गर्ने तरिका, नियुक्ति, सरूवा र बढुवा गर्ने सिद्धान्त एवम् अनुशासन सम्बन्धी सबै विषयमा पब्लिक सर्भिस कमिशनको सल्लाह लिनु पर्ने व्यवस्था गरिएको थियो। तर श्री ५ बाट कमिशनसँग सल्लाह लिन आवश्यक छैन भनी नियमद्वारा तोकेमा सोही बमोजिम हुने व्यहोराको क्षेत्राधिकार सीमित पार्न सक्ने व्यवस्था समेत विधानमै उल्लेख गरिएको थियो।

नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ५९ मा लोक सेवा आयोगको व्यवस्था गरी धारा ६० मा सरकारको सबै सेवा वा पदमा भर्नाका निमित्त जाँच गर्ने कर्तव्य तोकिएको थियो । निजामती सेवाका पदमा भर्ना गर्ने तरिका, नियुक्ति, सरूवा र बढुवा गर्दा उम्मेदवारको विषयमा विचार गर्ने सिद्धान्तका विषयमा तथा निजामती कर्मचारीको अनुशासन लगायतका विषयमा आयोगको परामर्श लिनु पर्ने व्यवस्था गरिएको थियो। यद्यपि, श्री ५ बाट आयोगसँग परामर्श लिन आवश्यक छैन भनी नियमद्वारा तोकेमा सोही बमोजिम हुने व्यहोराको स्वैच्छिक प्रबन्ध समेत सो संविधानमा समावेश गरियो ।

नेपालको संविधान २०१९ को धारा ७८ मा निजामती सेवाका सर्त सम्बन्धी कानुन, नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, सेवा परिवर्तन, विभागीय सजाय लगायतका विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था गरिएको थियो । त्यस्तै निजामती सेवाको पदमा लोक सेवा आयोगको परामर्श विना नयाँ भर्नाद्वारा स्थायी नियुक्ति भएको कुनै पनि व्यक्तिले निवृत्तभरण नपाउने व्यवस्था गर्नुका साथै संविधानमा वि.सं. २०२३ मा भएको पहिलो संशोधनबाट

सङ्गठित संस्थाका कर्मचारीको सेवा सर्त सम्बन्धी नियम र त्यस्तो संस्थाको सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्ने प्रावधान समेत थप भयो । साविकका संविधानमा भएको श्री ५ बाट लोक सेवा आयोगको परामर्श लिन आवश्यक छैन भनी नियमद्वारा तोक्न सक्ने संविधानको व्यवस्था यस संविधानमा समावेश गरिएन।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०२ मा निजामती सेवाको पदमा नियुक्तिको निमित्त उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरू सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य तोकिएको थियो भने निजामती सेवाको निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति नगरिने व्यवस्था गरियो । निजामती सेवाको सर्त सम्बन्धी कानुनको विषयमा, निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा, सेवा परिवर्तन गरी सरूवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा र कुनै पनि निजामती कर्मचारीलाई दिइने विभागीय सजाय लगायतका विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था थियो । नेपालको संविधान, २०१९ ले लोक सेवा आयोगलाई प्रदान गरेको सङ्गठित संस्थाको पदपूर्ति तथा विभागीय कारबाही सम्बन्धी अधिकार यस संविधानमा समावेश गरिएन।

नेपालको अन्तरिम संविधान, २०६३ मार्फत लोक सेवा आयोगलाई साविककै काम, कर्तव्य तथा परामर्श सम्बन्धी अधिकार प्रदान गरिएको थियो । सङ्गठित संस्थाको पदपूर्ति तथा विभागीय कारबाहीका सम्बन्धमा त्यस्तो संस्थाले चाहेमा लोक सेवा आयोगले परामर्श दिनुपर्ने भन्ने उल्लेख गरी कमजोर रूपमै भए पनि अधिकार क्षेत्र पुनः स्थापित गर्ने प्रयत्न भएको देखिन्छ । यसका साथै सैनिक सेवा, सशस्त्र प्रहरी सेवा वा प्रहरी सेवाका पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था समेत यस संविधानमा समावेश गरियो ।

नेपालको संवैधानिक विकासक्रमको सात दशकको इतिहासमा पहिलो पटक वि.सं.२०७२ मा संविधानसभाबाट निर्मित नेपालको संविधानमा नेपालको सङ्घीय संरचना अनुरूप केन्द्रमा लोक सेवा आयोग तथा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोगको प्रबन्ध गरिएको छ। प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने र उक्त आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने तथा उक्त कानुनको प्रयोजनको लागि सङ्घीय संसदले कानुन बनाइ आधार र मापदण्ड निर्धारण गर्ने प्रावधान नेपालको संविधानले गरेको छ।

## १.२ प्रदेश लोक सेवा आयोगको गठन

नेपालको संविधानको धारा २४४ को उपधारा (२) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ। प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण)

ऐन, २०७५ लाई आत्मसात गर्दै आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ सुदूरपश्चिम प्रदेशको प्रदेश सभाबाट मिति २०७६ साल साउन १० गते पारित भइ प्रदेश प्रमुखबाट मिति २०७६ साल साउन १५ गते प्रमाणीकरण भइ लागु भएको हो।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा (३) बमोजिम मिति २०७७ साल चैत ९ गते आयोगका पदाधिकारीहरूको नियुक्ति भए पछि प्रदेश लोक सेवा आयोगको गठन भइ आयोगले पूर्णता पाएको हो। माननीय प्रदेश प्रमुखज्यू समक्ष मिति २०७७ साल चैत्र १८ गते प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४ को उपदफा (३) बमोजिम आयोगका अध्यक्ष श्री यज्ञराज बोहराले प्रदेश प्रमुखज्यूको कार्यालयमा एक औपचारिक सामारोह बीच शपथग्रहण गर्नु भएको र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४ को उपदफा (३) बमोजिम माननीय प्रदेश प्रमुखज्यूको समुपस्थितिमा आयोगका अध्यक्ष समक्ष आयोगका सदस्य श्री लक्ष्मण बहादुर खड्का र श्री भागरथी रानाले शपथग्रहण गर्नु भएको थियो ।

## १.३ आयोगको काम, कर्तव्य र अधिकार

सुदूरपश्चिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७ मा व्यवस्था भए बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय अनुसार निर्धारण गरेको छः-

(१)प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ ।

(२)प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको पद बाहेक प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान ब्यूरो, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(३)प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान ब्यूरो, प्रदेश अन्य सरकारी सेवाको पद, प्रदेश सङ्गठित संस्थाको सेवाको पद, स्थानीय सरकारी सेवाको पद तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श विना गरिने छैन ।

(४)देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा, सर्त सम्बन्धी कानुनको विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा,

(घ) प्रदेश प्रहरी तथा प्रदेश अनुसन्धान ब्यूरो सेवाको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ङ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरूवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा र

(च) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

(५) उपदफा (१) (२) (३) (४) मा उल्लिखित काम, कर्तव्य र अधिकार साथै अन्य काम, कर्तव्य र अधिकारको प्रयोग देहायको अधार र मापदण्ड बमोजिम गर्नु पर्नेछः-

(क) लोक सेवा आयोग सम्बन्धी प्रचलित कानुनी व्यवस्थाको आधारभूत मान्यता र सिद्धान्त।

(ख) विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनौटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरूको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन उत्तरपुस्तिकामा सङ्केत नम्बरको प्रयोग, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारबाही सम्बन्धमा लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्ड ।

(६) आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्नेछ र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत प्रदेश सभा समक्ष पेश गर्न लगाउनेछ ।

## १.४ आयोगको सेवागत क्षेत्र

### १.४.१ प्रदेश निजामती सेवा

प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान ब्यूरो र प्रदेश अन्य सरकारी सेवा तथा प्रदेश निजामती सेवा होइन भनी प्रदेश कानुनद्वारा तोकिएको सेवा बाहेकको प्रदेश सरकारको सेवाहरू।

### १.४.२ प्रदेश प्रहरी सेवा

प्रदेश कानुन बमोजिम गठन भएको प्रदेश प्रहरी सेवा।

### १.४.३ प्रदेश अनुसन्धान ब्यूरो

प्रदेश कानुन बमोजिम गठन भएको प्रदेश अनुसन्धान ब्यूरो।

### १.४.४ प्रदेश अन्य सरकारी सेवा

प्रदेश निजामती र प्रहरी सेवा बाहेक प्रदेश कानुन बमोजिम गठन भएका प्रदेश सरकारका अन्य सरकारी सेवा।

### १.४.५ प्रदेश सङ्गठित संस्थाको सेवा

पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैङ्क, समिति वा प्रदेश कानुन बमोजिम स्थापित वा प्रदेश सरकार द्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् वा यस्तै प्रकृतिका अन्य सङ्गठित संस्थाहरू।

### १.४.६ स्थानीय सरकारी सेवा

संविधानको धारा २८५ को उपधारा (३) बमोजिम गाउँकार्यपालिका र नगरपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुन बमोजिम गठन र सञ्चालन गर्ने विभिन्न सरकारी सेवा ।

### १.४.७ स्थानीय तहको सङ्गठित संस्थाको सेवा

पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जमानतमा स्थानीय तहको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैङ्क, समिति वा स्थानीय कानुन बमोजिम स्थापित वा स्थानीय सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् वा यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था ।

## १.५ आयोगका प्रमुख कार्यहरू

(क) आयोगको नियमावली, कार्यसञ्चालन निर्देशिका, आचारसंहिता, मापदण्ड निर्माण तथा परिमार्जन,

(ख) दक्ष/विज्ञहरूको सूची तयार,

(ग) पाठ्यक्रम तर्जुमा,

(घ) शैक्षिक योग्यता निर्धारण,

(ङ) पदपूर्तिका लागि विज्ञापन,

(च) प्रश्नपत्र निर्माण र परिमार्जन,

(छ) परीक्षा सञ्चालन,

(ज) उत्तरपुस्तिका परीक्षण तथा रूजु,

(झ) लिखित परीक्षा नतिजा प्रकाशन,

(ञ) अन्तर्वार्ता तथा सिफारिस,

(ट) परामर्श सम्बन्धी कार्य,

(ठ) बढुवा र विभागीय कारबाही सम्बन्धी कार्य,

(ड) निरीक्षण र अनुगमन,

(ढ) समन्वय र सहयोग,

(ण) सामान्य सिद्धान्तको निर्माण,

(त) वार्षिक प्रतिवेदन पेश गर्ने,

(थ) अनुसन्धनात्मक तथा प्रवर्द्धनात्मक कार्य ।

## १.६ वार्षिक प्रतिवेदन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६६ को उपदफा (१) मा आयोगले दफा ७ को उपदफा (६) बमोजिमको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्नेछ र सो प्रतिवेदनमा देहायका विषयहरू उल्लेख गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । उक्त कानुनी व्यवस्था बमोजिम आयोगले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन तयार गरी माननीय प्रदेश प्रमुखज्यू समक्ष प्रस्तुत गरिएको छः-

क) उम्मेदवार छनौट गर्न लिएको परीक्षा र परीक्षामा उत्तीर्ण परीक्षार्थी सम्बन्धी,

ख) विभिन्न निकायलाई दिएको परामर्श र परामर्श बमोजिम काम भए नभएको सम्बन्धी,

ग) प्रदेश सेवाका पदमा बहाल रहेका कर्मचारीहरूको सेवा सर्त सम्बन्धी कानुनको सिद्धान्तको विषयको परामर्श सम्बन्धी,

घ) प्रदेश सरकारमा बहाल रहेका कर्मचारीलाई विभागीय कारबाही र सजाय गर्दा दिएको परामर्श र परामर्श बमोजिम काम भए नभएको सम्बन्धी,

ङ) विभिन्न सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको बारेमा दिएको परामर्श सम्बन्धी,

च) प्रदेश सेवाको सुधार गर्नु पर्ने विषय लगायत आयोगले आवश्यक देखेका अन्य विषय।

# परिच्छेद २
# आयोगको कार्यसम्पादनका आधारहरू

## २.१ संविधान

नेपालको संविधानको भाग २३, धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था गरिएको छ। उक्त संबैधानिक व्यवस्था बमोजिम सङ्घीय संसदले प्रदेश लोक सेवा आयोगको (आधार र मापदण्ड) निर्धारण ऐन, २०७५ बनाइ प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र मापदण्ड निर्धारण गरेको छ। सङ्घीय संसदबाट बनेको उक्त ऐन बमोजिम प्रदेश सभाबाट प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित भइ लागु भएको छ।प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बनेपछि प्रदेश लोक सेवा आयोग गठन भइ आयोगलाई तोकिएको जिम्मेवारी निर्वाह गर्दै हाल प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका रिक्त पदहरूमा पदपूर्तिको कार्य भैरहेको छ।

## २.२ कानुनहरू

आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा अवलम्वन गर्ने प्रचलित मुख्य कानुन एवम् कार्यविधिहरूको सूची देहाय अनुसार छः-

- निजामती सेवा ऐन, २०४९
- निजामती सेवा नियमावली, २०५०
- स्वास्थ्य सेवा ऐन, २०५३
- स्वास्थ्य सेवा नियमावली,२०५५
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- कर्मचारी समायोजन ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६
- प्रदेश लोक सेवा आयोग नियमावली, २०७८
- सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९
- प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन निर्देशिका), २०८०
- प्रदेश लोक सेवा आयोग परीक्षा दस्तुर एवम् खर्च व्यवस्थापन मापदण्ड, २०७८
- प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवम् विषयविज्ञ/विशेषज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७८
- प्रदेश लोक सेवा आयोगका बैठक सञ्चालन कार्यविधि, २०७८
- वन रक्षक पदको शारीरिक परीक्षण तथा तन्दुरूस्ती परीक्षाको लागि आवश्यक जनशक्ति, कार्यचरण तथा खर्च व्यवस्थापन मापदण्ड, २०७९

- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू,
- लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरू
- प्रदेश लोक सेवा आयोगका समय-समयका निर्णयहरू
- अन्य प्रचलित कानुनहरू।

## २.३ आयोगको कार्यक्षेत्र

गुणस्तरीय सेवा प्रवाहका लागि योग्य र सक्षम जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सुशासन प्रवर्द्धनमा सहयोग गर्न गठन भएको प्रदेश लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान ब्यूरो, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा पदपूर्ति गर्ने कार्य जिम्मेवारी रहेको छ। प्रदेश सरकारका मन्त्रालय, विभाग, निर्देशनालय, कार्यालय र स्थानीय तह आयोगको कार्यक्षेत्र भित्र पर्दछ।

## २.४ सङ्गठनात्मक संरचना

सुदूरपश्चिम प्रदेश सरकारबाट स्वीकृत आयोगको अस्थायी सङ्गठन संरचना र दरबन्दी बमोजिम आयोगमा एघारौं तहको सचिव सहित कुल ४५ जनाको दरबन्दी रहेको छ। हाल यस आयोगमा आयोगका पदाधिकारी तथा २७ जना कर्मचारीहरूबाट कार्यसम्पादन भइरहेको छ । आयोगको सङ्गठन संरचना र कर्मचारीको दरबन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुने कानुनी व्यवस्था रहेको तथा सङ्गठन संरचना अनुसार ३ वटा महाशाखा र १० वटा शाखाहरू रहेका छन्। आयोगको अस्थायी सङ्गठन संरचना र दरबन्दी सम्बन्धी विस्तृत विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ।

## २.५ आयोगबाट कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू

चित्र - १



आयोगले कार्यसम्पादन गर्दा स्वतन्त्र, निष्पक्ष तथा स्वच्छताको आधारमा योग्यता प्रणालीलाई प्रमुख प्राथमिकता दिइ देहाय बमोजिमका सिद्धान्तहरू अवलम्बन गरिरहेको छ । यसरी योग्यता, स्वच्छता र निष्पक्षताको जगमा उत्कृष्टताको मापन गरी प्रदेश सरकार र स्थानीय तहहरूलाई चाहिने जनशक्तिको छनौट तथा सिफारिस गर्ने कार्यमा प्रदेश लोक सेवा आयोग प्रतिबद्ध भइ कार्य सम्पादन गर्नु आयोगको दायित्व हुन्छ । लोक सेवा आयोगका देहाय बमोजिमका स्थापित सिद्धान्तहरूलाई प्रदेश लोक सेवा आयोगले अनुसरण गरी कार्य सम्पादन गर्दै आएको छ।

**२.५.१ योग्यताको सिद्धान्त (Principle of Merit)**

आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा उत्कृष्ट कार्यसम्पादन गर्न सक्ने ज्ञान, सीप, क्षमता, योग्यता र दक्षताका आधारमा अब्बल हुने उम्मेदवारलाई स्थायी नियुक्तिका लागि सिफारिस गरिन्छ।

**२.५.२ गोपनीयताको सिद्धान्त (Principle of Confidentiality)**

आयोगले तोकेका विषयहरू बाहेक आयोगबाट सञ्चालन हुने परीक्षा सम्बन्धी सबै कार्यहरूमा गोपनीयता कायम गरिन्छ |

**२.५.३ स्वच्छताको सिद्धान्त (Principle of Fairness)**

आयोगका सम्पूर्ण काम कारबाहीमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ। आयोगले लिने निर्णयहरू र आयोगबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र वस्तुगत बनाउन आवश्यक संस्थागत, संरचनागत एवम् कार्यविधिगत प्रबन्ध गरिन्छ।

**२.५.४ निष्पक्षताको सिद्धान्त (Principle of Impartiality)**

लिखित तथा मौखिक परीक्षामा प्रतिस्पर्धा गराई भनसुन तथा दवाव जस्ता क्रियाकलापलाई अस्वीकार गर्दै विना भेदभाव आयोगका सबै क्रियाकलापमा निष्पक्षता र स्वच्छता कायम गरिन्छ। आयोगका निर्णय र परीक्षा सम्बन्धी काम कारबाहीबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजकता अपनाइन्छ भने कुनै पनि ढङ्गले कसैलाई पनि पक्षपात हुन नसकिने गरी पद्धति कायम गरिएको छ ।

**२.५.५ समावेशीताको सिद्धान्त (Principle of Inclusiveness)**

पदपूर्तिका लागि आयोगमा माग प्राप्त भएका पदहरू राज्यको समावेशीकरण नीति बमोजिम प्रतिशत निधारण गरी सम्बन्धित समूहका उम्मेदवारबीच मात्र प्रतिस्पर्धा हुने गरी पदपूर्ति गरिन्छ । लोक सेवा आयोग ऐन, २०७६ को दफा ३७ बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गर्ने प्रावधान रहेको छ ।

**२.५.६ समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity)**

आयोगबाट हुने विज्ञापनमा सम्बन्धित पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पँहुच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाइन्छ । सम्बन्धित विज्ञापनका लागि तोकिएको योग्यता पुग्ने सबैलाई दरखास्त पेस गर्न समान अवसर प्रदान गरिन्छ।

### २.५.७ द्विअन्ध सिद्धान्त (Principle of Double Blind)

पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विषयविज्ञ वा विशेषज्ञ कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणहरूमा संगलन गराईदैन र जानकारी समेत दिइँदैन । उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन उम्मेदवारको उत्तरपुस्तिका परीक्षण गरेको हो, थाहा हुँदैन । प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको हो भन्ने बारेमा पूर्णतया अनभिज्ञ रहन्छ। अन्तर्वार्ता समितिका सदस्यहरू समेत अन्तर्वार्ता दिदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्कका बारेमा पूर्णतः अनभिज्ञ रहन्छन्। त्यस्तै आयोगका हरेक महाशाखाहरूलाई विशिष्टिकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ। कुनै महाशाखा/शाखाको कार्य सम्पादनमा अर्को महाशाखा/शाखाको प्रत्यक्ष पँहुच र संलग्नता रहँदैन।

### २.५.८ परिचय-शून्यताको सिद्धान्त (Principle of Identity Masking)

लिखित परीक्षा सकिएपछि आयोगले उत्तरपुस्तिका परीक्षण गराउनु अगावै उम्मेदवारले उत्तरपुस्तिकामा लेखेको सबै व्यक्तिगत विवरणहरूलाई दोहोरो सङ्केतीकरण (Double Coding) गरी उत्तर पुस्तिकाबाट अलग गराइ कोड परिचय कायम गरिन्छ। यसो गर्दा विज्ञ तथा कर्मचारीले उक्त उत्तर पुस्तिका कसको हो भन्ने कुरा थाहा पाउँदैनन्। यो प्रक्रिया अन्तिम नतिजा प्रकाशनको प्रक्रिया बाहेक सबै चरणमा कायम हुन्छ। यसबाट उत्तरपुस्तिकाको निष्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ। त्यस्तै उत्तरपुस्तिका परीक्षण पश्चात् वैयक्तिक पहिचान विहीन रूपमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ। अन्तर्वार्ता लगायत छनौट प्रक्रियाका सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरे पश्चात् मात्र छनौट हुने उम्मेदवारको वैयक्तिक पहिचान विसङ्केतीकरण (Decoding) प्रक्रिया मार्फत पत्ता लगाइन्छ ।

### २.५.९ असंलग्नताको सिद्धान्त (Principle of Non-Involvement)

आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार संलग्न भएको अवस्थामा त्यस्ता पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त परीक्षाको सबै प्रक्रियाबाट अलग राखिन्छ, संलग्न गराइदैन ।

## २.६ कार्यसम्पादन प्रक्रिया र कार्य प्रवाह

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान ब्यूरो, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको विभिन्न पदहरूमा उपयुक्त उम्मेदवार छनौट गरी पदपूर्ति सम्बन्धी सम्पूर्ण कार्य गर्न आयोगले अवलम्बन गर्ने कार्य प्रक्रिया देहाय बमोजिम उल्लेख गरिएको छः-

## चित्र - २
## पदपूर्ति सम्बन्धी कार्यप्रवाह



माथिको चित्र २ मा उल्लिखित कार्यहरूको सङ्क्षिप्त परिचय तल प्रस्तुत गरिएको छः-

### २.६.१ वार्षिक कार्यतालिका

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका लागि आयोगबाट पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका तयार गरी लागु गरिन्छ ।आर्थिक वर्ष २०८०/०८१ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका मिति २०८०/०४/०१ गते देखि लागु हुने गरी सार्वजनिक गरिएको र सोही अनुसार पदपूर्ति सम्बन्धी कार्यहरू अगाडि बढाइएको थियो।

### २.६.२ माग सङ्कलन

वार्षिक कार्यतालिका प्रकाशित भएपछि कार्यतालिका अनुरूपको कार्य अघि बढाउन सेवा सञ्चालन गर्ने मन्त्रालय तथा निकाय र स्थानीय तहहरूबाट रिक्त पदहरूको माग आकृति फारम सङ्कलन गर्ने । वार्षिक कार्यतालिका अनुसार विज्ञापन हुने महिनाको सुरूमै माग सङ्कलन कार्य गरी पदपूर्ति गर्नुपर्ने पदहरूको पहिचान गरिन्छ।

### २.६.३ प्रतिशत निर्धारण

सेवा सञ्चालन गर्ने मन्त्रालय तथा निकाय र स्थानीय तहहरूबाट रिक्त पदहरूको माग आकृति फारम प्राप्त भएपछि विज्ञापन प्रकाशन गर्नु अघि प्रचलित कानुनको अधीनमा रही प्रतिशत निर्धारण गरिन्छ ।

### २.६.४ विज्ञापन प्रकाशन

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा कानुन बमोजिम प्रतिशत निर्धारण गरी बढुवा, आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी समूहहरूमा पदसङ्ख्या छुट्याइ आयोगबाट विज्ञापन प्रकाशन गरी दरखास्त आव्हान गरिन्छ।

### २.६.५ दरखास्त सङ्कलन

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्याद भित्र प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा तर्फका खुला, अन्तर तह, आन्तरिक प्रतियोगितात्मक परीक्षा र बढुवा सम्बन्धी विज्ञापन प्रकाशन गरी दरखास्त सङ्कलन गरिन्छ।

### २.६.६ लिखित परीक्षा

विज्ञापन प्रकाशन भएसँगै विज्ञापित पदहरूको परीक्षा सञ्चालनको लागि विज्ञहरूको सेवा लिई प्रश्नपत्र तयार गरिन्छ । प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विज्ञापित पदका लागि तोकिएको मितिमा आयोगले लिखित परीक्षा सञ्चालन गर्दछ।

### २.६.७ उत्तरपुस्तिका सङ्केतीकरण

लिखित परीक्षा सम्पन्न भएपछि सम्बन्धित उम्मेदवारहरूको उत्तरपुस्तिकामा प्रथम र द्वितीय सङ्केत नम्बर राखी सङ्केतीकरण गरिन्छ र उम्मेदवारको व्यक्तिगत विवरण उत्तरपुस्तिकाबाट अलग गरी सिलबन्दी रूपमा अलग अलग स्थानमा राखिन्छ।

### २.६.८ उत्तरपुस्तिका परीक्षण

द्वितीय सङ्केतीकरण गरिएका उत्तरपुस्तिकाहरू सम्बन्धित विषयका दक्ष विज्ञबाट र OMR उत्तरपुस्तिकाहरू OMR प्रविधिबाट परीक्षण गरिन्छ ।

### २.६.९ लिखित परीक्षा नतिजा, अन्तर्वार्ता र सिफारिस

क) दक्ष / विज्ञहरू वा ओ.एम.आर प्रविधिबाट उत्तरपुस्तिका परीक्षण गर्ने कार्य सम्पन्न भएपछि माग पदभन्दा नियमानुसार निश्चित सङ्ख्या थप गरी अधिकतम् अङ्क प्राप्त गर्ने उम्मेद्वारको मात्र नाम डिकोड गरी लिखित परीक्षाको नतिजा वर्णानुक्रमका आधारमा प्रकाशन गरिन्छ।

ख) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरूको सम्बन्धित पदको पाठ्यक्रम योजना बमोजिमका प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता सञ्चालन गरिन्छ ।

ग) लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता समेतको प्राप्ताङ्कको कुल योगका आधारमा अधिकतम् अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई कार्यालय रोजाइ स्थायी नियुक्तिको लागि सिफारिस गरिन्छ ।

### २.६.१० कार्य विभाजन

आयोगको कार्यसम्पादनको लागि प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ८ मा भएको व्यवस्था बमोजिम पदाधिकारीहरूको कार्य विभाजन गरिएको छ। कार्य विभाजनको विवरण अनुसूची -२ मा रहेको छ ।

### २.६.११ अधिकार प्रत्यायोजन

प्रदेश लोक सेवा आयोग ऐन,२०७६ को दफा ७६ को उपदफा (१) मा आयोगले यस ऐन बमोजिमको आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम कर्तव्य र अधिकार अध्यक्ष, सदस्य वा आयोगको कुनै कार्यालय वा आयोगको वा प्रदेश सरकारको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ । सोही व्यवस्था बमोजिम आयोगका अध्यक्ष, सदस्य र कर्मचारीहरूलाई अधिकार प्रत्यायोजन गरी कार्य सम्पादन हुँदै आएको छ ।

### २.६.१२ काम कारबाही बदर गर्न सक्ने

प्रदेश लोक सेवा आयोग ऐन,२०७६ को दफा ५५ बमोजिम संविधान, यो ऐन र अन्य प्रचलित कानुन बमोजिम आयोगको परामर्श लिनुपर्ने विषयमा आयोगको परामर्श नलिई काम कारबाही भए गरेमा आयोगले त्यस्तो काम कारबाही बदर गर्न सक्नेछ भन्ने कानुनी व्यवस्था रहेको छ। उक्त कानुनी व्यवस्था बमोजिम गर्न गराउन सरोकारवालाहरूलाई पत्राचार गरिएको छ।

### २.६.१३ अनुगमन तथा निरीक्षण गर्न सक्ने

प्रदेश लोक सेवा आयोग ऐन,२०७६ को दफा ६५ (१) बमोजिम प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय, कार्यालय, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाहरू, स्थानीय तह र स्थानीय तहको सङ्गठित संस्थाले नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा यो ऐन र अन्य प्रचलित कानुन बमोजिम तथा आयोगले समय समयमा तोकेको कार्यविधि र सर्त बमोजिम भएको छ वा छैन भन्ने सम्बन्धमा आयोगले निरीक्षण गर्न वा गराउन सक्नेछ भन्ने व्यवस्था अनुसार अनुगमन तथा निरीक्षण गर्ने कार्य गरिएको छ।

## २.७ सङ्गठनात्मक कार्यविवरण

सुदूरपश्चिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बाट निर्देशित काम, कर्तव्य र अधिकारको प्रभावकारी कार्यान्वयनको लागि यस आयोगका महाशाखा, शाखा तथा इकाइहरूले सम्पादन गर्ने कार्य जिम्मेवारीलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः-

**प्रशासन तथा योजना महाशाखा**

- आयोगको आन्तरिक, सामान्य तथा कर्मचारी प्रशासन र जनसम्पर्क।
- आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण तथा सुधार।
- वार्षिक योजना तयारी, कार्यान्वयन तथा प्रतिवेदन सम्बन्धी।
- बजेट तयार गर्ने, लेखा सञ्चालन गर्ने, नगदी, जिन्सी, राजश्व आदिको दुरूस्त हिसाब राख्ने र लेखा परीक्षण।
- स्वीकृत दरबन्दी रिक्त रहे वा नरहेको, रिक्त रहेको भए कानुन बमोजिम माग भए वा नभएको, कानुन बमोजिम नियुक्ति, सरूवा, बढुवा भए नभएको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी।
- लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगसँग समन्वय।
- आयोगको वार्षिक प्रतिवेदन, पत्रिका, बुलेटीनहरूको तयारी तथा प्रकाशन।
- विभिन्न सेवा समूह उपसमूहका पदहरूको प्रतिशत निर्धारण सम्बन्धी कार्य।
- आयोगका कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन, बढुवा, काज, सहमति, बिदा सम्बन्धी कार्य।

- विज्ञापन प्रकाशनका लागि आवश्यक पर्ने पाठ्यक्रम र न्यूनतम योग्यता सम्बन्धमा आवश्यक समन्वय गर्ने।
- सचिवको निर्देशनमा अन्य कार्य गर्ने।

**प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा**

- आयोगको सामान्य प्रशासन तथा कर्मचारी प्रशासन।
- आयोगको आवश्यकतानुसार प्रशासकीय सर्वेक्षण गरी गराइ प्रतिवेदन तयार गर्ने र स्वीकृत सिफारिसहरू कार्यान्वयन गर्ने/गराउने।
- आयोगको बैठक सञ्चालन सम्बन्धी काममा सहयोग।
- स्वीकृत दरबन्दी रिक्त रहे वा नरहेको, रिक्त रहेको भए कानुन बमोजिम माग भए वा नभएको, कानुन बमोजिम नियुक्ति, सरूवा, बढुवा भए नभएको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी कार्यको व्यवस्थापन गर्ने।
- आयोगको गोष्ठीहरू सञ्चालन गर्ने।
- सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने सूचना तथा जानकारीहरू तोकिएको समयमा नै प्रकाशन गर्ने।
- कानुन बमोजिम माग भए अनुसारका विवरणहरू प्रवक्ता तथा सूचना अधिकारीबाट समयमै उपलब्ध गराउने ।
- खुला तथा बढुवाबाट पूर्ति गरिने पदहरूको माग सङ्कलन, प्रतिशत निर्धारण, विज्ञापन गर्ने तथा परीक्षा सम्बन्धी कार्यक्रम समेत तयार गर्ने र विज्ञापन तथा सूचना प्रकाशित गर्ने।
- प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी प्राप्त तथ्याङ्कहरूको अभिलेख तयार गर्ने।
- विभिन्न पदहरूका पाठ्यक्रम, दरखास्त फाराम, बुलेटिन, पत्रिका र आयोगबाट प्रकाशन गरिनु पर्ने अन्य सामग्रीहरू प्रकाशित गर्ने।
- आयोगका विज्ञापन र सूचनाहरूको प्रचार प्रसार सम्बन्धी व्यवस्था मिलाउने।
- विज्ञापन प्रकाशनका सन्दर्भमा सम्बन्धित आवश्यक विभिन्न पदको न्यूनतम शैक्षिक योग्यता र पाठ्यक्रम सम्बन्धी कार्य जिम्मेवार शाखासँगको समन्वयमा यकिन गर्ने।
- आयोग वार्षिक प्रतिवेदन तयारीको कार्य गर्ने/गराउने।
- सूचनाको हक सम्बन्धी ऐन/नियमले तोकिए अनुसारका सूचना प्रकाशन गर्ने।
- आयोगको कार्य सम्बन्धी जनचेतनामूलक सूचना तयार गरी प्रचार प्रसार गर्ने ।
- पुनर्योगको लागि पर्न आएका निवेदन सङ्कलन गरी सम्बन्धित शाखामा पठाउने।
- निर्दिष्ट गरिएका अन्य कार्यहरू गर्ने।

**दर्ता चलानी तथा सोधपुछ कक्ष**

- अन्यत्र कार्यालयबाट प्राप्त चिठ्ठी पत्रहरू दर्ता गर्ने तथा कार्यालयबाट अन्यत्र पठाउने पत्रहरू चलानी गर्ने।
- प्राप्त पत्रहरू सम्बन्धित महाशाखा, शाखामा पुऱ्याई भर्पाइ गरी राख्ने।
- पत्रको प्राथमिकता र प्रकृति अनुसार प्राथमिकताको छाप लगाउने।
- जनसम्पर्क सम्बन्धी कार्य गर्ने।
- आयोग र आयोग सम्बन्धी कार्यका विषयमा सोधनी गर्नेलाई जानकारी दिने।
- आफूले जानकारी दिन सक्ने विषय आफैले र नसक्ने विषयमा जानकारीका लागि सम्बन्धित शाखा वा पदाधिकारी समक्ष पठाउने।
- टेलिफोन कल प्राप्त गर्ने र सम्बन्धित शाखा महाशाखामा ट्रान्सफर गर्ने।

**जिन्सी एकाइ**

- आयोगको आन्तरिक प्रशासन सम्बन्धी कार्य गर्ने।
- खरिद योजना तयारी, जिन्सी व्यवस्थापन तथा अभिलेख व्यवस्थापन।
- आयोगका चल अचल सम्पत्तीहरूको सुरक्षा तथा सम्भार।
- जिन्सी सामग्रीको आपूर्ति तथा वितरणको व्यवस्था मिलाउने।
- जिन्सी निरीक्षण प्रतिवेदन पेश गर्ने।

**नीति नियम तथा कानुन शाखा**

- प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानुन तथा सेवा परिवर्तन सम्बन्धी विषयमा परामर्श सम्बन्धी कार्य।
- ऐन बमोजिम नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श सम्बन्धी कार्य।
- कर्मचारीको सेवाका सर्त सम्बन्धी प्रचलित कानुन र त्यस्तो सेवाका पदको नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श।
- प्रदेश निजामती तथा स्थानीय सरकारी सेवाका कर्मचारीको बढुवा उजुरी, रिट निवेदनका लिखित जवाफ सम्बन्धी कार्य।
- आयोगलाई कानुनी परामर्श दिने, आयोगको ऐन, नियम, निर्देशिका, कार्यविधि आदिको तर्जुमा।
- प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका सर्त तथा सुविधा, सरूवा, बढुवा, सेवा परिवर्तन तथा विभागीय सजाय आदि विषयमा नीति निर्धारण सम्बन्धी कारबाही गर्ने।
- आयोगको कार्यविधि सम्बन्धमा राय सुझाव पेश गर्ने।

- प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानुन/नियमहरूको संशोधन सम्बन्धमा आयोगको निर्णयानुसार राय, परामर्श दिने।
- आयोगको अधिकार प्रत्यायोजन सम्बन्धमा राय सुझाव पेश गर्ने र प्रत्यायोजित अधिकारको प्रभावकारिता सम्बन्धमा अध्ययन विश्लेषण गर्ने।
- सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने सूचना तथा जानकारीहरू प्रशासन तथा सूचना प्रकाशन शाखामा तोकिएको समयावधि भित्रै उपलब्ध गराउने।
- प्रवक्ता तथा सूचना अधिकारीबाट कानुन बमोजिम माग भए अनुसारका विवरणहरू समयमै उपलब्ध गराउने।
- एक सेवा, समूह वा उपसमूहबाट अर्को सेवा, समूह वा उपसमूहमा सेवा परिवर्तनका लागि नीति निर्धारण गर्न राय पेश गरी आयोगको स्वीकृति बमोजिम आवश्यक कारबाही गर्ने।
- प्रदेश निजामती तथा स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजाय सम्बन्धमा आयोगबाट स्वीकृत भए बमोजिम परामर्श तयार गर्ने।
- प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका पदहरूको नियुक्ति, बढुवा तथा सेवा सर्त सम्बन्धी उजुरीहरूमा आवश्यक कारबाही गर्ने।
- आयोगलाई विपक्षी बनाइ अदालतमा परेको रिट निवेदन सम्बन्धमा आवश्यक कारबाही गर्ने।
- आयोगको काम कारबाहीको सम्बन्धमा आवश्यक कानुनी राय सल्लाह उपलब्ध गराउने।
- निर्दिष्ट गरिएका अन्य कार्यहरू गर्ने।

**पाठ्यक्रम तथा परीक्षण प्रविधि शाखा**

- आयोगबाट हुने परीक्षाहरूको लागि पाठ्यक्रम, परीक्षण प्रविधि, अनुसन्धान तथा विकास।
- प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको विभिन्न पक्षमा अनुसन्धानात्मक अध्ययन विश्लेषण र विकास।
- आयोगको कामसँग सम्बन्धित विभिन्न पक्षको अध्ययन तथा अनुसन्धान।
- विभिन्न सेवा समूह र उपसमूहका पदहरूको न्यूनतम शैक्षिक योग्यता र समकक्षता निर्धारण।
- मनोवैज्ञानिक व्यक्तित्व एवम् आचरण परीक्षण सम्बन्धी।
- लिखित परीक्षाको पाठ्यक्रम निर्माण तथा परिमार्जनको व्यवस्था गर्ने।
- प्रत्यायोजित अधिकार अन्तर्गतका पदहरूको लागि लिइने परीक्षाका पाठ्यक्रम निर्माण सम्बन्धी व्यवस्था गर्ने ।
- प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको पाठ्यक्रममा आइपर्ने समस्या समाधानमा सुझाव दिने।

- पाठ्यक्रमको उपयुक्तता, सामयिकता र प्रभावकारीता सम्बन्धी अध्ययन विश्लेषण गर्ने।
- पाठ्यक्रम सम्बन्धमा विभिन्न क्षेत्रसँग सम्पर्क राखी सो सम्बन्धमा सुझाव तथा प्रतिक्रिया लिने।
- पाठ्यक्रमको मूल्याङ्कन र अनुगमन गर्ने।

**आर्थिक प्रशासन शाखा**

- चालु, पूँजीगत र विकास बजेट तयार गर्ने।
- लेखा सञ्चालन, लेखा परीक्षण र बेरूजु फछ्र्यौट सम्बन्धी काम गर्ने।
- राजश्वको हिसाब दुरूस्त राख्ने।
- थप वजेट व्यवस्थापन गर्न पहल गर्ने।
- बजेट निकासा गर्ने गराउने।
- आर्थिक कारोबारको क्रममा राय दिने।
- आर्थिक तथ्याङ्क उपलब्ध गराउने।
- खर्च मापदण्ड सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रकले तोके बमोजिमका निर्देशनहरूको पालना गर्ने गराउने।
- सचिव एवम् महाशाखा प्रमुखको निर्देशन बमोजिमका कार्य गर्ने।

**सूचना प्रविधि शाखा**

- आयोगको कार्यलाई छिटो, छरितो, विश्वसनीय, मर्यादित, गोप्य राख्न सूचना सञ्चार प्रविधि सम्बन्धी योजना तर्जुमा तथा कार्यक्रम तयार गर्ने।
- नवीनतम सूचना सञ्चार प्रविधि उपयोग सम्बन्धी सम्भावनाहरू खोजी गरी सुझाव पेश गर्ने।
- सूचना प्रविधि सम्बन्धी आवश्यक जनशक्ति तयार गर्न आवश्यक कार्यक्रमहरू तयार गरी पेश गर्ने।
- सूचना प्रविधिसँग सम्बन्धित नियामक तथा सम्बद्ध निकायहरूवीच आवश्यक समन्वय गर्ने।
- सूचना सञ्चार System निर्माण एवम् Maintenance गर्ने।
- नयाँ प्रविधिहरूको पहिचान गरी सुझाव पेश गर्ने।
- Networking and Network Troubleshooting गर्ने।
- Database maintenance and administration गर्ने।
- System Administration, software enhancement and modification, Hardware maintenance गर्ने।
- Electrical, Electronics, Computer, Laptop को खरिद योजना तयार गर्ने, चेकजाँच गर्ने र आवश्यक सुझाव दिने।
- Public Service Recruitment Management System सञ्चालन तथा व्यवस्थापन गर्ने।

- Online Application सम्बन्धी समस्याहरूको पहिचान गरी सुधारको उपायहरू खोजी गर्ने।
- File Tracking System लागु गर्ने।
- ICT Audit गरी सुझाव पेश गर्ने।
- सूचना प्रविधि सम्बन्धी अनुसन्धान सम्बन्धी कार्य।
- सूचना सञ्चार प्रविधि प्रयोग गर्ने सम्बन्धमा आवश्यक Programming सम्बन्धी कार्य गर्ने।

**परीक्षा महाशाखा**

- परीक्षा सम्बन्धी आवश्यक नीति, नियम तर्जुमा सम्बन्धी कार्य व्यवस्थापन।
- प्रश्न निर्माणकर्तालाई न्यूनतम शैक्षिक योग्यता र पाठ्यक्रममा आधारित मार्गदर्शन तयार गरी प्रश्नपत्र निर्माण, परिमार्जन तथा भण्डारण सम्बन्धी कार्य।
- आयोगबाट सञ्चालन हुने खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाहरू सञ्चालन गर्ने।
- उत्तरपुस्तिकाहरूको सङ्केतीकरण सम्बन्धी कार्य।
- परीक्षाका उत्तर पुस्तिकाहरू परीक्षण गराउने कार्य।
- नतिजा तयारी सम्बन्धी कार्य।
- OMR एवम् अन्य प्रविधिबाट लिइने परीक्षाको उत्तरपुस्तिकाको सङ्कलन, परीक्षण तथा नतिजा तयारी सम्बन्धी कार्य।

**परीक्षा सञ्चालन शाखा**

- लिखित परीक्षाको लागि आवश्यकतानुसारका कच्चा प्रश्नपत्रहरू सङ्कलनका लागि आयोगका सम्बन्धित पदाधिकारीबाट दक्ष/विज्ञको मनोनयन गराउने।
- परीक्षा भवनको व्यवस्था गरी परीक्षा सञ्चालन गर्ने गराउने।
- परीक्षा सञ्चालन सम्बन्धी सुधारबारे आवश्यक सुझाव पेश गर्ने।
- सामूहिक छलफल परीक्षा सञ्चालन सम्बन्धी काम गर्ने।
- विभिन्न विषयमा प्रश्न निर्माणकर्ता, दक्ष तथा विशेषज्ञहरूको नामावली सङ्कलन गरी अद्यावधिक गराइ राख्ने।
- दरखास्तहरू विज्ञापन अनुसार मिले नमिलेको छानबिन गरी स्वीकृत नामावली तयार गर्ने।
- दरखास्त सम्बन्धी परेका समस्याबारे अध्ययन गरी परीक्षा सञ्चालन अगावै टुङ्गो लगाउने।
- OMR एवम् अन्य प्रविधिबाट लिइएका परीक्षाहरूका उत्तरपुस्तिकाहरू बुझि सुरक्षित भण्डारण गर्ने।

**लिखित परीक्षा नतिजा तयारी शाखा**

- दोश्रो सङ्केतीकरण भइ आएका उत्तरपुस्तिकाहरूको पोकामा सङ्केतीकरण गर्ने।

- दोश्रो सङ्केतीकरण भएर आएका उत्तरपुस्तिकाहरू परीक्षण गराउने।
- परीक्षण भइ प्राप्त उत्तरपुस्तिकाहरूको प्राप्ताङ्क रूजु गरी टेबुलेशन गर्ने।
- लेजर तयार गरी दोश्रो सङ्केतको आधारमा परीक्षार्थीको योग्यताक्रम निर्धारण गरी लिखित नतिजा प्रकाशन शाखामा गोप्य रूपमा पठाउने।
- पुनर्योगको लागि निवेदन प्राप्त भएको अवस्थामा पुनर्योगको व्यवस्था मिलाउने।
- विभिन्न विषयका दक्षहरूको नामावली सङ्कलन गरी अद्यावधिक गराइ राख्ने।

**लिखित परीक्षा नतिजा प्रकाशन शाखा**

- लिखित परीक्षा तयारी शाखाबाट लिखित परीक्षा नतिजा प्रकाशनका लागि गोप्य सिलबन्दी खाम बुझिलिने।
- प्राप्ताङ्क र पदको आधारमा नतिजा प्रकाशित गर्ने र सम्बन्धित शाखासँग समन्वय राखी अन्तर्वार्ता र अन्य परीक्षाहरूको कार्यक्रम निर्धारण गर्ने।
- अध्यक्षबाट दोश्रो सङ्केत नम्बर र सचिवबाट पहिलो सङ्केत नम्वरका अर्धकट्टीहरू बुझिलिई नतिजा प्रकाशन सम्बन्धी कार्य गर्ने।
- विज्ञापन गर्ने शाखासँग समन्वय गर्ने।
- लिखित परीक्षा नतिजाको डिकोड तयार गर्ने।

**अन्तर्वार्ता तथा सिफारिस महाशाखा**

- परीक्षाका लागि आवश्यक प्रश्नहरू परिमार्जन (प्रश्नपत्र परिमार्जन) गराउने।
- अन्तर्वार्ता सम्बन्धी कार्य गर्ने र अन्तर्वार्ता सम्बन्धी आवश्यक मार्गदर्शन तयार गरी लागु गर्ने, गराउने।
- परीक्षा (लिखित एवम् अन्तर्वार्ता) मा उत्तीर्ण उम्मेदवारहरू माग बमोजिम सिफारिस गर्ने सम्बन्धी कार्य गर्ने।

**प्रश्नपत्र परिमार्जन शाखा**

- आयोगका पदाधिकारीबाट समयमै दक्षहरूको मनोनयन गरी प्रश्नपत्र परिमार्जन गराउने।
- दक्षहरूले प्रश्नपत्र परिमार्जन गर्दा अपनाउनु पर्ने प्रक्रिया र आयोगबाट स्वीकृत मान्यता सम्बन्धमा आवश्यक सुझाव दिने।
- परिमार्जित प्रश्नपत्रहरूको स्तरीयता हेर्ने र आवश्यक सङ्ख्यामा प्रश्नपत्रहरू तयार गराउने।
- दक्षहरूको सूची अद्यावधिक गर्ने।
- आवश्यक सेट मिलाइ प्रश्नपत्र भण्डारमा उपलब्ध गराउने।
- निर्दिष्ट गरिएका अन्य कार्यहरू गर्ने।

**अन्तर्वार्ता तथा सिफारिस शाखा**

- तोकिएको समयमा उम्मेदवारहरूको अन्तर्वार्ताको व्यवस्था गर्ने।
- विभिन्न विषयमा दक्षहरूको नामावली सङ्कलन गरी अद्यावधिक गराइ राख्ने।
- अन्तर्वार्ताका लागि दक्ष र विज्ञ मनोनयन सम्बन्धी काम गर्ने।
- उम्मेदवारको शैक्षिक योग्यता विज्ञापित पद अनुसार मेल खाए नखाएको जाँच बुझ गर्ने।
- अन्तर्वार्ता भन्दा अगावै उम्मेदवारहरूले पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रमाण भिडाइ प्रमाणित गर्ने।
- उम्मेदवारहरूको योग्यताक्रम तयार गरी सिफारिस गर्ने।
- सिफारिस भएका उम्मेदवारहरूको लगत राखी नियमानुसार नियुक्ति दिए नदिएको अनुगमन गर्ने।
- प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण सञ्चालन सम्बन्धी कार्य गर्ने।

# परिच्छेद ३
# प्रशासनिक तथा वित्तीय स्थिति

## ३.१ आयोगको दरबन्दी र पदपूर्ति

प्रदेश सरकारबाट स्वीकृत अस्थायी दरबन्दी तथा सङ्गठन संरचना अनुसार आयोगको कार्यालयमा एघारौं तह सचिव-१, अधिकृतस्तर-२१, सहायकस्तर-१४ र तह विहीन-९ गरी कुल ४५ जना कर्मचारीको दरबन्दी रहेको छ। कुल दरबन्दीमध्ये २०८१ साल आषाढ मसान्तसम्मको तथ्याङ्क अनुसार २७ पदहरू स्थायी र करार गरी पूर्ति भएका छन् भने १८ पदहरू रिक्त छन्। आयोगको अस्थायी दरबन्दी संरचना अनुसार तहगत दरबन्दी सङ्ख्या, पदपूर्ति र रिक्त अवस्था अनुसूची -३ मा उल्लेख गरिएको छ ।

## ३.२ बैठक तथा निर्णय

आर्थिक वर्ष २०८०/८१ को मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्त सम्मको अवधिमा कुल ३२ पटक आयोगका बैठकहरू बसी ८३ वटा नीतिगत तथा पदपूर्ति सम्बन्धी निर्णयहरू भएका छन् । निर्णय भएका विषयहरू र निर्णय सङ्ख्या तलको तालिका नं १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं १**

| क्र.सं. | निर्णयका विषयहरू | निर्णय सङ्ख्या |
|---|---|---|
| १ | पाठ्यक्रम सम्बन्धी | १२ |
| २ | परीक्षा, नतिजा, अन्तर्वार्ता तथा सिफारिस | ३८ |
| ३ | बढुवा सम्बन्धी | २ |
| ४ | नीति नियम सम्बन्धी | २ |
| ५ | प्रशासनिक | ६ |
| ६ | उजुरी तथा राय/परामर्श | ६ |
| ७ | दक्ष विज्ञको सूची | १५ |
| ८ | विविध | २ |
| | **जम्मा** | **८३** |

आयोगबाट आर्थिक वर्ष २०८०/८१ मा भएका नीतिगत तथा पदपूर्ति सम्बन्धी मुख्य निर्णयहरूको संक्षिप्त व्यहोरा तलको तालिका नं. २ मा प्रस्तुत गरिएको छ :-

तालिका नं २

| क्र.सं. | बैठक नं. | बैठक मिति | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| १ | १०६ | २०८०/०४/०३ | वार्षिक कार्यतालिका स्वीकृत सम्बन्धमा | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका रिक्त पदहरूमा पदपूर्ति गर्नका लागि आ.व. २०८०/०८१ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका स्वीकृत गरी सार्वजनिक गर्ने । |
| २ | १०६, १०८, १०९, १११, ११४, ११६, १२०, १२३, १२४, १२५, १२६, १२५, १२९, १३२, १३७ | विभिन्न मिति | विषयविज्ञ वा विशेषज्ञको सूची तयार तथा अद्यावधिक सम्बन्धमा | आ.व.२०७९/०८० सम्म रोष्टरमा सूचीकृत गरीएका विषयविज्ञ/विशेषज्ञको सूचीलाई आ.व. २०८०/०८१ मा समेत प्रयोग गर्न सक्ने गरी निरन्तरता दिने । साथै विषयविज्ञ वा विशेषज्ञको सूचीमा नाम दर्ताको लागि आवेदन पेश गरेका व्यक्तिहरूलाई प्रदेश लोक सेवा आयोगको विषयविज्ञ वा विशेषज्ञको सूचीमा नाम समावेश गर्ने । |
| ३ | १०६, १११, ११२, ११३, ११४, ११६, १२१, १२३, १२४, १२८, १२९, १३०, १३१,१३२, १३३, १३४, १३६, १३७ | विभिन्न मिति | वैकल्पिक उम्मेदवार सिफारिस सम्बन्धमा | आर्थिक वर्ष २०८०/०८१ मा आयोगका विभिन्न विज्ञापन, सेवा, समूह, उपसमूह, तह र पदका ८० जना उम्मेदवारहरूलाई प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४७ बमोजिम नियुक्तिका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।विस्तृत विवरण आयोगको वेबसाइट https://psc.sudurpashchim.gov.np मा छ । |
| ४ | १०६ | २०८०/०४/०३ | O.M.R. उ.पु. परीक्षण सम्बन्धमा | O.M.R. उ.पु. परीक्षण सम्बन्धमा प्रदेश लोक सेवा आयोग, (कार्य सञ्चालन) निर्देशिका २०७८ को दफा ४३ मा उत्तरपुस्तिका परीक्षण सम्बन्धी व्यवस्था भएको र सोही दफाको उपदफा (५) मा " यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वस्तुगत उत्तरपुस्तिकालाई अप्टिकल मार्क रिडर (O.M.R.) प्रविधिबाट परीक्षण गर्दा परीक्षण विधि फरक हुनेछ " भन्ने व्यवस्था |

| क्र.सं. | बैठक नं. | बैठक मिति | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | भएको हुँदा O.M.R. प्रविधिबाट उत्तरपुस्तिका परीक्षण गर्न सो सम्बन्धी यस आयोग, लोक सेवा आयोग र अन्य प्रदेश लोक सेवा आयोगमा भएका दक्ष/विज्ञ जनशक्तिबाट परीक्षण गराउने कार्यका लागि जिम्मेवारी तोक्न यस आयोगका सदस्य श्री लक्ष्मणबहादुर खड्कालाई जिम्मवारी तोक्ने। |
| ५ | १०७ | २०८०/०४/३१ | अन्तरिम सङ्गठन संरचना र कर्मचारी दरबन्दी तेरिज सिफारिस सम्बन्धमा | प्रदेश लोक सेवा आयोग सुदूरपश्चिम प्रदेशको आ.व. २०८०/०८१ को लागि अन्तरिम सङ्गठन, संरचना र कर्मचारी दरबन्दी तेरिज प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११ को उपदफा (३) बमोजिम सिफारिस गरी स्वीकृतिका लागि मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा अनुरोध गरि पठाउने । |
| ६ | १०८ | २०८०/०५/२७ | वार्षिक प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६६ बमोजिम माननीय प्रदेश प्रमुख समक्ष पेश गर्न प्रदेश लोक सेवा आयोगबाट आ.व. २०७९।०८० मा सम्पन्न भएका काम कारबाहीहरूको विस्तृत विवरण सहित तयार गरिएको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने। |
| ७ | ११० | २०८०/०६/१४ | वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धमा | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६६ बमोजिम प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्ने आयोगको वार्षिक प्रतिवेदन यही मिति २०८० असोज १९ गते शुक्रबार दिनको १:०० बजे प्रदेश प्रमुखज्यू समक्ष पेश गर्ने। |
| ८ | ११२ | २०८०/०७/२२ | प्रदेश लोक सेवा आयोग निर्देशिका, २०८० | प्रदेश लोक सेवा आयोगको मिति २०७९।०९।२१ गतेको बैठकबाट गठन भएको मस्यौदा समितिले प्रदेश लोक सेवा आयोग कार्य सञ्चालन निर्देशिका, २०७८ |

| क्र.सं. | बैठक नं. | बैठक मिति | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | पारित गर्ने सम्बन्धमा | लाई लोक सेवा आयोगको कार्य सञ्चालन निर्देशिका, २०७९ सँग मिलान हुने गरी तयार गरेको प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ८८ बमोजिम स्वीकृत गरि लागु गर्ने । |
| ९ | ११५ | २०८०/०९/१२ | पुनर्योग नतिजा प्रकाशन सम्बन्धमा | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३६ को उपदफा (१) बमोजिम पुनर्योगका लागि प्राप्त निवेदन उपर उपदफा (२) बमोजिम कारबाही गर्दा आयोगको सचिवले उत्तरपुस्तिका परीक्षण सँग सम्बन्धित पदाधिकारीको जानकारीमा लिखित नतिजा प्रकाशन सँग सम्बन्धित महाशाखा/शाखा प्रमुख बाहेकको अधिकृतस्तरको कर्मचारीको रोहवरमा लिखित परीक्षाको पुनर्योग गराइ अन्तर्वार्ता हुनु अघि सोको नतिजा प्रकाशन गर्ने । |
| १० | ११६,११७,११८, ११९,१२०,१२१,१२२,१२६, १२९,१३० | विभिन्न मितिमा | पाठ्यक्रम स्वीकृत सम्बन्धमा | प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तरगत विभिन्न सेवा, समूह, उपसमूहका विभिन्न पदका आन्तरिक, अन्तर तह र खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम स्वीकृत गरी सार्वजनिक गर्ने। विस्तृत विवरण आयोगको वेबसाइट https://psc.sudurpashchim.gov.np मा छ । |
| ११ | ११९ | २०८०/१०/०८ | वनरक्षक पदको उम्मेदवार सिफारिस सम्बन्धमा | यस आयोगको वि.नं. ५०१/०७८-७९ (खुला), नेपाल वन सेवा, ज.फ. समूह, तह विहीन, वनरक्षक पदको सूचना नं. २६/०७९-८०, मिति २०७९।१०।१० गते प्रकाशित उम्मेदवार सिफारिस सम्बन्धी सूचना बमोजिम वैकल्पिक योग्यताक्रम नं.१ का उम्मेदवार तथा निवेदक श्री खुमबहादुर बोहोराले मिति २०८०।९।२० गते दिएको |

| क्र.सं. | बैठक नं. | बैठक मिति | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | निवेदन आयोगमा पेश हुँदा निजले निवेदनमा उल्लेख गरेका उपरोक्त विज्ञापनको सिफारिस योग्यताक्रम सूचीको यो.क्र.नं. ८९ उल्लेख भएका उम्मेदवार श्री सुमन न्यौपाने दरखास्त दिने अन्तिम म्याद सम्ममा समान पदमा कार्यरत रहेको नदेखिएको तथा निज यस आयोगको वि.नं. ५०१/०७८-७९ (खुला), नेपाल वन सेवा, ज.फ. समूह, तह विहीन, वनरक्षक पद पदपूर्ति सम्बन्धी दरखास्त फारम भर्ने देखि अन्तर्वार्ता सम्मका सबै प्रक्रिया पुरा गरी आयोगको सूचना नं. २६/०७९-८०, मिति २०७९।१०।१० गते प्रकाशित सिफारिस सम्बन्धी सूचनाको योग्यताक्रम नं ८९ मा सिफारिस भइ सकेको र समान पदमा कार्यरत उम्मेदवार सिफारिस गर्न नहुने सम्बन्धमा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ तथा प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ मा कुनै कानुनी व्यवस्था नभएकोले निजको निवेदन उपर कुनै कारबाही नगर्ने। |
| १२ | १२२ | २०८०/१०/१९ | राय/परामर्श सम्बन्धमा। | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको प.स. २०८०/८१, च.नं. ९००, मिति २०८०।१०।१२ को पत्र साथ संलग्न राखि प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दपा ५१ (१) बमोजिम यस आयोगको राय/परामर्शको लागि पठाईएको सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा उपर आयोगमा विस्तृत छलफल भइ तयार भएको राय/परामर्श प्रदेश लोक सेवा ऐन, २०७६ को दफा ५३ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने । |

| क्र.सं. | बैठक नं. | बैठक मिति | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| १३ | १२३ | २०८०/१०/२३ | ध्यानाकर्षण सम्बन्धमा | आयोगबाट प्रदेश र स्थानीय तहहरूबाट माग आकृति फाराम सङ्कलन गरी रिक्त पदहरूको यकिन समेत गरी विज्ञापन भए बमोजिम सम्बन्धित निकायहरूमा उम्मेदवार सिफारिस हुँदै आएकोमा केही स्थानीय तहहरूले उम्मेदवार सिफारिस भए पछि आफूले माग गरेको पदसङ्ख्या रिक्त नभएको/थोरै सङ्ख्यामा रिक्त भएको भनि सिफारिस भएका उम्मेदवारहरूलाई समेत अन्यत्र व्यवस्थापन गरि दिन भनि अनुरोध भइ आउने गरेकोले अब उप्रान्त सम्बन्धित तहहरूबाट यकिन भइ आएका माग पदसङ्ख्यामा आयोगबाट सिफारिस भइ गएका उम्मेदवारहरूको सम्बन्धमा स्वयम् सम्बन्धित स्थानीय तह नै जिम्मेवार हुने व्यहोरा जानकारी गराउँदै सबै स्थानीय तहहरूलाई ध्यानाकर्षण सहितको पत्राचार गर्ने । |
| १४ | १२५ | २०८०/११/०२ | राय/परामर्श सम्बन्धमा। | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको प.सं.२०८०।८१, च.नं.९६४ मिति २०८०।१०।२३ को पत्र साथ संलग्न राखि प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५१ (१) बमोजिम यस आयोगको राय परामर्शको लागि पठाइएको सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा बनेको विधेयकको मस्यौदा विस्तृत रूपमा अध्ययन गरी तयार गरिएको राय परामर्श सुदूरपश्चिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५३ अनुसार प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने । |
| १५ | १२९ | २०८०/१२/०५ | सूचना | आयोगको मिति २०८०।०४।०३ गतेको |

| क्र.सं. | बैठक नं. | बैठक मिति | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | प्रकाशन गर्ने सम्बन्धमा | निर्णयानुसार आ.व. २०८०।०८१ मा पदपूर्तिका लागि विज्ञापन हुने प्रदेश निजामती सेवा तथा प्रदेश स्थानीय सेवाका पदहरूको पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका स्वीकृत भइ सार्वजनिक भएको। प्रदेश निजमाती सेवा ऐन, २०७९ मा रहेका पदपूर्ति सम्बन्धी केही प्रावधानहरूले गर्दा खुला तथा बढुवाद्वारा पदपूर्ति गर्न कठिनाइ भइरहेको परिप्रेक्ष्यमा प्रदेश निजामती सेवा ऐन, २०७९ मा रहेका त्यस्ता प्रावधानहरूमा संशोधनका लागि आयोगको राय समेत समावेश भइ सुदूरपश्चिम प्रदेश सभामा पेश भएको र प्रदेश स्थानीय सेवा सम्बन्धी कानुन तर्जुमाको चरणमा रहेकोले प्रदेश सभाबाट प्रदेश निजामती सेवा ऐन र प्रदेश स्थानीय सेवा सम्बन्धी कानुन पारित भए पश्चात् पदपूर्ति सम्बन्धी कामहरू यथाशीघ्र सञ्चालन गरिने सूचना प्रकाशन गर्ने । |
| १६ | १३६ | २०८१/०२/०९ | अस्थायी नियुक्तिका लागि उम्मेदवार सिफारिस गर्ने सम्बन्धमा | प्रदेश तह र स्थानीय तहहरूबाट पदपूर्तिका लागि समय समयमा अस्थायी उम्मेदवार माग भइ आउने गरेको । त्यसरी माग भएका पदमा सुदूरपश्चिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ बमोजिम सेवा, समूह तथा उपसमूहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम अस्थायी नियुक्तिका लागि आयोगमा माग भइ आएमा आयोगले वैकल्पिक उम्मेदवारको सूचीमा नाम समावेश भइ स्थायी नियुक्ति हुन नसकेका र अस्थायी उम्मेदवारको सूचीमा रहेका उम्मेदवारहरूमध्येबाट योग्यताक्रमको आधारमा सिफारिस गर्नेछ भन्ने व्यवस्था |

| क्र.सं. | बैठक नं. | बैठक मिति | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | बमोजिम सम्बन्धित सेवा, समूह, उपसमूह तथा पदको लागि अस्थायी उम्मेदवार सिफारिस गरी पठाउने प्रयोजनका लागि वैकल्पिक योग्यताक्रम सूची र अस्थायी योग्यताक्रम सूचीमा समावेश भएका उम्मेदवारहरूलाई निवेदन पेश गर्ने भनि १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गरी प्राप्त निवेदनहरू मध्ये योग्यताक्रमको आधारमा अस्थायी नियुक्तिको लागि सिफारिस गर्ने। |
| १७ | १३७ | २०८१/०३/१७ | वैकल्पिक उम्मेदवार सिफारिसको नीतिगत निर्णय सम्बन्धमा | आयोगले हालसम्म वैकल्पिक उम्मेदवार सिफारिस गर्दा वैकल्पिक उम्मेदवार सिफारिस गरी पठाइ दिने भनि माग गर्ने तह/निकायको आयोगमा प्राप्त पत्र र वैकल्पिक सूचीमा रहेका उम्मेदवारको योग्यताक्रम अनुसार सिफारिस गरी पठाउने गरेको । नेपालको विभिन्न कानुन तथा अभ्यासले इमेललाई समेत आधिकारिक मान्यता दिइएको । विभिन्न तह/निकायहरूबाट वैकल्पिक उम्मेदवारहरूको सिफारिसका लागि प्राप्त पत्रहरूमा पत्रको मिति र यस आयोगको दर्ता मितिको आधारमा मात्र वैकल्पिक उम्मेदवारहरूको सिफारिस गर्दा आयोगको मूल मर्म योग्यता, निष्पक्षता र स्वच्छता पूरा नहुने हुँदा विभिन्न निकायहरूबाट विभिन्न रिक्त पदहरूमा वैकल्पिक उम्मेदवार सिफारिसका लागि आयोगमा अनुरोध सहितको भौतिक पत्र वा विद्युतीय माध्यमबाट प्राप्त भएको पत्रमध्ये जुन पहिले प्राप्त हुन आउँछ सोही मिति र समयलाई आधार मानि योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवार सिफारिस गर्ने । |

## ३.३ भौतिक अवस्था

मिति २०७७ चैत ४ गते देखि धनगढी उपमहानगरपालिका-५, तारानगरमा घर बहालमा लिई आयोगको स्थापना गरी दैनिक प्रशासनिक कार्य सञ्चालन भइरहेको छ। अहिलेको जनशक्तिबाट कार्यसञ्चालन गराउन भौतिक संरचना पर्याप्त भए पनि स्वीकृत दरबन्दीको पदपूर्ति भएमा वा आयोगको सम्पादन गर्नु पर्ने कार्यहरू पूर्ण रूपले सञ्चालन गर्दा थप जनशक्ति परिचालन गर्नुपर्ने अवस्थामा हालको भौतिक संरचना अपर्याप्त हुने देखिन्छ । आयोगको कामकारबाहीको संवेदनशीलतालाई मध्यनजर गरी आयोगको आफ्नै भवनको व्यवस्था हुनु आवश्यक देखिन्छ। आयोगको भौतिक स्रोत साधनहरूको अवस्था अनुसूची -४ मा उल्लेख गरिएको छ।

## ३.४ पुस्तकालय

प्रदेश लोक सेवा आयोगको पाठ्यक्रम निर्माण, उत्तरपुस्तिका परीक्षण र अन्तर्वार्ता सञ्चालन जस्ता कार्यका साथै यस आयोगका पदाधिकारी, कर्मचारी तथा दक्ष विज्ञहरूको क्षमता अभिवृद्धिका लागि पुस्तकालय स्थापना गरिएको छ। पुस्तकालयमा आयोगले लिने परीक्षासँग सम्बन्धित पुस्तकहरू तथा अन्य विविध क्षेत्रका पुस्तकहरू गरी जम्मा १,१८२ थान पुस्तकहरू रहेका छन्।

## ३.५ कम्प्युटर प्रयोगशाला

प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति हुने पदहरूका कम्प्युटर प्रयोगात्मक तथा कम्प्युटर सीप परीक्षण सम्बन्धी परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि कम्प्युटर प्रयोगशाला स्थापना गरिएको छ। उक्त प्रयोगशालामा एक सिफ्टमा दश जनाको परीक्षा लिन सकिने गरी व्यवस्था गरिएको छ।

## ३.६ बजेट, निकासा र खर्च

आर्थिक वर्ष २०८०/०८१ मा आयोगको लागि विभिन्न शीर्षकहरूमा स्वीकृत विनियोजित बजेट रू. ९,६२,००,०००।-को वित्तीय प्रगति विवरण अनुसूची-५ मा प्रस्तुत गरिएकोछ। चालु तर्फ विनियोजित बजेटको ६०.३० प्रतिशत र पुँजीगत तर्फ विनियोजित बजेटको ४.२७ प्रतिशत खर्च भइ कुल बजेटको ५०.८४ प्रतिशत खर्च भएको छ । विनियोजित बजेट, निकासा र खर्चलाई चित्रबाट प्रस्तुत गरिएको छ ।

चित्र नं. ३




## ३.७ राजस्व र धरौटी

यस आयोगको मुख्य राजश्व सङ्कलनको स्रोत परीक्षा दस्तुर हुने हुँदा प्रदेश तथा स्थानीय तहहरूमा रिक्त दरबन्दी पदपूर्तिका लागि विज्ञापन प्रकाशन भए बमोजिम उम्मेदवारहरूले दरखास्त दिइ परीक्षा दस्तुर जम्मा गरे अनुसार राजश्व सङ्कलन हुन्छ। आर्थिक वर्ष २०८०/०८१ मा सङ्कलन गरेको राजस्व र धरौटीको विवरण अनुसूची-६मा उल्लेख गरिएको छ ।

## ३.८ बेरूजुको अवस्था

आर्थिक वर्ष २०८०/०८१ मा आयोगको लागि विभिन्न शीर्षकहरूमा खर्च गर्दा स्वीकृत विनियोजित बजेट मध्ये महालेखापरीक्षकको कार्यालयबाट भएको अन्तिम लेखा परीक्षणले औँल्याएको बेरूजु रकम रू.१,४१,९०८।-रहेकोमा रू.१,०८,३००।- रकम फछ्यौंट गरिएको र रू.३३,६०८।- फछ्यौंट हुन बाँकी रहेको छ । आर्थिक वर्ष २०८०/०८१ को बेरूजुको अवस्थालाई अनुसूची-७ मा उल्लेख गरिएको छ ।

# परिच्छेद ४

# परीक्षण प्रविधि, पाठ्यक्रम निर्माण, शैक्षिक योग्यताको परामर्श, प्रश्नपत्र निर्माण तथा परिमार्जन

## ४.१ परीक्षण प्रविधि

व्यक्तिले हासिल गरेको शैक्षिक योग्यताको स्तर र क्षेत्रलाई सार्वजनिक सेवाको पदमा उम्मेदवार बन्ने न्यूनतम सर्तका रूपमा लिइन्छ। पदपूर्ति गर्नु पर्ने सङ्गठन विशेष वा काम विशेषलाई दृष्टिगत गर्दै त्यसका लागि आवश्यक पर्ने ज्ञान, सीप, मनोवृत्ति र व्यवहार शैलीको परीक्षण गर्ने गरी परीक्षण प्रविधिको विकास गरिन्छ। निश्चित पदमा नभइ तह विशेषका लागि कर्मचारी भर्ना हुने भएकोले प्रदेश निजामती लगायत विभिन्न सार्वजनिक सेवामा कर्मचारी छनौट गर्दा पद विशेषको भन्दा सेवा, समूह विशेषका साझा गुणहरूको परीक्षण गर्ने गरी विभिन्न परीक्षण प्रविधिहरूको समेत प्रयोग गर्ने गरिएको छ।

## ४.२ पाठ्यक्रम निर्माण

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारी भर्नाका लागि सर्वप्रथम नभै नहुने विषय परीक्षाको पाठ्यक्रम नै हो। तसर्थ आयोगले ऐन तथा नियमावलीको प्रावधानमा रहेर पाठ्यक्रम निर्माणको कामलाई अगाडि बढाइरहेको छ । प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ४ बमोजिम पाठ्यक्रम निर्धारण समितिले सैद्धान्तिक आधार र सङ्घीय लोक सेवा आयोगद्वारा स्वीकृत भएका पाठ्यक्रमहरूलाई आधार लिइ सम्बन्धित विषयका दक्ष विज्ञबाट पाठ्यक्रमको मस्यौदा निर्माण गराइ सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालय, स्थानीय तह र विषयवस्तुसँग सम्बन्धित विज्ञहरूको राय सुझाव लिई आयोगबाट स्वीकृत गरी सार्वजनिक गर्ने गरिएको छ। हालसम्म निर्माण भएका पदहरूको पाठ्यक्रमको विवरण अनुसूची-८ मा रहेको छ।

## ४.३ शैक्षिक योग्यताको परामर्श

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १३ को उपदफा (१) मा भएको व्यवस्था अनुसार खुलाबाट पूर्ति गरिने प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका पदहरूको लागि आवश्यक पर्ने शैक्षिक योग्यता सम्बन्धित सेवा, समूह, उपसमूह सम्बन्धी प्रचलित कानुनमा निर्धारण भए बमोजिम हुनेछ भन्ने प्रावधान रहेको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १३ को उपदफा (२) मा शैक्षिक योग्यता निर्धारण गर्नु अघि सेवा, समूह, उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले आयोगको परामर्श लिनु पर्नेछ भन्ने प्रावधान रहेको छ । तर प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका पदमा विज्ञापन प्रकाशन गर्दा प्रचलित कानुन अनुसारकै शैक्षिक योग्यता लागु गरिएको र हालसम्म कुनै मन्त्रालय वा निकायबाट कुनै पनि पदको शैक्षिक योग्यता निर्धारण गर्नका लागि परामर्श माग भै आएको छैन।

## ४.४ प्रश्नपत्र निर्माण र परिमार्जन

यस प्रतिवेदन अवधिमा विभिन्न सेवा समूह सम्बन्धी पदहरूको परीक्षा सञ्चालन गर्नका लागि १७५ सेट प्रश्नपत्र निर्माण गरिएको थियो। लोक सेवा आयोग र यस आयोगमा सूचीकृत भएका विभिन्न विधाका दक्ष/विज्ञहरूबाट प्रश्नपत्र निर्माण गराइएको थियो । निर्माण गरिएका १७५ सेट प्रश्नपत्रहरू मध्ये प्रत्येक पदको लागि ३/३ सेटका दरले १०६ सेट प्रश्नपत्र परिमार्जन गरिएको थियो।जसमध्ये ३५ सेट प्रश्नपत्र परीक्षामा प्रयोग गरिएको र बाँकी ७१ सेट प्रश्नपत्र आयोगको प्रश्नबैंकमा सुरक्षित राखिएको छ, जसको विवरण अनुसूची-९ मा दिइएको छ।

# परिच्छेद ५
# आयोगबाट सम्पादन भएका प्रमुख कार्यहरू

## ५.१ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

आयोगले आफ्नो काम कारबाहीलाई व्यवस्थित, नियमित र नतिजामुखी बनाउन वार्षिक कार्यतालिका बनाइ लागु गर्दै आएको छ । आयोगका पदपूर्ति सम्बन्धी सम्पूर्ण काम कारबाहीहरू सोही कार्यतालिकामा आधारित भइ सञ्चालन गरिन्छ । आ.व २०८०/८१ को वार्षिक कार्यतालिकामा माग सङ्कलन, प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन, लिखित परीक्षा नतिजा प्रकाशन, अन्तर्वार्ता तथा सिफारिस लगायतका क्रियाकलापहरू समावेश गरी मिति २०८० साउन १ गते देखि लागु हुने गरी आयोगले स्वीकृत गरेर प्रकाशन गरेको थियो। पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका अनुसूची-१० मा प्रस्तुत गरिएको छ।

## ५.२ माग सङ्कलन तथा प्रतिशत निर्धारण

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा रिक्त रहेका पदहरूमा पदपूर्तिका लागि निर्धारित समय भित्र सम्बन्धित सेवा सञ्चालन गर्ने निकायले प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम भरी पठाउनु पर्ने व्यवस्था रहेको छ। वार्षिक कार्यतालिका अनुसार माग सङ्कलन कार्य पूरा भए पछि सम्बन्धित तह वा निकायबाट रिक्त पदहरूको यकिन गरिन्छ। रिक्त पदहरूको यकिन भए पछि कुल रिक्त पदहरूको सम्बन्धित सेवा सम्बन्धी ऐन नियमका आधारमा प्रदेश लोक सेवा आयोगबाट प्रतिशत निर्धारण गरिन्छ। प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० मा व्यवस्था भएको सुत्र अनुसार प्रतिशत निर्धारण गर्ने गरिन्छ।

आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकार मातहतका मन्त्रालयहरूका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट विभिन्न सेवा, समूहका एघारौं तहका प्राविधिक पदहरूको बढुवाबाट पदपूर्ति गर्ने प्रयोजनका लागि माग पदसङ्ख्या प्राप्त गरी बढुवाद्वारा हुने पदपूर्तिका काम कारबाहीहरू अगाडि बढाइएको थियो।

## ५.३ विज्ञापन प्रकाशन

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा कार्यतालिकामा निर्धारित समयमा सम्बन्धित मन्त्रालय, विभाग, निर्देशनालय, कार्यालय तथा स्थानीय तहहरूले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह र तह समेत खुल्ने गरी माग आकृति फारम भरी पठाउनु पर्दछ। आयोगलाई प्राप्त मागका आधारमा प्रचलित कानुन र प्रदेश निजामती सेवा ऐन, २०७९ र प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० मा भएको व्यवस्था अनुसार प्रतिशत निर्धारण गरी खुला, अन्तरतह, आन्तरिक प्रतियोगिता, बढुवा तथा समावेशी समूहहरूमा पदसङ्ख्या छुट्याई लिखित परीक्षा हुने मिति र समय निर्धारण गरी आयोगले विज्ञापन/सूचना आयोगको बुलेटिन, गोरखापत्र दैनिक,

आयोगको वेबसाइट तथा आवश्यकता अनुसार सञ्चारका अन्य माध्यम मार्फत विज्ञापन प्रकाशन गर्ने गरिएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकार मातहतका मन्त्रालयहरूका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट विभिन्न सेवा,समूहका एघारौं तहका प्राविधिक पदहरूको बढुवाबाट पदपूर्ति गर्ने प्रयोजनका लागि माग पदसङ्ख्या २० प्राप्त भए पश्चात् बढुवाद्वारा पदपूर्ति गर्न कानुन बमोजिम दुई पटक विज्ञापन प्रकाशन गरी बढुवा प्रक्रिया अगाडि बढाइ सिफारिस गरिएको छ।उक्त बढुवा विज्ञापनहरूको विस्तृत विवरण तालिका नं. ३ मा दिइएको छ ।

**तालिका नं. ३**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | तह | पदसङ्ख्या |
|---|---|---|---|---|
| १ | १/२०८०-८१ | निर्देशक,इञ्जि.,सिभिल, हाइवे/जनरल | एघारौं | १ |
| २ | २/२०८०-८१ | प्रदेश वन निर्देशक, वन,जनरल फरेष्ट्री | एघारौं | १ |
| ३ | ३/२०८०-८१ | प्रमुख, कृषि, समूहकृत नहुने | एघारौं | २ |
| ४ | ४/२०८०-८१ | निर्देशक, कृषि, भेटेरीनरी/ला.पो.एण्ड डे.डे./मत्स्य | एघारौं | १ |
| ५ | ५/२०८०-८१ | निर्देशक, शिक्षा, शिक्षा प्रशासन | एघारौं | १ |
| ६ | ६/२०८०-८१ | निर्देशक, स्वास्थ्य, हेल्थ एजुकेशन | एघारौं | १ |
| ७ | ७/२०८०-८१ | निर्देशक, स्वास्थ्य, पब्लिक हेल्थ एडमिनिष्ट्रेसन | एघारौं | १ |
| ८ | ८/२०८०-८१ | निर्देशक, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी | एघारौं | १ |
| ९ | ९/२०८०-८१ | निर्देशक, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | एघारौं | १ |
| १० | १०/२०८०-८१ | प्रमुख मेडिकल सुपरीटेन्डेन्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | एघारौं | ३ |
| ११ | ११/२०८०-८१ | प्रमुख कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | एघारौं | २ |
| १२ | १२/२०८०-८१ | प्रमुख कन्सल्टेन्ट अब्सट्रेटिसियन एण्ड गाइनोकोलोजिष्ट, स्वास्थ्य, अब्सट्रेटिसियन गाइनोकोलोजि | एघारौं | २ |

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | तह | पदसङ्ख्या |
|---|---|---|---|---|
| १३ | १३/२०८०-८१ | प्रमुख कन्सल्टेन्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | एघारौं | १ |
| १४ | १४/२०८०-८१ | प्रमुख कन्सल्टेन्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिन | एघारौं | १ |
| १५ | १५/२०८०-८१ | प्रमुख, कृषि, समूहकृत नहुने | एघारौं | १ |
| | | **जम्मा** | | **२०** |

## ५.४ दरखास्त सङ्कलन

आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकार मातहतका मन्त्रालयहरूबाट विभिन्न सेवा, समूहका एघारौं तहका प्राविधिक पदहरूको बढुवाबाट पदपूर्ति गर्ने प्रयोजनका लागि कानुन बमोजिम दुई पटक विज्ञापन प्रकाशन भए पछि सूचनामा दिएको म्यादभित्र आयोगले तोकेको ढाँचामा उम्मेदवारहरूले सबै विवरण भरी बढुवाका लागि चाहिने आवश्यक कागजात सहित १५ जनाको बढुवा दरखास्त आयोगको कार्यालयमा सङ्कलन गरी दर्ता गरिएको छ। उक्त दरखास्तहरू उपर छानविन गरी स्वीकृत गरिएका दरखास्त फारमहरू नामावली सहित श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बढुवा समितिको सचिवालय, धनगढी, कैलालीमा पठाई बढुवा प्रकिया अगाडि बढाइएको छ।

## ५.५ लिखित परीक्षा सञ्चालन

यस प्रतिवेदन अवधि आ.व.२०८०/०८१ मा सञ्चालित लिखित परीक्षामा आ.व. २०७९/०८० मा प्रकाशित चौथो र पाँचौं तहका सहायकस्तरका प्राविधिक/अप्राविधिक विज्ञापनहरूमा दरखास्त दिने उम्मेदवार मध्ये महिला २५,३८६ र पुरूष ३२,२८४ गरी जम्मा ५७,६७० जना उम्मेदवार उपस्थित भएका थिए । जसको विस्तृत विवरण अनुसूची-११ मा दिइएको छ । विज्ञापन भएका पदहरूको लिखित परीक्षामा उपस्थिति लिङ्गको आधारमा सङ्ख्यात्मक विवरण तल तालिका नं. ४ मा राखिएको छ :-

**तालिका नं. ४**

**लिखित परीक्षामा लिङ्गको आधारमा उम्मेदवारको उपस्थिति सङ्ख्या**

| महिला | पुरूष | लि.प.मा कुल उपस्थित |
|---|---|---|
| २५३८६ | ३२२८४ | ५७६७० |

चित्र नं. ४

लिखित परीक्षामा लिङ्गको आधारमा उम्मेदवारको उपस्थिति सङ्ख्या




## तह अनुसार लिखित परीक्षामा उपस्थितिको वर्गीकरण

तहगत आधारमा हेर्दा प्रतिवेदन अवधिमा सबैभन्दा बढी लिखित परीक्षामा उपस्थिति क्रमशः चौथो र पाँचौं तहका पदमा रहेको देखिन्छ । तह अनुसार लिखित परीक्षामा उपस्थितिको वर्गीकरण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५

| तह | लिखित परीक्षामा उपस्थित सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरूष | जम्मा |
| चौथो | १५७९० | १९४६६ | ३५२५६ |
| पाँचौं | ९५९६ | १२८१८ | २२४१४ |
| **जम्मा** | **२५,३८६** | **३२,२८४** | **५७,६७०** |

चित्र नं. ५




**खुला तथा समावेशीको आधारमा लिखित परीक्षामा उपस्थिति विवरण**

आ.व. २०८०/०८१ मा सञ्चालन भएका लिखित परीक्षामा सहभागी महिला र पुरूष गरी ५७,६७० जना उम्मेदवारहरूमध्ये एक जनाले एक भन्दा वढी खुला तथा समावेशी समूहमा दरखास्त भरेको आधारमा परीक्षामा सहभागीहरूको सङ्ख्या ८८,६६८ थियो। जसलाई वर्गीकृत रूपमा तालिका नं. ६ मा प्रस्तुत गरिएको छ :-

**तालिका नं. ६**

**खुला तथा समावेशीको आधारमा लिखित परीक्षामा कुल उपस्थित सङ्ख्या विवरण**

| सि.नं. | विवरण | लिखित परीक्षामा कुल उपस्थित सङ्ख्या |
|---|---|---|
| १ | खुला | ५७४८७ |
| २ | महिला | २३४६१ |
| ३ | आदिवासी जनजाति | ४५७४ |
| ४ | मधेसी | १७१३ |
| ५ | दलित | १००१ |
| ६ | थारू/राना थारू | २३९ |
| ७ | आर्थिक रूपले विपन्न खस आर्य | ५२ |
| ८ | पिछडिएको क्षेत्र | १४१ |
| | **जम्मा** | **८८,६६८** |

चित्र नं. ६

खुला र समावेशी अनुसार लिखित परीक्षामा उपस्थित सङ्ख्या




तालिका नं. ६ को उपस्थितिलाई लिङ्गको आधारमा सङ्ख्यात्मक विवरण तालिका नं. ७ मा राखिएको छः-

तालिका नं. ७

| विज्ञापनको किसिम | लिखित परीक्षामा उपस्थित सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरूष | जम्मा |
| खुला | २५२४३ | ३२२४४ | ५७४८७ |
| महिला | २३४६१ | - | २३४६१ |
| आदिवासी/जनजाति | २३७४ | २२०० | ४५७४ |
| मधेसी | ५०८ | १२०५ | १७१३ |
| दलित | ४३१ | ५७० | १००१ |
| थारू/राना थारू | ९१ | १४८ | २३९ |
| आर्थिक रूपले विपन्न खस आर्य | ४ | ४८ | ५२ |
| पिछडिएको क्षेत्र | ३२ | १०९ | १४१ |
| जम्मा | ५२,१४४ | ३६,५२४ | ८८,६६८ |

*नोटः एकीकृत र संयुक्त परीक्षा प्रणाली अन्तर्गत चौथो र पाँचौं तहका सहायक वा सो सरहका अप्राविधिक तर्फका पदहरूका लागि पहिलो चरणको परीक्षा पद्धति अवलम्बन गरिदै आएको छ । प्रथम चरणको परीक्षामा उत्तीर्णाङ्क प्राप्त गर्ने परीक्षार्थीको मात्रै द्वितीय चरणको परीक्षामा सम्मिलित हुन् पाउँछन् । आ.व. २०७९/८० को विज्ञापनबाट आ.व. २०८०/०८१ मा सञ्चालन भएको प्रथम चरणको परीक्षामा सहायक पाँचौंमा ७,४६२ र सहायक चौथो तहमा ७,७२२ जना परीक्षार्थी परीक्षामा समम्मिलित भएका थिए जस मध्ये सहायक पाँचौंमा १,७९० जना र सहायक चौथो तहमा ३,३२६ जना परीक्षार्थी मात्र द्वितीय चरणको परीक्षाका लागि छनौट भएका छन्। प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरू मध्ये सहायक पाँचौंमा ५८८ जना र सहायक चौथोमा १,०६९ जना गरी जम्मा १,६५७ जना उम्मेदवारहरू द्वितीय चरणको परीक्षामा अनुपस्थित भएका छन् । यस सम्बन्धी विवरण तालिका नं ८ मा समावेश गरिएको छ ।*

**तालिका नं. ८**

**प्रथम चरणको परीक्षामा सम्मिलित र उत्तीर्ण उम्मेदवारहरूको विवरण**

| पद | प्रथम चरण परीक्षामा सम्मिलित तथा उत्तीर्ण सङ्ख्या | | | | | द्वितीय चरण परीक्षामा सम्मिलित तथा उत्तीर्ण सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | उत्तीर्ण सङ्ख्या | उत्तीर्ण प्रतिशत | महिला | पुरूष | जम्मा | उत्तीर्ण सङ्ख्या |
| सहायक पाँचौं वा सो सरह | ३६५७ | ३८०५ | ७४६२ | १७९० | २३.९८ | ३७६ | ८२६ | १२०२ | ९२ |
| सहायक चौथो वा सो सह | ३४४३ | ४२७९ | ७७२२ | ३३२६ | ४३.०० | ७२५ | १५३२ | २२५७ | १३५ |
| **जम्मा** | **७१००** | **८०८४** | **१५१८४** | **५११६** | **३३.६९** | **११०१** | **२३५८** | **३४५९** | **२२७** |

## ५.६ उत्तरपुस्तिका सङ्केतीकरण

प्रदेश लोक सेवा ऐन, नियमावली र कार्यसञ्चालन निर्देशिकाले निर्दिष्ट गरे अनुसार प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका सहायक चौथो र पाँचौं तहका अप्राविधिक तर्फको दोस्रो चरणको एक परीक्षार्थीको एक भन्दा बढी खण्डका उत्तरपुस्तिका प्रयोग हुने हुँदा जम्मा २१,०१२ वटा उत्तरपुस्तिकाहरूमा प्रथम र दोस्रो सङ्केत नं राखी उत्तरपुस्तिका सङ्केतीकरणको कार्यसम्पादन भएको थियो । ओ.एम.आर.उत्तरपुस्तिकाहरूमा बारकोड पहिले देखिनै व्यवस्थित गरिएको हुँदा सङ्केतीकरण नगरी सोही बारकोडलाई सङ्केतीकरणको आधार मानि उत्तरपुस्तिकाको परीक्षण कार्य अगाडि बढाइएको थियो।

## ५.७ उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण

लिखित परीक्षामा एक भन्दा बढी खण्ड हुने प्रश्नपत्रको हकमा सहायक चौथो र पाँचौं तहका पदको प्रत्येक खण्डका लागि फरक फरक उत्तरपुस्तिका प्रयोग गर्नु पर्ने भएकोले एक परीक्षार्थीका एक भन्दा बढी उत्तरपुस्तिका हुने गर्दछन्। प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका २१,०१२ उत्तरपुस्तिकाहरू आयोगबाट विज्ञ/विशेषज्ञ खटाइ परीक्षण गरिएका छन्। सहायक चौथो र पाँचौं तहका प्राविधिक र अप्राविधिक पदहरूको प्रथम चरणको परीक्षा प्रणाली वस्तुगत रहेकाले उक्त पदहरूका ५६,६७० उत्तरपुस्तिकाहरू ओ.एम.आर प्रविधिबाट परीक्षण गरिएका छन् । साथै परीक्षण भइ प्राप्त भएका उत्तरपुस्तिका मध्ये आवश्यकता अनुसार केही वा सबै उत्तरपुस्तिकाहरू सम्बन्धित विषयविज्ञ वा विशेषज्ञबाट पुनःपरीक्षण वा सम्परीक्षण गराउने गरिएको छ ।

## ५.८ लिखित परीक्षा नतिजा तयारी

आर्थिक वर्ष २०७९/०८० मा विज्ञापन भएका २३ वटा विज्ञापनका ६३४ पदका लागि लिखित नतिजा तयारी गर्ने कार्य सम्पन्न गरी उत्तीर्ण उम्मेदवारहरूको दोस्रो कोड सहितको सूची नतिजा प्रकाशनका लागि लिखित नतिजा प्रकाशन शाखामा पठाइएको र उत्तीर्ण उम्मेदवारहरूको दोस्रो कोड सहितको प्राप्ताङ्क सूची सिफारिस प्रयोजनका लागि अन्तर्वार्ता तथा सिफारिस शाखामा पठाइएको छ ।

## ५.९ लिखित परीक्षा नतिजा प्रकाशन/ अन्तर्वार्ताका लागि छनौट

आ.व. २०७९/०८० मा विज्ञापन प्रकाशन भइ आ.व. २०८०/०८१ मा सञ्चालित लिखित परीक्षामा सहभागी ५७,६७० जना उम्मेदवारहरू मध्ये महिला ४४४ र पुरूष ७५३ गरी जम्मा ११९७ जना उम्मेदवारहरू लिखित परीक्षामा उत्तीर्ण भइ अन्तर्वार्ताका लागि छनौट भएका थिए। अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरूको लिङ्गको आधारमा सङ्ख्यात्मक विवरण तल तालिका नं. ९ मा राखिएको छ । जसको विस्तृत विवरण अनुसूची-१२ मा दिइएको छ :-

**तालिका नं. ९**

**लिङ्गको आधारमा अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार सङ्ख्या**

| महिला | पुरूष | जम्मा |
|---|---|---|
| ४४४ | ७५३ | ११९७ |

चित्र नं. ७

लिङ्गको आधारमा अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार सङ्ख्या




लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएको उम्मेदवारहरूको तहगत विवरण

तालिका नं. १०

तह अनुसार लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट सङ्ख्या

| तह | अन्तर्वार्ताका लागि छनौट सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरूष | जम्मा |
| चौथो | २७५ | ४१८ | ६९३ |
| पाँचौं | १६९ | ३३५ | ५०४ |
| जम्मा | ४४४ | ७५३ | ११९७ |

**चित्र नं. ८**




**समावेशी समूह अनुसार लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरूको विवरण**

अन्तर्वार्ताका लागि छनौट भएका कुल ११९७ जना उम्मेदवारहरू रहेकोमा एक जनाले एक भन्दा वढी खुला तथा समावेशी समूहमा दरखास्त दिएको हुँदा महिला ६९० र पुरूष ८११ गरी जम्मा १,५०१ जनाले लिखित परीक्षा उत्तीर्ण गरी अन्तर्वार्ताका लागि छनौट भएका थिए। जसको सङ्ख्यात्मक विवरण तालिका नं. ११ मा राखिएको छ :-

**तालिका नं. ११**

**समावेशी समूह अनुसार लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरूको विवरण**

| विज्ञापनको किसिम | अन्तर्वार्ताका लागि छनौट सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरूष | जम्मा |
| खुला | १७२ | ५६७ | ७३९ |
| महिला | ३९२ | ० | ३९२ |
| आदिवासी जनजाति | ७७ | ७९ | १५६ |
| मधेसी | ३१ | ९२ | १२३ |
| दलित | ११ | ५० | ६१ |
| थारू/राना थारू | ७ | १२ | १९ |
| आर्थिक रूपले विपन्न खस आर्य | ० | ४ | ४ |
| पिछडिएको क्षेत्र | ० | ७ | ७ |
| **जम्मा** | **६९०** | **८११** | **१५०१** |

चित्र नं. ९

समावेशी समूह अनुसार लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट




## ५.१० कम्प्युटर प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा सञ्चालन

आयोगले लिने प्राविधिक तथा अप्राविधाक सेवा तर्फका विभिन्न पदका पाठ्यक्रम बमोजिम प्रयोगात्मक तथा कम्प्युटर सीप परीक्षण परीक्षाहरू सञ्चालन हुने गर्दछन् ।प्रतिवेदन अवधिमा आयोगबाट निम्नानुसार सीप परीक्षण तथा प्रयोगात्मक परीक्षाहरू सञ्चालन गरिएका छन् । जसको विस्तृत विवरण तालिका नं १२ मा प्रस्तुत गरिएको छ :-

तालिका नं. १२

आ.व. २०८०/०८१ मा कम्प्युटर सीप परीक्षण तथा प्रयोगात्मक परीक्षामा सहभागी उम्मेदवारको सङ्ख्यात्मक विवरण

| सि.नं. | वि.नं. | सेवा | समूह | पद | तह | छनौट भएका उम्मेदवार सङ्ख्या | सहभागी भएका उम्मेदवार सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १०१-१०३/०७९-८० | प्रशासन | सा.प्र./लेखा | सहायक/लेखा सहायक/आ.ले.प. | पाँचौ | ७७ | ६७ |
| २ | ५१९-५२१/०७९-८० | विविध | | कम्प्युटर अपरेटर | पाँचौ | ३४ | ३३ |
| ३ | ५४१/०७९-८० | विविध | | सहायक कम्प्युटर अपरेटर | चौथो | ६ | ५ |
| ४ | १०४-१०९/०७९-८० | प्रशासन | सा.प्र./लेखा | सहायक/सहायक लेखापाल | चौथो | १३५ | १३१ |
| जम्मा | | | | | | २५२ | २३६ |

## ५.११ अन्तर्वार्ता सञ्चालन तथा सिफारिस

आ.व. २०७९/०८० मा प्रकाशित विज्ञापन र आ.व. २०८०/०८१ मा सञ्चालित लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका ११९७ जना उम्मेदवारहरूमध्ये महिला २४१ र पुरूष ३९२ गरी जम्मा ६३३ जना नियुक्तिका लागि सिफारिस गरिएका थिए । सिफारिसका भएका उम्मेदवारहरूको विस्तृत सङ्ख्यात्मक विवरण अनुसूची-१३ मा दिइएको छ । सिफारिसका भएका उम्मेदवारहरूको लिङ्गको आधारमा सङ्ख्यात्मक विवरण तल तालिका नं. १३ मा राखिएको छ :-

तालिका नं. १३

सिफारिस भएका उम्मेदवारको लिङ्गको आधारमा महिला तथा पुरूषको सङ्ख्या

| महिला | पुरूष | सिफारिस सङ्ख्या |
|---|---|---|
| २४१ | ३९२ | ६३३ |

चित्र नं. १०




**समावेशी समूह अनुसार स्थायी नियुक्तिको लागि सिफारिस सङ्ख्या**

स्थायी नियुक्तिका लागि सिफारिस भएका महिला र पुरूष गरी जम्मा ६३३ जना उम्मेदवारहरू मध्ये खुला तर्फ महिला र पुरूष गरी ४२० जना र समावेशी समूहहरू तर्फ महिला र पुरूष गरी २१३ जना रहेका थिए । जसको विवरण तालिका नं. १४ मा राखिएको छ :-

**तालिका नं. १४**

| विज्ञापनको किसिम | सिफारिस सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरूष | जम्मा |
| खुला | ९२ | ३२८ | ४२० |
| महिला | १२३ | ० | १२३ |
| आदिवासी /जनजाति | १७ | ३८ | ५५ |
| मधेसी | ५ | १५ | २० |
| दलित | ३ | ८ | ११ |
| थारू/राना थारू | १ | १ | २ |
| आर्थिक रूपले विपन्न खस आर्य | ० | १ | १ |
| पिछडिएको क्षेत्र | ० | १ | १ |
| **जम्मा** | २४१ | ३९२ | ६३३ |

चित्र नं.११




**स्थायी नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरूको तहगत विवरण**

तहगत आधारमा हेर्दा स्थायी नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरू क्रमशः चौथो तह र पाँचौं तहका पदमा सङ्ख्यात्मक रूपमा बढी छनौट भएको देखिन्छ । तह अनुसार स्थायी नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारको विवरण तालिका १५ मा प्रस्तुत गरिएको छ :-

**तालिका नं. १५**

**तह अनुसार स्थायी नियुक्तिका लागि सिफारिस सङ्ख्या**

| तह | सिफारिस सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरूष | जम्मा |
| चौथो | १४२ | २२५ | ३६७ |
| पाँचौं | ९९ | १६७ | २६६ |
| जम्मा | २४१ | ३९२ | ६३३ |

**चित्र नं. १२**




**प्रदेश र स्थानीय तहमा स्थायी नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरूको विवरण**

आ.व. २०७९/०८० मा प्रकाशित विज्ञापन बमोजिम प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा तर्फ सिफारिस भएका उम्मेदवारहरूको विवरण तालिका नं.१६ मा प्रस्तुत गरिएको छ । जसको विस्तृत विवरण अनुसूची-१४ मा दिइएको छ :-

**तालिका नं १६**

**आ.व. २०८०/०८१ को प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा तर्फको माग पदसङ्ख्या तथा सिफारिस सङ्ख्या**

| क्र. सं. | विज्ञापन नं | पद, सेवा, समूह | कुल माग सङ्ख्या | सिफारिस सङ्ख्या |
|---|---|---|---|---|
| १ | १०१-१०३/०७९-८० | सहायक, लेखासहायक, आ.ले.प सहायक, प्रशासन | ५४ | ५३ |
| २ | ५०१-५०४/०७९-८० | सब-इञ्जिनियर, इञ्जि., सिभिल, जनरल/हाइवे | ५० | ५० |
| ३ | ५०५-५०७/०७९-८० | सब-इञ्जिनियर, इञ्जि., सिभिल, बिल्डिङ एण्ड आर्किटेक्ट | ५ | ५ |
| ४ | ५०८-५०९/०७९-८० | प्राविधिक सहायक, कृषि, कृषि प्रसार/बागवानी/बाली विकास/बाली संरक्षण/माटो विज्ञान | ३० | ३० |
| ५ | ५१०-५११/०७९-८० | प्राविधिक सहायक/पशु सेवा प्राविधिक, पशु स्वास्थ्य प्राविधिक, कृषि, मत्स्य/ला.पो.एण्ड डे.डे./भेटेरिनरी | ४६ | ४६ |
| ६ | ५१२-५१८/०७९-८० | रेञ्जर, वन, जनरल फरेष्ट्री,स्वायल एण्ड वाटर कन्जर्भेसन | १८ | १८ |

| क्र. सं. | विज्ञापन नं | पद, सेवा, समूह | कुल माग सङ्ख्या | सिफारिस सङ्ख्या |
|---|---|---|---|---|
| ७ | ५१९-५२१/०७९-८० | कम्प्युटर अपरेटर, विविध | १० | १० |
| ८ | ५२२-५२३/०७९-८० | प्राविधिक सहायक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | १० | १० |
| ९ | ५२४-५२५/०७९-८० | पब्लिक हेल्थ नर्स, स्वास्थ्य, क.न. | ४ | ४ |
| १० | ५२६/०७९-८० | कविराज/आयुर्वेद सहायक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | ३ | ३ |
| ११ | ५२७-५२९/०७९-८० | हेल्थ असिष्टेण्ट स्वास्थ्य, हे.ई. | ३५ | ३५ |
| १२ | ५३०/०७९-८० | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | २ | २ |
| १३ | १०४-१०९/०७९-८० | सहायक/सहायक लेखापाल,प्रशासन,सा.प्र.र लेखा | ९८ | ९८ |
| १४ | ५३१/०७९-८० | खानेपानी तथा सरसफाइ टेक्निसियन, इञ्जि. सेवा, सिभिल, स्यानिटरी | ४ | ४ |
| १५ | ५३२-५३५/०७९-८० | असिष्टेण्ट सबइञ्जिनियर, इञ्जि., सिभिल | ५९ | ५९ |
| १६ | ५३६/०७९-८० | अमिन, इञ्जि., सर्भे | ८ | ८ |
| १७ | ५३७-५३८/०७९-८० | नायव प्राविधिक सहायक, कृषि, कृषि प्रसार | ३१ | ३१ |
| १८ | ५३९-५४०/०७९-८० | नायव पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. नायव पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | ७० | ७० |
| १९ | ५४१/०७९-८० | सहायक कम्प्युटर अपरेटर, विविध | १ | १ |
| २० | ५४२-५४६/०७९-८० | अ.न.मी., स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग | ५१ | ५१ |
| २१ | ५४७/०७९-८० | वैद्य, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | ३ | ३ |
| २२ | ५४८/०७९-८० | ल्याब असिस्टेण्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | १ | १ |
| २३ | ५४९-५५३/०७९-८० | अ.हे.व., स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | ४१ | ४१ |
| | | **जम्मा** | **६३४** | **६३३** |

*नोटः- आर्थिक वर्ष २०७९/८० मा सहायकस्तरका पदहरूका लागि ६३४ जनाको विज्ञापन प्रकाशित भएकोमा प्रशासन सेवा, सा.प्र समूहमा जम्मा ४१ माग पदसङ्ख्या रहेको, उक्त पदको महिला समूहमा १० पद सङ्ख्या सिफारिस हुनु पर्नेमा लिखित परीक्षाबाट अन्तरवार्ताका लागि छनौट भएका उम्मेदवारहरू अन्य प्रदेशमा सिफारिस भएको हुँदा अन्तरवार्तामा नै अनुपस्थित भएकोले आवश्यक पदसङ्ख्या भन्दा १ पद कम सिफारिस भएको ।*

चित्र नं. १३




## प्रदेश र स्थानीय तहमा स्थायी नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरूको प्रदेशगत र जिल्लागत विवरण

यस अवधिमा सिफारिस भएका उम्मेदवारहरूमध्ये सबै भन्दा धेरै उम्मेदवार प्रदेशगतको हिसाबले सुदूरपश्चिम प्रदेश र जिल्लागतको हिसाबले दार्चुला जिल्लाबाट सिफारिस भएका छन् भने सबै भन्दा कम बागमती प्रदेश र जिल्लागत हिसाबमा धेरै जिल्लाबाट १/१ जना सिफारिस भएका छन् । जसको विस्तृत विवरण तालिका नं.१७ मा प्रस्तुत गरिएको छ :-

तालिका नं.१७

| क्र.सं. | प्रदेश | जिल्ला | जम्मा सिफारिस सङ्ख्या | प्रदेश अनुसार सिफारिस सङ्ख्या |
|---|---|---|---|---|
| १ | सुदूरपश्चिम | दार्चुला | ४४ | २९८ |
| | | कञ्चनपुर | ४३ | |
| | | बैतडी | ३८ | |
| | | बझाङ्ग | ३७ | |
| | | कैलाली | ३५ | |
| | | डोटी | २८ | |
| | | बाजुरा | २७ | |
| | | डडेल्धुरा | २४ | |
| | | अछाम | २२ | |

| क्र.सं. | प्रदेश | जिल्ला | जम्मा सिफारिस सङ्ख्या | प्रदेश अनुसार सिफारिस सङ्ख्या |
|---|---|---|---|---|
| २ | कर्णाली | रूकुमपश्चिम | ३१ | १२५ |
| | | दैलेख | १७ | |
| | | सुर्खेत | १७ | |
| | | सल्यान | १६ | |
| | | जुम्ला | १३ | |
| | | जाजरकोट | ९ | |
| | | कालिकोट | ८ | |
| | | हुम्ला | ७ | |
| | | मुगु | ४ | |
| | | डोल्पा | ३ | |
| ३ | लुम्बिनी | बर्दिया | २२ | ७३ |
| | | रोल्पा | १३ | |
| | | दाङ | १० | |
| | | प्युठान | ६ | |
| | | कपिलवस्तु | ५ | |
| | | अर्घाखाँची | ४ | |
| | | बाँके | ३ | |
| | | रूपन्देही | ३ | |
| | | पाल्पा | २ | |
| | | नवलपरासी पश्चिम | २ | |
| | | गुल्मी | २ | |
| | | रूकुमपूर्व | १ | |
| ४ | गण्डकी | बागलुङ | ६ | २४ |
| | | स्याङ्जा | ५ | |
| | | लमजुङ | ३ | |
| | | पर्वत | ३ | |
| | | कास्की | २ | |
| | | गोरखा | २ | |

| क्र.सं. | प्रदेश | जिल्ला | जम्मा सिफारिस सङ्ख्या | प्रदेश अनुसार सिफारिस सङ्ख्या |
|---|---|---|---|---|
| | | नवलपरासी पूर्व | १ | |
| | | तनहुँ | १ | |
| | | म्याग्दी | १ | |
| ५ | बागमती | सिन्धुली | ३ | ११ |
| | | दोलखा | २ | |
| | | चितवन | १ | |
| | | काठमाडौं | १ | |
| | | धादिङ्ग | १ | |
| | | काभ्रेपलाञ्चोक | १ | |
| | | रसुवा | १ | |
| | | मकवानपुर | १ | |
| ६ | मधेश | रौतहट | २० | ९० |
| | | सर्लाही | १४ | |
| | | महोत्तरी | १२ | |
| | | सिरहा | १२ | |
| | | धनुषा | ११ | |
| | | बारा | ९ | |
| | | सप्तरी | ८ | |
| | | पर्सा | ४ | |
| ७ | कोशी | सुनसरी | ४ | १२ |
| | | संखुवासभा | ३ | |
| | | ओखलढुंगा | २ | |
| | | मोरङ | १ | |
| | | खोटाङ्ग | १ | |
| | | इलाम | १ | |
| जम्मा | | | ६३३ | ६३३ |

**चित्र नं. १४**




## प्रदेश निजामती सेवाका एघारौं तहमा बढुवा नियुक्तिका लागि सिफारिस विवरण

आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकार मातहतका मन्त्रालयहरूबाट विभिन्न सेवा,समूह, उपसमूह, एघारौं तहका प्राविधिक पदहरूको बढुवाबाट पदपूर्ति गर्ने प्रयोजनका लागि माग पदसङ्ख्या २० प्राप्त भइ बढुवाद्वारा पदपूर्ति गर्न कानुन बमोजिम दुई पटक विज्ञापन प्रकाशन गरी बढुवा प्रक्रिया सम्पन्न गरी ९ जना उम्मेदवारहरू बढुवा नियुक्तिका लागि बढुवा समितिको सचिवालयबाट सिफारिस गरिएको थियो । जसलाई तालिकका नं. १८ बाट देखाइएको छ:-

**तालिका नं. १८**

| क्र. सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | तह | बढुवा सिफारिस सङ्ख्या |
|---|---|---|---|---|
| १ | २/२०८०-८१ | प्रदेश वन निर्देशक, वन,जनरल फरेष्ट्री | एघारौं | १ |
| २ | ३/२०८०-८१ | प्रमुख, कृषि, समूहकृत नहुने | एघारौं | २ |
| ३ | ४/२०८०-८१ | निर्देशक, कृषि, भेटेरीनरी/ला.पो.एण्ड डे.डे./मत्स्य | एघारौं | १ |
| ४ | ५/२०८०-८१ | निर्देशक, शिक्षा, शिक्षा प्रशासन | एघारौं | १ |
| ५ | ६/२०८०-८१ | निर्देशक, स्वास्थ्य, हेल्थ एजुकेशन | एघारौं | १ |

| क्र. सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | तह | बढुवा सिफारिस सङ्ख्या |
|---|---|---|---|---|
| ६ | ११/२०८०-८१ | प्रमुख कन्सल्टेन्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | एघारौं | १ |
| ७ | १२/२०८०-८१ | प्रमुख कन्सल्टेन्ट अब्सट्रेटिसियन एण्ड गाइनाकोलोजिष्ट, स्वास्थ्य, अब्सट्रेटिसियन गाइनोकोलोजी | एघारौं | १ |
| ८ | १५/२०८०-८१ | प्रमुख, कृषि, समूहकृत नहुने | एघारौं | १ |
| | | जम्मा | | ९ |

## ५.१२ वैकल्पिक उम्मेदवार सिफारिस

आ.व. २०७८/०७९ र २०७९/०८० मा प्रकाशित विज्ञापनका लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरूमध्ये मुख्य उम्मेदवारमा सिफारिस हुन नसकेका वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरूलाई मुख्य उम्मेदवार सिफारिस भएको मितिले १ बर्ष भित्र रिक्त रहेमा वैकल्पिक सूचीबाट स्थायी नियुक्तिका लागि सिफारिस गर्ने व्यवस्था बमोजिम यस प्रतिवेदन अवधिमा चौथो र पाँचौं तहका विभिन्न सेवा समूह र उपसमूहका पदहरूमा प्रदेश तथा स्थानीय तहमा गरी जम्मा ८० जना नियुक्तिका लागि वैकल्पिक सिफारिस गरिएका छन्। वैकल्पिक सिफारिसका भएका उम्मेदवारहरूको विस्तृत सङ्ख्यात्मक विवरण तालिका नं १९ मा दिइएको छ :-

**तालिका नं १९**

| सि.नं. | वि.नं. | सेवा/समूह | तह | पद | उम्मेदवार सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ५२७/०७८-७९ | स्वास्थ्य/प.हे.न. | चौथो | अ.न.मी. | ४ |
| २ | ५३२-५३६/०७८-७९ | स्वास्थ्य/हे.ई. | चौथो | अ.हे.व. | ७ |
| ३ | ५१५/०७८-७९ | स्वास्थ्य/प.हे.न. (प्रदेश) | चौथो | अ.न.मी. | १ |
| ४ | ५०९/०७८-७९ | शिक्षा/शिक्षा प्रशासन | पाँचौ | प्राविधिक सहायक | १ |
| ५ | ५१८/०७८-७९ | स्वास्थ्य, मे.ल्या.टे | चौथो | ल्याब असिस्टेण्ट | १ |
| ६ | ५१३-५१५/०७९-८० | वन/ज.फ. | पाँचौ | रेञ्जर | २ |
| ७ | ५२३/०७९-८० | शिक्षा/शिक्षा प्रशासन | पाँचौ | प्राविधिक सहायक | १ |
| ८ | १०१/०७९-८० | प्रशासन, सा.प्र./लेखा | पाँचौ | सहायक / लेखा सहायक/आ.ले.प. | ४ |

| सि.नं. | वि.नं. | सेवा/समूह | तह | पद | उम्मेदवार सङ्ख्या |
|---|---|---|---|---|---|
| ९ | ५१०/०७९-८० | कृषि, भेटेरिनरी/ला.पो. एण्ड डे.डे. | पाँचौ | पशु स्वास्थ्य प्राविधिक/ पशु सेवा प्राविधिक | ४ |
| १० | ५१९/०७९-८० | विविध | पाँचौ | कम्प्युटर अपरेटर | २ |
| ११ | ५३१/०७९-८० | इन्जिनियरिङ्ग/सिभिल | चौथो | खा.पा.स.टे. | १ |
| १२ | ५३६/०७९-८० | इन्जिनियरिङ्ग/सर्भे | चौथो | अमिन | १ |
| १३ | ५२७-५२८/०७९-८० | स्वास्थ्य, हे.ई. | पाँचौ | हेल्थ असिस्टेण्ट | ४ |
| १४ | ५०१-५०२/०७९-८० | इन्जिनियरिङ्ग, सिभिल, जनरल/हाइवे | पाँचौ | सब इन्जिनियर | ५ |
| १५ | ५०५/०७९-८० | इन्जिनियरिङ्ग, सिभिल, वि. एण्ड आ. | पाँचौ | सब इन्जिनियर | १ |
| १६ | ५३७/०७९-८० | कृषि, कृषि प्रसार | चौथो | नायब प्राविधिक सहायक | २ |
| १७ | ५४९-५५३/०७९-८० | स्वास्थ्य, हे.ई. | चौथो | अ.हे.व. | ४ |
| १८ | ५३९/०७९-८० | कृषि, ला.पो.एण्ड डे.डे./भेटेरिनरी | चौथो | नायब पशु सेवा प्राविधिक | ४ |
| १९ | ५४२-५४५/०७९-८० | स्वास्थ्य, प.हे.न. | चौथो | अ.न.मी. | ७ |
| २० | ५३२/०७९-८० | इन्जिनियरिङ्ग, सिभिल | चौथो | असिस्टेण्ट सब इन्जिनियर | २ |
| २१ | ५४७/०७९-८० | स्वास्थ्य, आयुर्वेद | चौथो | वैद्य | १ |
| २२ | १०४-१०८/०७९-८० | प्रशासन, सा.प्र./लेखा | पाँचौ | सहायक / सहायक लेखापाल | २१ |
| | | | जम्मा | | ८० |

## ५.१३ प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका तर्जुमा

आयोगको कार्य प्रक्रियालाई थप सहज र व्यवस्थित बनाउन प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७८ को सट्टा प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० तर्जुमा भइ कार्यान्वयनमा रहेको छ।

## ५.१४ वेबसाइटको निर्माण

सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने उद्देश्यले यस आयोगले विभिन्न सूचना, प्रेस विज्ञप्ती, पदपूर्ति सम्बन्धी जानकारी, आयोग सम्बन्धी ऐन, नियमावली र निर्देशिकाहरू सम्बन्धित सबै पक्षलाई छिटो,

छरितो, पारदर्शी र निष्पक्ष रूपमा जानकारी दिने उद्देश्यले आफ्नो वेबसाइट निमार्ण गरी अद्यावधिक गरिएको छ । साथै परीक्षार्थीहरूका लागि परीक्षा सम्बन्धी सूचना, पाठ्यक्रम, ऐन, नियमावली, निर्देशिका लगायत विभिन्न विषयहरू समेत राखिएका छन् । विज्ञापन प्रकाशन, उम्मेदवारको स्वीकृत नामावली प्रकाशन, परीक्षाको समय तालिका, परीक्षा केन्द्र, परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता तथा सिफारिस गर्ने लगायतका सबै आधिकारिक सूचनाहरू यसै वेबसाइट https://psc.sudurpashchim.gov.np मार्फत सम्बन्धित सबैलाई जानकारी हुने व्यवस्था मिलाइएको छ । वेबसाइटलाई समयानुकूल विकसित प्रणाली बमोजिम Upgrade गर्दै लगिएको छ।

## ५.१५ अनलाइन दरखास्त प्रणालीको निर्माण

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगको कार्यक्षेत्र भित्रका निकायहरूका रिक्त पदहरूमा पदपूर्ति सम्बन्धी कार्यलाई प्रविधिको उच्चतम प्रयोग गरी छिटो, छरितो, सरल, मितव्ययी र प्रभावकारी तरिकाले सम्पादन गर्न अनलाइन प्रणाली https://ppsconline.sudurpashchim.gov.np को निर्माण गरिएको छ ।

यस प्रणालीबाट विज्ञापन भएको सूचना र विज्ञापन भएको पदमा दरखास्त दिने, दरखास्त दिएको पदका लागि तोकिएको राजश्व अनलाइन प्रणालीबाटै भुक्तानी गर्न सक्ने, तोकिएको विवरण र आवश्यक कागजात सहित उम्मेदवारले आफ्नो विवरण दर्ता गरी आफ्नो प्रोफाइलमा व्यक्तिगत विवरणहरू, अतिरिक्त विवरणहरू, सम्पर्क, शिक्षा, तालिम, व्यवसायिक परिषद् दर्ता, अनुभव, अन्य कागजातहरू राख्न सक्ने व्यवस्था रहेको छ । यस प्रणालीबाट उम्मेदवारहरूले आफ्नो दरखास्त स्वीकृत वा अस्वीकृत भएको जानकारी प्राप्त गर्न सक्ने र दरखास्त स्वीकृत भएका उम्मेदवारले अनलाइन प्रणालीबाट Admit Card प्राप्त गर्ने व्यवस्था मिलाइएको छ । यस प्रणालीलाई समयानुसार Upgrade गर्दै लगिएको छ ।

## ५.१६ कुल प्राप्ताङ्क व्यवस्थापन प्रणाली (Total Marks Management System- TMMS)

लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भइ अन्तर्वार्तामा सम्मिलित उमेदवारहरूले सम्बन्धित विज्ञापनको सिफारिश भएको मितिले ७ दिनपछि आफूले प्राप्त गरेको कुल अङ्क हेर्न सक्ने गरी कुल प्राप्ताङ्क व्यवस्थापन प्रणाली (**Total Marks Management System- TMMS)** बनाइ सञ्चालन गरिएको छ ।

## ५.१७ विषयविज्ञ वा विशेषज्ञको रोष्टर निर्माण

प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन निर्देशिका), २०७८ को अनुसूची ६३ मा व्यवस्था भएको विज्ञको विवरण सङ्कलनका लागि निवेदन फारम स्वीकृत गरी आयोगको कार्यालयबाट रोष्टर फाराम भर्ने सम्बन्धी सूचना प्रकाशन गरिएको थियो। दक्ष विज्ञको विवरण सङ्कलन गर्न अनलाइन प्रणालीको समेत व्यवस्था गरिएको छ । आयोगका विभिन्न बैठकहरूबाट प्रदेश निजामती सेवा र

स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह, उपसमूहका तहका पदको पाठ्यक्रम निमार्ण, प्रश्नपत्र निमार्ण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण, सीप परीक्षण, समूह छलफल तथा अन्तर्वार्ता प्रयोजनका लागि दक्ष/विज्ञ/विशेषज्ञको विवरण सङ्कलन गरी रोष्टर सूची तयारी गर्ने कार्य भइ रहेकोमा यस अवधिमा पनि यस कार्यलाई निरन्तरता दिइएको छ ।

## ५.१८ मोबाइल एप्लिकेशन निर्माण

सरोकारवालाहरूलाई आयोगका सूचना, विज्ञापन, लिखित नतिजा, अन्तर्वार्ता, तथा सिफारिस लगायतका विभिन्न गतिविधिका बारेमा मोबाइलबाटै जानकारी दिने उद्देश्यले PPSC Sudurpashchim नामक एन्ड्रोईड मोबाइल एप्लिकेशन निर्माण गरिएको छ ।

## ५.१९ अन्य निकायसँग पत्राचार

- ✓ कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ बमोजिम प्रदेश मन्त्रालय र मातहत निकायमा सेवा प्रवाहका लागि नेपाल सरकारले स्वीकृत गरेको सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी तेरिज भित्र रहेका रिक्त पदहरूको पदपूर्ति गर्ने प्रयोजनको लागि रिक्त पदको माग आकृति फारम भरि पठाउन प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा (१६) बमोजिम प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ को परिच्छेद ३, को नियम ५ मा उल्लेख भए अनुसार सोही नियमावलीको अनुसूची १ बमोजिमको ढाँचामा प्रदेश मन्त्रालयहरू र स्थानीय तहहरूमा रिक्त पदको माग आकृति फारम भरि आयोगमा पठाउने व्यवस्थाका लागि सुदूरपश्चिम प्रदेशका सबै मन्त्रालय र स्थानीय तहहरूलाई अनुरोध गरिएको छ ।
- ✓ प्रदेश लोक सेवा आयोग, पाठ्यक्रम निर्धारण समितिको बैठकमा सम्बन्धित विषयविज्ञ/विशेषज्ञबाट प्राप्त पाठ्यक्रमको मस्यौदा उपर छलफल भइ तयार भएको अन्तिम मस्यौदा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १४ को उपदफा (४) बमोजिम सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तहको राय प्रतिक्रियाको लागि प्रदेश मन्त्रालयहरू र स्थानीय तहमा पाठ्यक्रमको मस्यौदा पठाउने गरिएको छ।

## ५.२० <u>आन्तरिक व्यवस्थापन</u>

- ✓ प्रदेश लोक सेवा आयोगबाट प्रदेश र स्थानीय तहको लागि विभिन्न सेवा, समूह, उपसमूह र तहका संयुक्त तथा एकीकृत परीक्षा प्रणाली अनुसार परीक्षा सञ्चालन हुने गरी ८८ वटा पदका पाठ्यक्रमहरू स्वीकृत गरी सार्वजनिक गरिएको।
- ✓ आयोगबाट सम्पादन हुने हरेक क्रियाकलाप र निर्णयको जानकारी दिने हेतुले psc.sudurpashchim.gov.np वेबसाइट सञ्चालन गरिएको र स्तरोन्नतिको कार्य समेत समय समयमा हुने गरेको छ।

- ✓ दक्षविज्ञहरूको रोष्टर तयार गर्ने प्रयोजनका लागि अनलाइन फाराम बनाइ दक्ष विज्ञ मनोनयन फाराम सङ्कलन गरेर रोष्टर सूची तयार गरिएको र आवश्कता अनुसार थपघटको कार्य समेत हुने गरेको ।
- ✓ प्रदेश तथा स्थानीय तहहरूमा रिक्त रहेका दरबन्दी विवरणहरू, माग आकृति फाराम भरी माग गर्न प्रदेश सरकार र सबै स्थानीय तहहरूमा पत्राचार भइ माग सङ्कलन गरी पदपूर्ति कार्य प्रारम्भ भएको।
- ✓ विद्युतीय दरखास्त प्रणाली (Province Public Service Recruitment Management System) निर्माण गरी दरखास्त दस्तुर राजश्व खातामा जम्मा गर्न RMIS सँग आबद्धता गरिएको ।
- ✓ विद्युतीय प्रणालीबाट कार्यालयको दर्ता, चलानी र कर्मचारी सूचना प्रणाली व्यवस्थित गर्न अप्लिकेशन निर्माण भइ कार्य सञ्चालन गरिएको ।
- ✓ सूचना प्रविधिमा आधारित सीप परीक्षण तथा प्रयोगात्मक परीक्षा सञ्चालनका लागि कम्प्युटर प्रयोगशाला स्थापना गरिएको।
- ✓ बैठक कक्ष तथा सभाहललाई थप व्यवस्थित गरिएको ।
- ✓ आयोगलाई अति आवश्यक मेसिनरी औजार र फर्निचर फिक्चर्स तथा कार्यालय समान खरिद गरिएको ।
- ✓ आयोगको परिसर एवम् कार्यकक्षको सुरक्षाको लागि सि.सि.टि.भि. जडान तथा सञ्चालन गरिएको ।
- ✓ आयोगको परिसरमा सवारी साधन पार्किङका लागि पार्किङ स्थल तयार गरिएको ।
- ✓ आयोग लगायत विषयविज्ञ/विशेषज्ञहरूका लागि पुस्तकालय/वाचनालय व्यवस्थापन गरिएको ।
- ✓ आयोगको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन प्रदेश प्रमुखज्यू समक्ष पेश गरिएको।
- ✓ लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन र अन्तरप्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठीमा भएका निर्णय तथा प्रतिबद्धताहरू कार्यान्वयन भैरहेको।
- ✓ आयोगमा रहेका प्रश्नपत्रहरू, उत्तरपुस्तिकाहरू र संवेदनशील भौतिक सामग्रीहरूको सुरक्षा गर्न २४सै घण्टा खटिने गरी आवश्यक व्यवस्था मिलाइएको छ।
- ✓ आयोगको वार्षिक कार्यतालिका प्रकाशित गरिएको ।
- ✓ सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहहरूले प्रचलित कानुन विपरित गरेका कर्मचारी सम्बन्धी पदपूर्ति, बढुवा, स्तरवृद्धि लगायतका कामकारबाहीहरू कार्यान्वयन नगर्न नगराउन पत्राचार गरिएको।

- ✓ यस प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहबाट कर्मचारी बढुवा तथा स्तरवृद्धि लगायतका विविध विषयमा प्राप्त उजुरीको छानविनको कार्य गरिएको र कतिपयको छानविन जारी रहेको छ।
- ✓ OMR मेसिनहरू जडान गरी वस्तुगत उत्तरपुस्तिका परीक्षण गर्ने गरेको ।

## ५.२१ अनुगमन तथा निरीक्षण

संविधान, ऐन, नियमावली र प्रचलित कानुन तथा आयोगले समय समयमा तोकेको कार्यविधि र सर्त बमोजिम नियुक्ति, बढुवा र विभागीय कारबाही भएको छ, छैन भन्ने सम्बन्धमा आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभाग, निर्देशनालय र कार्यालय, स्थानीय तह, प्रदेश अन्य सरकारी सेवा सञ्चालन गर्ने निकाय, प्रदेश सङ्गठित संस्था र स्थानीय तहको सङ्गठित संस्थाको अनुगमन तथा निरीक्षण गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ। ती निकायहरूबाट भए गरेका नियुक्ति, बढुवा तथा विभागीय कारबाही सम्बन्धी कार्यहरू प्रचलित कानुन अनुकूल हुने गरी परिपालना गर्न गराउन आयोगको अनुगमन तथा निरीक्षण कार्यले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ। अनुगमन तथा निरीक्षण गर्ने क्रममा उक्त निकायहरूको दरबन्दी संरचना, पदपूर्तिको अवस्था, बढुवा सम्बन्धी, बढुवा उजुरी सम्बन्धी, विभागीय सजाय लगायतका विषयहरूलाई अनुगमनको आधारको रूपमा लिइन्छ।

यस आर्थिक वर्ष २०८०/०८१ मा आयोगका पदाधिकारी तथा कर्मचारीहरूको सहभागितामा यस प्रदेश अन्तर्गतका देहाय बमोजिमका स्थानीय तहहरूमा अनुगमन तथा निरीक्षण गरी उक्त स्थानीय तहहरूको दरबन्दी संरचना, पदपूर्तिको अवस्था, बढुवा सम्बन्धी, बढुवा उजुरी सम्बन्धी, विभागीय सजाय लगायतका विषयहरूको अनुगमन तथा निरीक्षण गरियो एवम् आयोगसँग सम्बन्धित विविध विषयमा छलफल तथा अन्तर्क्रियात्मक कार्यक्रम समेत गरियो। स्थानीय तहहरूको दरबन्दी संरचना, पदपूर्तिको अवस्था, बढुवा सम्बन्धी, बढुवा उजुरी सम्बन्धी, विभागीय सजाय लगायतका विषयहरूको अनुगमन तथा निरीक्षण गरी उल्लिखित विषयमा सुधारका लागि प्रयास गर्नु हो। साथै आगामी पदपूर्ति कार्यलाई थप व्यवस्थित बनाउनु हो।

**तालिका नं. २०**

**आर्थिक वर्ष २०८०/०८१ मा अनुगमन तथा निरीक्षण गरिएका स्थानीय तहहरू**

| क्र.सं. | अनुगमन मिति | अनुगमन तथा निरीक्षण गर्ने पदाधिकारी तथा कर्मचारीहरू | अनुगमन तथा निरीक्षण गरिएका स्थानीय तहहरू |
|---|---|---|---|
| १ | मिति २०८०/११/०९ गतेदेखि २०८०/११/१३ गतेसम्म | अध्यक्ष श्री यज्ञराज बोहरा | बेलौरी नगरपालिका, कञ्चनपुर |
| | | सदस्य श्री भागरथी राना | बेलडाँडी गाउँपालिका, कञ्चनपुर |
| | | शाखा अधिकृत श्री सत्यराज जोशी | लालझाडी गाउँपालिका, कञ्चनपुर |
| | | नायब सुब्बा श्री दिर्घमती जोशी | पुनर्वास नगरपालिका, कञ्चनपुर |

| क.सं. | अनुगमन मिति | अनुगमन तथा निरीक्षण गर्ने पदाधिकारी तथा कर्मचारीहरू | अनुगमन तथा निरीक्षण गरिएका स्थानीय तहहरू |
|---|---|---|---|
| २ | मिति २०८१/०२/१५ गतेदेखि २०८१/०२/२१ गतेसम्म | अध्यक्ष श्री यज्ञराज बोहरा | साँफेबगर नगरपालिका, अछाम कमलबजार नगरपालिका, अछाम बान्निगढी जयगढ गाँउपालिका, अछाम, पञ्चदेवल विनायक नगरपालिका, अछाम मंगलसेन नगरपालिका, अछाम |
| | | लेखा अधिकृत श्री यज्ञराज लेखक | |
| | | क. अ. श्री मीना भट्ट | |
| | | ह.स.चा. श्री प्रकाश भट्ट | |
| | | का.स. श्री रामवती राना | |
| ३ | मिति २०८१/०२/२७ गतेदेखि २०८१/०३/०१ गतेसम्म | अध्यक्ष श्री यज्ञराज बोहरा | गौरीगंगा नगरपालिका, कैलाली चुरे गाउँपालिका, कैलाली जोशीपुर गाउँपालिका, कैलाली कैलारी गाउँपालिका, कैलाली |
| | | उपसचिव श्री हिरालाल चौधरी | |
| | | शाखा अधिकृत श्री सत्यराज जोशी | |
| | | शाखा अधिकृत श्री सरोज चौधरी | |
| | | सहायक पाँचौ श्री विष्णु साउँद | |
| | | कम्प्युटर अपरेटर श्री भागरथी भट्ट | |
| ४ | मिति २०८०/१०/१० गतेदेखि २०८०/१०/१४ गतेसम्म | सदस्य श्री लक्ष्मण बहादुर खड्का | जोरायल गाउँपालिका, डोटी परशुराम नगरपालिका, डडेल्धुरा |
| | | अधिकृत श्री देवेन्द्र शाह | |
| ५ | मिति २०८०/११/१५ गतेदेखि २०८०/११/२१ गतेसम्म | सदस्य श्री लक्ष्मण बहादुर खड्का | कमलबजार नगरपालिका, अछाम पञ्चदेवल विनायक नगरपालिका, अछाम |
| | | शाखा अधिकृत श्री धनराज धामी | |
| ६ | मिति २०८०/११/१५ गतेदेखि २०८०/११/२१ गतेसम्म | सदस्य श्री भागरथी राना | शिखर नगरपालिका, डोटी पूर्वीचौकी गाउँपालिका, डोटी चौरपाटी गाउँपालिका, अछाम बान्नीगढी जयगढ गाउँपालिका, अछाम |
| | | उपसचिव श्री हिरालाल चौधरी | |
| | | शाखा अधिकृत श्री मीना जोशी | |
| | | शाखा अधिकृत श्री सरोज चौधरी | |
| | | सहायक पाँचौ श्री रेवती कुमारी भट्ट | |
| ७ | मिति २०८१/०३/०९ गतेदेखि २०८१/०३/१५ गतेसम्म | सदस्य श्री भागरथी राना | नवदुर्गा गाउँपालिका, डडेल्धुरा पाटन नगरपालिका, बैतडी |
| | | शाखा अधिकृत श्री मीना जोशी | |
| | | कम्प्युटर अधिकृत श्री विर सिंह भण्डारी | |
| | | नायब सुब्बा श्री दिर्घमती जोशी | |
| | | सहायक श्री भानुभक्त भट्टराई | |
| | | ह.स.चा. श्री रमेशराज भट्ट | |
| | | का.स. श्री टिकाराम भट्ट | |

**अनुगमनको क्रममा देखा परेका प्रमुख समस्या :**

- ✓ स्थानीय तहमा कार्यरत कर्मचारीहरूमा वृत्ति विकास एवम् सरूवाको विषयमा अन्योलता रहनु।
- ✓ दरबन्दी अनुसार पदपूर्ति नहुनु ।
- ✓ केही स्थानीय तहहरूमा स्वास्थ्य तर्फका कर्मचारीहरू दरबन्दी भन्दा बढी कार्यरत रहेका ।
- ✓ स्वीकृत दरबन्दी भन्दा बढी सङ्ख्यामा माग आकृति फाराम भरी पठाउनु।
- ✓ पदपूर्तिको लागि समयमा माग आकृति फाराम भरी पठाउने विषयमा अन्योलता देखिनु।
- ✓ काजमा रहेको पदलाई रिक्त मानी माग आकृति फाराम भरी पठाउनु।
- ✓ सेवा करारमा नियुक्ति गरी स्थायी पदपूर्तिको लागि माग आकृति फाराम भरी नपठाउनु।
- ✓ प्रमुख प्रशासकीय अधिकृत छिटो छिटो फेरबदल भइरहनु ।
- ✓ वैकल्पिक उम्मेदवार सिफारिसका लागि प्रदेश लोक सेवा आयोगमा माग गर्नुपर्ने व्यवस्था भएता पनि कतिपय स्थानीय तहले सो अनुसार माग नगर्नु ।

**सुझावहरू तथा निर्देशन :**

- ✓ स्थानीय सरकारी सेवा ऐन तर्जुमा पछि स्थानीय तहमा कार्यरत कर्मचारीहरूको वृत्ति विकासको विषय टुँगो लाग्ने देखिन्छ।
- ✓ स्वीकृत दरबन्दी बमोजिम तोकिएको समयमा माग आकृति फाराम भरी पठाउने।
- ✓ आयोगले नियुक्तिको लागि सिफारिस गरेका उम्मेदवारहरूलाई हाजिर गराइ काममा लगाउने।
- ✓ रिक्त भएका सबै पदहरू पदपूर्तिको लागि आयोगमा पठाउने।
- ✓ आयोगको परामर्श लिएर मात्र बढुवा र स्तरवृद्धि सम्बन्धी कार्य गर्ने।
- ✓ काज सरूवा भइ गएको कर्मचारीको पदलाई रिक्त मानी माग आकृति फाराम भरी नपठाउने।
- ✓ सेवा करारमा नियुक्ति गर्ने प्रवृत्तिको अन्त्य गरी स्थायी पदपूर्तिको लागि माग आकृति फाराम भरी पठाउने।
- ✓ वैकल्पिक उम्मेदवार सिफारिसका लागि समयमै प्रदेश लोक सेवा आयोगमा माग गर्ने ।

## ५.२२ परीक्षा सञ्चालन सम्बन्धी अभिमुखीकरण

प्रदेश लोक सेवा आयोगले लिखित परीक्षा सञ्चालनमा खटिने जनशक्ति केन्द्राध्यक्ष र समन्वयकर्ताहरूको लागि परीक्षा सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ। अभिमुखीकरण कार्यक्रममा आयोगका पदाधिकारीज्यूहरू र सचिवज्यू समेत उपस्थित भइ आवश्यक

निर्देशन दिनु भएको छ। प्रतिवेदन अवधिमा १५९ जना केन्द्राध्यक्ष र ८९ जना समन्वयकर्ताहरू गरी जम्मा २४८ जनालाई परीक्षा सञ्चालन सम्बन्धी अभिमुखीकरण गरिएको छ।

## ५.२३ आयोगबाट आ.व. २०८०।०८१ मा पदपूर्ति सम्बन्धी भएका कामहरूको सारांश तालिका

तालिका नं. २१

| क्र. सं. | विज्ञापन नं | पद, सेवा, समूह | कुल माग सङ्ख्या | जम्मा दरखास्त | स्वीकृत दरखास्त | लिखित परीक्षामा उपस्थित सङ्ख्या | लिखित परीक्षाबाट छनौट सङ्ख्या | सिफारिस सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | १०१-१०३/०७९-८० | सहायक, लेखासहायक, आ.ले.प सहायक, प्रशासन | ५४ | १०५९८ | १०५९८ | ७४६२ | ९२ | ५३ |
| २ | ५०१-५०४/०७९-८० | सब-इञ्जिनियर, इञ्जि., सिभिल, जनरल/हाइवे | ५० | ५६३२ | ३९१४ | २७०७ | ९६ | ५० |
| ३ | ५०५-५०७/०७९-८० | सब-इञ्जिनियर, इञ्जि., सिभिल, विल्डिङ एण्ड आर्किटेक्ट | ५ | ९४८ | ५९५ | ४०० | १९ | ५ |
| ४ | ५०८-५०९/०७९-८० | प्राविधिक सहायक, कृषि, कृषि प्रसार/बागवानी/बालि विकास/बाली संरक्षण/माटो विज्ञान | ३० | ४१०२ | ३२५० | २६३० | ५५ | ३० |
| ५ | ५१०-५११/०७९-८० | प्राविधिक सहायक/पशु सेवा प्राविधिक, पशु स्वास्थ्य प्राविधिक, कृषि, मत्स्य/ला.पो.एण्ड डे.डे./भेटेरिनरी | ४६ | १४३५ | ११५४ | १०१३ | ६१ | ४६ |
| ६ | ५१२-५१८/०७९-८० | रेञ्जर, वन, जनरल फरेष्ट्री,स्वायल एण्ड वाटर कन्जर्भेसन | १८ | ७९५ | ६१३ | ४६९ | ३६ | १८ |
| ७ | ५१९-५२१/०७९-८० | कम्प्युटर अपरेटर, विविध | १० | ३२३३ | २०६५ | १४०५ | ३४ | १० |
| ८ | ५२२-५२३/०७९-८० | प्राविधिक सहायक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | १० | ७८८४ | ५३७९ | ३९०१ | १६ | १० |
| ९ | ५२४-५२५/०७९-८० | पब्लिक हेल्थ नर्स, स्वास्थ्य, क.न. | ४ | ३११ | १९७ | १४६ | ९ | ४ |
| १० | ५२६/०७९-८० | कविराज/आयुर्वेद सहायक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | ३ | २२० | १५२ | ११५ | ५ | ३ |

| क्र. सं. | विज्ञापन नं | पद, सेवा, समूह | कुल माग सङ्ख्या | जम्मा दरखास्त | स्वीकृत दरखास्त | लिखित परीक्षामा उपस्थित सङ्ख्या | लिखित परीक्षाबाट छनौट सङ्ख्या | सिफारिस सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| ११ | ५२७-५२९/०७९-८० | हेल्थ असिष्टेण्ट स्वास्थ्य, हे.ई. | ३५ | ३७८४ | २९७० | २०२८ | ७७ | ३५ |
| १२ | ५३०/०७९-८० | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | २ | ३२६ | १८३ | १३८ | ४ | २ |
| १३ | १०४-१०९/०७९-८० | सहायक/सहायक लेखापाल,प्रशासन,सा.प्र.र लेखा | ९८ | ११८१६ | ११७९९ | ७७२२ | १३५ | ९८ |
| १४ | ५३१/०७९-८० | खानेपानी तथा सरसफाई टेक्निसियन, इञ्जि. सेवा, सिभिल, स्यानिटरी | ४ | ३०२४ | ३०१६ | १९५६ | १३ | ४ |
| १५ | ५३२-५३५/०७९-८० | असिष्टेण्ट सबइञ्जिनियर, इञ्जि., सिभिल | ५९ | ८६७६ | ८६४२ | ४८६१ | ९३ | ५९ |
| १६ | ५३६/०७९-८० | अमिन, इञ्जि., सर्भे | ८ | २१६९ | २१४६ | १२३१ | ११ | ८ |
| १७ | ५३७-५३८/०७९-८० | नायव प्राविधिक सहायक, कृषि, कृषि प्रसार | ३१ | ९३९३ | ९३५६ | ५९६८ | ७४ | ३१ |
| १८ | ५३९-५४०/०७९-८० | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. नायब पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | ७० | ५९४२ | ५९१३ | ३८३८ | १०१ | ७० |
| १९ | ५४१/०७९-८० | सहायक कम्प्युटर अपरेटर, विविध | १ | ५३७ | ५३७ | २५७ | ६ | १ |
| २० | ५४२-५४६/०७९-८० | अ.न.मी., स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग | ५१ | ५७२९ | ५६४० | ३१७५ | १०२ | ५१ |
| २१ | ५४७/०७९-८० | वैद्य, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | ३ | ५४२ | ५३१ | ३३२ | ५ | ३ |
| २२ | ५४८/०७९-८० | ल्याब असिस्टेण्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | १ | ४६० | ४४८ | २५९ | ४ | १ |
| २३ | ५४९-५५३/०७९-८० | अ.हे.व., स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | ४१ | ९४७८ | ९३४१ | ५६५७ | १४९ | ४१ |
| जम्मा | | | ६३४ | ९७०३४ | ८८४३९ | ५७६७० | ११९७ | ६३३ |

# परिच्छेद ६
# सुधार प्रयास र नवप्रवर्तन

## ६.१ रणनीतिक योजना निर्माण

गुणस्तरीय चुस्त र परिणाममुखी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न तथा शासन प्रणालीमा आइपर्न सक्ने चुनौतीहरूको सामना गर्न सक्षम मानव संसाधनको समुचित व्यवस्था गर्ने दूरदृष्टि र उचित पद्धति, साधन र प्रविधिको प्रयोग गर्दै स्वच्छ, निश्पक्ष र भरपर्दो प्रकृयाको माध्यमबाट गुणस्तरीय सार्वजनिक सेवाको आवश्यकता अनुसारको उपयुक्त र सक्षम मानव संसाधन छनौट गरी सिफारिस गर्ने मुख्य ध्येय राखी योग्यता, निश्पक्षता र स्वच्छता जस्ता मूलभूत मूल्यहरू कायम हुने गरी प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिमले रणनीतिक योजना तर्जुमा गर्ने योजना रहेको छ ।यस रणनीतिक योजनाका रणनीतिक उद्देश्यहरू निम्न बमोजिम रहनेछन् :-

- ✓ उपयुक्त उम्मेदवार छनौट गर्दा योग्यता, निश्पक्षता र स्वच्छता प्रवर्द्धन गर्नु,
- ✓ उपयुक्त उम्मेदवार छनौट गर्न समसामयिक, वैज्ञानिक परीक्षण विधि अवलम्बन गर्नु
- ✓ आयोगको संस्थागत क्षमता सुदृढीकरण तथा कार्यक्षेत्रमुखी प्रवर्द्धनात्मक कार्य विस्तार गर्नु ।

## ६.२ सेवाग्राही र विज्ञहरूको संलग्नता अभिवृद्धि

आयोगको अनलाइन पोर्टल ppsc.sudurpashchim.gov.np मार्फत आयोगका विज्ञापनमा इच्छुक उम्मेदवारहरूले आवेदन गर्न र रिक्त पदहरूमा पदपूर्ति सम्बन्धी कार्यलाई प्रविधिको उच्चतम प्रयोग गरी छिटो, छरितो, सरल, मितव्ययी र प्रभावकारी तरिकाले सम्पादन गर्न विद्युतीय दरखास्त प्रणाली PPSRMS नामक एप्लिकेसन निर्माण गरिएको छ । यस प्रणालीबाट विज्ञापन भएको सूचना र विज्ञापन भएको पदमा दरखास्त दिने, दरखास्त दिएको पदका लागि तोकिएको राजश्व अनलाइन प्रणालीबाटै भुक्तानी गर्न सक्ने, तोकिएको विवरण र आवश्यक कागजात सहित उम्मेदवारले आफ्नो विवरण दर्ता गरी आफ्नो प्रोफाइलमा व्यक्तिगत विवरणहरू, अतिरिक्त विवरणहरू, सम्पर्क, शिक्षा, तालिम, व्यवसायिक परिषद् दर्ता, अनुभव, अन्य कागजातहरू राख्न सक्ने व्यवस्था रहेको छ । साथै उम्मेदवारहरूले अनलाइन दरखास्त पेश गरेपश्चात् कार्यालयबाट स्वीकृत गर्ने समयमा दरखास्त सम्बन्धी त्रुटिहरू सच्याउन सम्बन्धित उम्मेदवारलाई सम्पर्क गरी त्रुटी बारे जानकारी गराएर सच्याउन लगाई दरखास्त फाराम स्वीकृत गर्ने गरिएको ।

त्यसैगरी दक्ष वा विशेषज्ञको सूचीमा समावेश हुन चाहने व्यक्तिहरूका लागि अनलाइन प्रणाली मार्फत समेत सूचीकृत हुन सक्ने व्यवस्था गरिएको छ ।

## ६.३ संस्थागत तथा कर्मचारी क्षमता अभिवृद्धि

आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्न प्रदेश सरकार तथा लोक सेवा आयोग तथा विभिन्न निकायहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । यस कार्य अन्तर्गत आयोगले कर्मचारीको लागि अभिमुखीकरण, तालिम, सेमिनार, गोष्ठी, लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन तथा प्रदेश लोक सेवा आयोगहरूको कार्यशाला गोष्ठीमा कर्मचारीहरूको समेत सहभागिता, अवलोकन भ्रमण, लोक सेवा आयोग र अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रममा सहभागिता रहने कार्यलाई निरन्तरता दिँदै आएको छ। आयोगको पुस्तकालयमा दक्षविज्ञ/कर्मचारीहरूका लागि सन्दर्भ सामग्री समेत हुने गरी विभिन्न स्वदेशी तथा विदेशी लेखकहरूद्वारा लिखित आयोगद्वारा खरिद गरिएका पुस्तकहरू र आयोगबाट प्रकाशित वार्षिक प्रतिवेदनहरू समेत रहेका छन् । यसै सिलसिलामा कर्मचारीहरूको क्षमता विकास गर्न कर्णाली प्रदेश लोक सेवा आयोगबाट विज्ञ टिम बोलाइ कार्यालयका कर्मचारीहरूलाई Optical Mark Reader (OMR) प्रविधि लगायतका कार्यप्रक्रिया बारेमा अभिमुखीकरण गरिएको छ।

## ६.४ पूर्वाधार विकास

आयोगको कार्यालयलाई व्यवस्थित तुल्याउन सवारी साधन, कम्प्युटर प्रयोगशाला, समसामयिक पुस्तकहरू रहेको पुस्तकालय लगायत विभिन्न पूर्वाधारहरूको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइएको छ । आयोगको कार्यालय भवन स्थापना काल देखि भाडामा लिइ कार्यसम्पादन गरिरहेको छ ।यस कार्यालय भवनमा कार्य प्रकृति अनुरूपको संरचना निर्माण नभएकोले सम्भव भए सम्म आयोगको कार्यसम्पादनमा सहजता ल्याउन भौतिक संरचनामा सुधार गर्ने प्रयास गरिएको छ ।

## ६.५ व्यवस्थापकीय विषयहरूमा सुधार

आयोगको स्वीकृत अन्तरिम सङ्गठन संरचना बमोजिम प्रदेश सरकारबाट कर्मचारीहरूको पदपूर्ति हुँदै आएको छ। आयोगमा कार्यरत कर्मचारीहरूको अनुशासन लगायतका आचारसंहिता पालनका लागि तोकिएको पोसाक अनिवार्य रूपमा लगाउनु पर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिएको छ। ई-हाजिरीबाट हाजिर गर्ने व्यवस्था गरिएको छ।

## ६.६ सुरक्षा व्यवस्था

आयोगमा रहेका प्रश्नपत्रहरू, उत्तरपुस्तिकाहरू र संवेदनशील भौतिक सामग्रीहरूको सुरक्षा गर्न २४सै घण्टा खटिने गरी सुरक्षा व्यवस्था मिलाइएको छ।

## ६.७ सिफारिस भएका उम्मेदवारहरूको लागि सेवा प्रवेश तालिम

आयोगबाट सिफारिस भएका उम्मेदवारहरूको कार्यगत क्षमता अभिवृद्धिका लागि सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा सेवा प्रवेश तालिमको व्यवस्थाका लागि पहल गरी तालिम सञ्चालन भैरहेको छ।यसबाट सेवा प्रवेश गर्ने राष्ट्रसेवक कर्मचारीहरूको क्षमता अभिवृद्धि भइ गुणस्तरीय सेवा प्रवाह हुन्छ।

## ६.८ मोबाइल एप्लिकेसन निर्माण

सरोकारवालाहरूलाई आयोगका सूचना, विज्ञापन, लिखित नतिजा प्रकाशन, अन्तर्वार्ता तथा सिफारिस लगायतका विभिन्न गतिविधिका बारेमा छिटो छरितो र सहज रूपमा मोबाइलबाटै जानकारी दिने उद्देश्यले PPSC Sudurpashchim नामक एन्ड्रोईड मोबाइल एप्लिकेशन निर्माण गरिएको छ ।साथै यसको प्रचार प्रसार गरी प्रयोगमा व्यापकता ल्याईनेछ।

## ६.९ दर्ता चलानी व्यवस्थापन प्रणाली तथा कर्मचारी सूचना व्यवस्थापन प्रणाली

यस आयोगबाट कार्यालय सञ्चालनको सिलसिलामा अन्य निकायबाट आउने पत्रहरू र यस आयोगबाट अन्य निकायमा पठाउने पत्रहरूको दर्ता र चलानी व्यवस्थापन प्रणालीमा समावेश गरी कार्यान्वयन गरिएको छ । यस बाट प्रशासन सम्बन्धी कामकारबाहीलाई समयमै छिटो छरितो सम्पन्न गर्नमा निकै सहयोग पुगेको छ । साथै आयोगमा कार्यरत कर्मचारीहरूको विस्तृत विवरणहरू कर्मचारी सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक गरिएको छ । जसबाट कार्यरत कर्मचारीहरूको व्यक्तिगत विवरण सजिलै प्राप्त गर्न सकिन्छ ।

## ६.१० कुल प्राप्ताङ्क व्यवस्थापन प्रणाली (Total Marks Management System- TMMS)

लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भइ अन्तर्वार्तामा सम्मिलित उमेदवारहरूले सम्बन्धित विज्ञापनको सिफारिश भएको मितिले ७ दिनपछि आफूले प्राप्त गरेको कुल अङ्क हेर्न सक्ने गरी कुल प्राप्ताङ्कक व्यवस्थापन प्रणाली (**Total Marks Management System- TMMS)** बनाइ सञ्चालन गरिएको छ।यसबाट पारदर्शिता कायम भइ आयोगको विश्वसनीयता र प्रभावकारितामा वृद्धि भएको छ।

## ६.११ जिन्सी निरीक्षण

आयोगको सम्पत्ति तथा जिन्सी सामग्री संरक्षण तथा सदुपयोगको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली **(PAMS)** प्रयोग गरिदै आएको छ । प्रत्येक आर्थिक वर्षको समाप्ति पश्चात् आयोगको जिन्सी निरीक्षण गरी निरीक्षण प्रतिवेदन पेश गर्ने गरिएको छ ।

## ६.१२ बेरूजु सम्परीक्षण

आयोगबाट भएका आर्थिक कारोबारको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रण कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने कानुनी व्यवस्था बमोजिम तत् तत् निकायबाट हुने गरेको छ। लेखा परीक्षणबाट औंल्याइएका बेरूजु समयमै सम्परीक्षण गराइ शून्य बेरूजु भएको निकायको रूपमा पहिचान बनाउने प्रयास गरिएको छ ।

## ६.१३ पाठ्यक्रम परिमार्जन

आयोगबाट स्वीकृत भएका विभिन्न सेवा, समूह, उपसमूह, तह र पदका पाठ्यक्रमहरू लोक सेवा आयोगको मापदण्डलाई अनुशरण गर्दै समयानुकूल बनाउन परिमार्जन गर्ने गरिएको छ।

## ६.१४ ओ.एम.आर प्रविधिको प्रयोग

यस आयोगबाट लिखित परीक्षा सञ्चालन भएका विभिन्न पदका वस्तुगत परीक्षाका ओ.एम.आर.उत्तरपुस्तिकाहरू आयोगको ओ.एम.आर प्रविधिबाट परीक्षण गरी वार्षिक कार्यतालिकामा तोकेको समयममा नै लिखित परीक्षाको नतिजा तयारी र नतिजा प्रकाशन गर्ने कार्य सम्पन्न भएको छ ।

## ६.१५ पारदर्शीता र सहभागिता

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा २७ अनुसार दिन मिल्ने र नमिल्ने सूचनाको निक्यौंल गरी प्रदेश लोक सेवा आयोगका सूचनाहरूको वर्गीकरण गरी सूचना प्रवाह भइरहेको छ । प्रयोगकर्ताहरूलाई सहज हुने गरी आयोगको वेबसाइटको क्षमता विस्तार तथा स्वरूपमा परिवर्तन गर्दै सञ्चालन भइरहेको छ । यसै सन्दर्भमा सूचनाको हक अन्तर्गत सार्वजनिक सरोकारका विषयहरू समावेश गरी स्वतः प्रकाशनको सूचना त्रैमासिक रूपमा आयोगको वेबसाइटमा प्रकाशन गर्ने गरिएको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिहरू बीच समन्वय र सहजीकरण गर्न GESI Focal Person तोकिएको साथै सेवाग्राहीलाई आयोगसँग सम्बन्धित सूचना प्रवाहका लागि सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्थाका साथै सामाजिक सञ्जाल (फेसबुक पेज) को समेत प्रयोग गरी पारदर्शिता र जवाफदेहितालाई कार्यान्वयनमा ल्याइएको छ।

## ६.१६ नीति तथा कानुन संशोधन

प्रदेश लोक सेवा आयोग कार्य सञ्चालन निर्देशिका, २०७८ लाई सङ्घीय लोक सेवा आयोगको निर्देशिकासँग मिलान हुने गरी पुनर्लेखन गरी समसामयिक बनाइ प्रदेश लोक सेवा आयोग कार्य सञ्चालन निर्देशिका, २०८० कार्यान्वयनमा ल्याइएको छ ।

# परिच्छेद ७
# समन्वय, सहयोग र परामर्श

## ७.१ अन्तर प्रदेश समन्वय र सहयोग

प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेशले अन्य लोक सेवा आयोगहरूसँग सिकाइ आदान प्रदान एवम् अनुभव साटासाट गर्ने गरेको छ । प्रदेश लोक सेवा आयोगले स्थापना भए पछि अन्य प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारीहरूसँग निरन्तर सम्पर्क गरेर पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन लगायातका विषयमा जानकारी लिने, अनुभव आदान-प्रदान गर्ने गरेको छ ।साथै अन्य प्रदेश लोक सेवा आयोगले गरेका कामहरूबारेमा जानकारी लिई काम गर्दा सहज हुने गरेको छ।प्रदेश लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलनहरूमा सहभागी हुने गरेको छ। यसै सिलसिलामा Optical Mark Reader (OMR) प्रविधि मार्फत उत्तरपुस्तिकाहरू परीक्षण गर्ने कार्य सम्बन्धी प्रशिक्षणका लागि आयोगको अनुरोधमा प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेशका OMR सम्बन्धी ज्ञान भएका कर्मचारीहरू बोलाएर यस कार्यालयमा रहेका कर्मचारीहरूलाई OMR उत्तरपुस्तिका परीक्षण सम्बन्धी प्रशिक्षण समेत दिएको छ ।

## ७.२ लोक सेवा आयोगसँग समन्वय र सहयोग

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७४ बमोजिम आयोगले पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन सम्बन्धी अन्य विषयका सम्बन्धमा लोक सेवा आयोगबाट सहयोग लिन सकिने प्रावधान रहेको छ । प्रदेश लोक सेवा आयोगले स्थापना भए पछि नै लोक सेवा आयोगका पदाधिकारी, कर्मचारीहरूसँग निरन्तर सम्पर्क गरेर पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन लगायातका विषयमा जानकारी लिने, अनुभव आदान-प्रदान गर्ने, लोक सेवा आयोगले प्रतिपादन गरेका सिद्धान्त, मूल्य मान्यता तथा असल अभ्यासहरूलाई आत्मसात गरी लागु गर्दै आएको छ । यसै सन्दर्भमा Optical Mark Reader (OMR) प्रविधि मार्फत उत्तरपुस्तिकाहरू परीक्षण गर्ने कार्यका लागि आयोगको अनुरोधमा लोक सेवा आयोगले OMR सम्बन्धी दक्षविज्ञ पठाई उत्तरपुस्तिका परीक्षणमा सहयोग गरी यस कार्यालयमा रहेका कर्मचारीहरूलाई OMR सम्बन्धी प्रशिक्षण समेत दिएको छ ।

## ७.३ लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलनमा सहभागिता

लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलन मिति २०८० साल फागुन २३ र २४ गते कर्णाली प्रदेशको विरेन्द्रनगर, सुर्खेतमा लोक सेवा आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । सो सम्मेलनमा लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीहरू, सात वटै प्रदेश लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता रहेको

थियो। चौथो राष्ट्रिय सम्मेलनबाट पारित गरेको घोषणा पत्र र निर्णयहरू अनुसूची-१५ मा उल्लेखित छन्।

## ७.४ प्रदेश लोक सेवा आयोगहरूको सम्मेलन

प्रदेश लोक सेवा आयोगहरूको तेस्रो सम्मेलन मिति २०८० साल फागुन २२ गते कर्णाली प्रदेशको विरेन्द्रनगर, सुर्खेतमा सम्पन्न भएको थियो। सो सम्मेलनमा लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीहरू, सात वटै प्रदेश लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता रहेको थियो। तेस्रो सम्मेलनबाट पारित गरेको घोषणा पत्र अनुसूची-१६ मा उल्लेख गरिएको छ ।

## ७.५ अन्तर प्रदेश लोक सेवा आयोगहरूको भ्रमण कार्यक्रम

अन्तर प्रदेश लोक सेवा आयोगहरूको भ्रमण गरी असल अभ्यासहरूको कार्यानुभव आदान प्रदानबाट यस आयोगले सम्पादन गर्ने कार्यहरूमा समेत थप प्रभावकारिता, कार्यगत समन्वय, सहकार्य र एकरूपता कायम हुने देखिएकोले आ.व. २०८०/०८१ मा यस आयोगमा कार्यरत विभिन्न शाखाका शाखा प्रमुखहरू समेतको संलग्नतामा अन्तरप्रदेश भ्रमण अन्तर्गत प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश गइ प्रदेश लोक सेवा आयोगहरूले सम्पादन गर्नु पर्ने कार्य फछ्र्यौटका तरिका र असल अभ्यासहरूको सम्बन्धमा छलफल तथा अन्तरक्रिया सम्पन्न गरियो।

## ७.६ लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलनमा भएका प्रमुख निर्णयहरूको कार्यान्वयनको अवस्था

| क्र.सं. | सम्मेलनमा भएका निर्णयहरूको व्यहोरा | निर्णय कार्यान्वयनको अवस्था |
|---|---|---|
| **क. प्रथम राष्ट्रिय सम्मेलनको निर्णयहरू (मिति र स्थान : २०७७ फागुन २३ र २४, काभ्रेपलाञ्चोक)** | | |
| १ | प्रदेश लोक सेवा आयोगबाट सम्पादन हुने कार्यमा योग्यता प्रणाली (Merit System) संस्थापन, प्रवर्द्धन र सम्वर्द्धन गर्न लोक सेवा आयोग र यस मातहतका कार्यालयबाट आवश्यकता अनुसार समन्वय, सहकार्य र सहजीकरण गर्ने। यस कार्यलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार प्रदेश लोक सेवा आयोगहरूको स्थलगत भ्रमण गरी अन्तरक्रियात्मक छलफलको माध्यमबाट सल्लाह र सुझाव आदान-प्रदान गर्ने। | यस आयोगबाट सम्पादन भइरहेका कार्यलाई सहजीकरण गर्न लोक सेवा आयोगबाट आवश्यकता अनुसार स्थलगत भ्रमण, समन्वय र सहकार्य हुँदै आएको छ। |
| २ | नेपाल सरकारबाट मिति २०७६ वैशाख १६ गते निर्धारण भएको लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको | लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादाक्रम पुनरावलोकनका लागि |

| क्र.सं. | सम्मेलनमा भएका निर्णयहरूको व्यहोरा | निर्णय कार्यान्वयनको अवस्था |
|---|---|---|
| | मर्यादाक्रम सम्बन्धी व्यवस्था प्रचलित कानुनी व्यवस्था, नियुक्ति र बर्खास्तको प्रक्रिया तथा वहन गर्नुपर्ने जिम्मेवारी समेतलाई दृष्टिगत गरी पुनरावलोकन गर्न नेपाल सरकार समक्ष माग गर्ने। | नेपाल सरकारसँग माग गरिएको छ। |
| ३ | प्रदेश लोक सेवा आयोगबाट अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्यहरू सञ्चालन गर्दा लोक सेवा आयोगबाट विज्ञ सेवाका लागि अनुरोध गर्न सक्ने र पदपूर्ति प्रक्रियामा आवश्यक हुने पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण, परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र सिफारिस सम्मका कार्यमा आवश्यकता अनुसार लोक सेवा आयोगले समन्वय र सहजीकरण गर्ने । | प्रदेश लोक सेवा आयोगबाट भइरहेको पदपूर्ति लगायतका कार्यमा लोक सेवा आयोगबाट आवश्यकता अनुसार समन्वय र सहजीकरण हुँदै आएको छ। |
| ४ | सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानुन तत्काल निर्माण गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गर्ने। | सुदूरपश्चिम प्रदेशको प्रदेश निजामती सेवा ऐन जारी भइसकेको र स्थानीय सरकारी सेवाको गठन, सञ्चालन तथा सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश भइ छलफलको क्रममा रहेको छ। |
| **ख. दोस्रो राष्ट्रिय सम्मेलनका निर्णयहरू (मिति र स्थान : २०७८ फागुन २३ र २४, रूपन्देही)** | | |
| १ | लोक सेवा आयोगको योग्यता, स्वच्छता र निष्पक्षताको मूल मर्म अनुसार गोपनीयता एवम् विश्वसनीयता कायम हुने गरी कार्यसम्पादन गर्न प्रदेश लोक सेवा आयोगको सङ्गठन संरचना र शाखागत कार्यविवरण बीच एकरूपता कायम गर्ने। | लोक सेवा आयोगबाट प्रस्तावित सङ्गठन संरचना अनुसार प्रदेश लोक सेवा आयोगको सङ्गठन संरचना र शाखागत कार्यविवरण बीच एकरूपता कायम हुने गरी लोक सेवा आयोगको सचिवको नेतृत्वमा गठित समितिले कार्य गरी रहेको। |
| २ | नेपाल सरकारबाट मिति २०७६ वैशाख १६ गते निर्धारण भएको लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादाक्रम सम्बन्धी व्यवस्था प्रचलित कानुनी | लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादाक्रम पुनरावलोकनका लागि नेपाल सरकार समक्ष माग गरिदै |

| क्र.सं. | सम्मेलनमा भएका निर्णयहरूको व्यहोरा | निर्णय कार्यान्वयनको अवस्था |
|---|---|---|
| | व्यवस्था, नियुक्ति र बर्खास्तको प्रक्रिया तथा वहन गर्नुपर्ने जिम्मेवारी समेतलाई दृष्टिगत गरी पुनरावलोकन गर्न नेपाल सरकार समक्ष माग गर्ने। | आएको। |
| ३ | प्रदेश लोक सेवा आयोगको परीक्षा दस्तुर र पारिश्रमिक लोक सेवा आयोगबाट स्वीकृत दररेटसँग तादात्म्य हुने गरी एकरूपता कायम गर्न पहल गर्ने। | लोक सेवा आयोगबाट स्वीकृत दररेटसँग तादात्म्य हुने गरी यस आयोगको प्रदेश लोक सेवा आयोग, परीक्षा दस्तुर एवम् खर्च व्यवस्थापन मापदण्ड,२०७८ कार्यान्वयनमा रहेको। |
| ४ | परीक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन हरेक आ.व.को वार्षिक कार्यतालिका तयार गर्दा प्रदेश लोक सेवा आयोगहरूले यथासम्भव एकैपटक प्रकाशन गर्ने। | यस आयोगले हरेक आर्थिक वर्षको वार्षिक कार्यतालिका साउनको पहिलो हप्ता भित्रै प्रकाशन गर्ने गरिएको छ। |
| ५ | सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा कार्यरत स्थायी कर्मचारीलाई उमेरको हद नलाग्ने विषय, कुनै लोक सेवाले कारबाही गरेका उम्मेदवारलाई सबै लोक सेवा आयोगले सञ्चालन गर्ने परीक्षामा आवेदन गर्न नपाउने विषय, अन्तर प्रदेश समान तहको पदमा उम्मेदवार हुन नपाउने विषय, कर्मचारीको वृत्ति विकासका आधार र मापदण्ड आदि विषयमा सम्बन्धित सेवा सम्बन्धी कानुन तथा लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोग ऐनमा आवश्यक व्यवस्था मिलाउन पहल गर्ने। | प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन,२०८१) र स्थानीय सरकारी सेवाको गठन, सञ्चालन तथा सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० मा आयोगबाट उल्लिखित विषयहरूमा आवश्यक व्यवस्था मिलाउन राय परामर्श प्रदान गरिएको। |
| ६ | लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरू बीच आवश्यक सूचना आदानप्रदान गर्न एकीकृत सूचना प्रणाली स्थापना गर्ने। | आयोगहरू बीच आवश्यक सूचना आदानप्रदान गर्न एकीकृत सूचना प्रणाली स्थापनाका लागि लोक सेवा आयोगको सचिवको नेतृत्वमा गठित समितिले कार्य गरी रहेको। |

| क्र.सं. | सम्मेलनमा भएका निर्णयहरूको व्यहोरा | निर्णय कार्यान्वयनको अवस्था |
|---|---|---|
| ७ | प्रदेश तथा स्थानीय तहहरूले विद्यमान कानुनी व्यवस्था बमोजिम अनिवार्य रूपमा पालना गर्नुपर्ने प्रक्रिया पूरा नगरी गरिएका बढुवा, तहवृद्धि, स्तरवृद्धि लगायतका कार्यहरूलाई सम्बन्धित प्रदेश लोक सेवा आयोगहरूले प्रचलित कानुन बमोजिम रद्द गर्ने तर्फ कारबाही अगाडि बढाउने। | यस आयोगबाट स्थानीय तहहरूमा अनियमित तरिकाले कुनै किसिमका पदपूर्ति, स्तरवृद्धि, तहवृद्धि र बढुवा लगायतका कार्यहरूलाई नगर्न नगराउन परिपत्र गरिएको । कानुन विपरित पदपूर्ति, स्तरवृद्धि, तहवृद्धि र बढुवा लगायतका कार्यहरूका सम्बन्धमा परेका उजुरी उपर यस आयोगबाट छानबिन भैरहेको । |
| **ग. तेस्रो राष्ट्रिय सम्मेलनका निर्णयहरू (मिति र स्थान : २०७९ फागुन १९ र २०, कैलाली)** | | |
| १ | लोक सेवा आयोगका संस्थागत मूल्यहरू योग्यता, निष्पक्षता, स्वच्छताको मूल मर्म अनुसार गोपनीयता एवम् विश्वसनीयता सुनिश्चित हुने गरी कार्यसम्पादन गर्नका लागि प्रदेश लोक सेवा आयोगहरूको सङ्गठन संरचना र शाखागत कार्यविवरण एकरूपता कायम गर्न लोक सेवा आयोगका प्रशासन तथा निरीक्षण महाशाखा प्रमुखको संयोजकत्वमा प्रदेश लोक सेवा आयोगका सचिवहरू सदस्य रहने गरी समिति गठन गर्ने। | लोक सेवा आयोगका प्रशासन तथा निरीक्षण महाशाखा प्रमुखको संयोजकत्वमा प्रदेश लोक सेवा आयोगका सचिवहरू सदस्य रहने गरी समिति गठन भइ कार्य प्रक्रिया अगाडि बढाइएको। |
| २ | नेपाल सरकारबाट मिति २०७६ बैशाख १६ गते निर्धारण भएको लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादाक्रम सम्बन्धी प्रचलित कानुनी व्यवस्था, नियुक्ति र बर्खास्तको प्रक्रिया तथा वहन गर्नु पर्ने जिम्मेवारी समेतलाई दृष्टिगत गरी पुनरावलोकन गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने । | लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादाक्रम पुनरावलोकनका लागि नेपाल सरकार समक्ष अनुरोध गरिदै आएको। |
| ३ | सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीहरूको सेवा प्रवेश, | सङ्घीय निजामती सेवा ऐनमा समावेश गर्नुपर्ने विषयमा लोक सेवा |

| क्र.सं. | सम्मेलनमा भएका निर्णयहरूको व्यहोरा | निर्णय कार्यान्वयनको अवस्था |
|---|---|---|
| | वृत्तिविकास लगायत तीन वटै तहका कर्मचारीहरूका सेवा, सर्त, सुविधाका आधारभूत पक्षमा एकरूपता ल्याउन सङ्घीय निजामती सेवामा समावेश गर्नुपर्ने विषयमा लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूसँग समन्वय गर्ने। | आयोगबाट समन्वय भइरहेको । |
| ४ | लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको कार्यसम्पादनमा हासिल भएका असल अभ्यासहरू एक आपसमा आदानप्रदान गर्ने । | लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको कार्यसम्पादनका क्रममा हासिल भएका असल अभ्यासहरू राष्ट्रिय सम्मलेन, कार्यशाला गोष्ठी र अन्तर प्रदेश भ्रमणबाट एक आपसमा आदानप्रदान भइरहेको। |
| ५ | उपयुक्त उम्मेदवार छनौटका लागि प्रयोगमा ल्याउन सकिने नविनतम परीक्षण विधिको विकास एवम् प्रयोगका लागि लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूलाई आवश्यक सहयोग एवम् सहजीकरण गर्ने। | लोक सेवा आयोगबाट OMR प्रविधिको प्रयोगमा यस आयोगलाई आवश्यक सहयोग एवम् सहजीकरण भएको । |
| **घ. चौथो राष्ट्रिय सम्मेलनका निर्णयहरू (मिति र स्थान : २०८० फागुन २३ र २४, सुर्खेत)** | | |
| १ | लोक सेवा आयोगहरूबाट पदपूर्ति गरिने विभिन्न सेवा, समूह, उपसमूह, श्रेणी वा तह र पद (प्राविधिक र अप्राविधिक) का पाठ्यक्रममा समसामयिक सुधार र परिमार्जन गर्ने। | यस आयोगबाट पदपूर्ति गरिने विभिन्न सेवा, समूह, उपसमूह, तह र पदका एकीकृत संयुक्त परीक्षा प्रणाली अनुसार समसामयिक सुधार गरी पाठ्यक्रम निर्माण भइरहेको। |
| २ | लोक सेवा आयोगहरूबाट सम्पादन गरिने कार्यहरूमा कार्यगत सम्बन्ध कायम गर्दै प्रभावकारिता अभिवृद्धि गर्न असल अभ्यासहरूको आदानप्रदान गर्ने। | आयोगहरूबाट सम्पादन गरिने कार्यहरूमा अन्तरप्रदेश भ्रमण कार्यक्रम मार्फत अन्य प्रदेश लोक सेवा आयोगहरूमा गई तथा अन्य प्रदेश लोक सेवा आयोगहरूबाट यस आयोगमा आएर भेटघाट तथा अन्तर्क्रिया गरी पदपूर्ति सम्बन्धी थप |

| क.सं. | सम्मेलनमा भएका निर्णयहरूको व्यहोरा | निर्णय कार्यान्वयनको अवस्था |
|---|---|---|
| | | प्रभावकारिता अभिवृद्धि गर्न असल अभ्यासहरूको आदानप्रदान गरिदै आएको। |
| ३ | योग्यता, निष्पक्षता र स्वच्छताको मूल्य मान्यता र सिद्धान्त बमोजिम कार्यसम्पादन गर्नको लागि प्रदेश लोक सेवा आयोगहरूका लागि प्रस्ताव गरिएका सङ्गठन संरचना कार्यान्वयन गर्ने। | यस आयोगको कार्यसम्पादन गर्नको लागि आयोगको साविककै अन्तरिम सङ्गठन संरचना नै कार्यान्वयमा रहेको। |
| ४ | लोक सेवा आयोगहरूको परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी खर्च मापदण्डमा एकरूपता कायम गर्ने र समयसापेक्ष बनाउँदै लैजाने। | यस आयोगको परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी खर्चका लागि साविक कै प्रदेश लोक सेवा आयोग, परीक्षा दस्तुर एवम् खर्च व्यवस्थापन मापदण्ड, २०७८ कार्यान्वयनमा रहेको। |
| ५ | लोक सेवा आयोगबाट सङ्घीय कानुन बमोजिम अवलम्बन गरिएका सिद्धान्त र मापदण्ड बमोजिम कार्य सम्पादनको सुनिश्चितताका लागि सूचकहरू (Indicators) तयार गरी सो बमोजिम स्वमूल्याङ्कन एवम् आवश्यकतानुसार समकक्षी समीक्षा (Peer Review) गर्ने। | लोक सेवा आयोगहरूको कार्य सम्पादनको सुनिश्चितताको लागि सूचकहरू (Indicators) तयार गरी स्वमूल्याङ्कन एवम् आवश्यकतानुसार समकक्षी समीक्षा (Peer Review) गर्ने सम्बन्धमा आयोगको सचिवको नेतृत्वमा गठित समितिले आवश्यक कार्य गरिरहेको। |
| ६ | लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको परीक्षामा अनियमितता गरी कारबाहीमा परेका उम्मेदवारहरूको अभिलेखीकरण गर्न आवश्यकतानुसार प्रणाली विकास गरी कार्यान्वयन गर्ने। | अनियमितता गरी कारबाहीमा परेका उम्मेदवारहरूको अभिलेखीकरण गर्ने प्रणालीको निर्माण तथा सञ्चालनका लागि लोक सेवा आयोगको सचिवको नेतृत्वमा गठित समितिले कार्य गरिरहेको। |
| ७ | आयोगहरूले अवलम्बन गरी आएका सूचना प्रविधि र तथ्याङ्कहरूलाई सुरक्षित, भरपर्दो र विश्वसनीय | आयोगले अवलम्बन गरी आएका विद्युतीय दस्तावेज तथा तथ्याङ्कहरू |

| क्र.सं. | सम्मेलनमा भएका निर्णयहरूको व्यहोरा | निर्णय कार्यान्वयनको अवस्था |
|---|---|---|
| | बनाउनका लागि आवश्यक व्यवस्थापकीय कार्य गर्ने। | सुरक्षित, भरपर्दो र विश्वसनीय बनाउनका लागि आयोगको PSRMS (Public Service Recruitment Management System) सँग सम्बन्धित डाटाहरू राष्ट्रिय सूचना प्रविधि केन्द्र मार्फत हेटौंडामा रहेको ब्याकअप सर्भरमा थप ब्याकअप रहने गरी आवश्यक व्यवस्था गरिएको । |
| ८ | वैकल्पिक उम्मेदवारको सूची कम हुँदा माग भए अनुरूप सिफारिस गर्न नसकिएको अवस्था मध्यनजर गरी आवश्यकतानुसार सूची बढाउन सक्ने व्यवस्था गर्ने। | वैकल्पिक उम्मेदवार सङ्ख्या बढाउन प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ संशोधन गरिने। |
| ९ | लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादाक्रम सम्बन्धी प्रचलित कानुनी व्यवस्था, नियुक्ति र बर्खास्तको प्रकृया तथा वहन गर्नुपर्ने जिम्मेवारी सम्बन्धी व्यवस्थालाई पुनरावलोकन गर्न नेपाल सरका रसमक्ष अनुरोध गर्ने । | लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादाक्रम पुनरावलोकनका लागि नेपाल सरकार समक्ष अनुरोध गरिदै आएको। |
| १० | लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलनका घोषणा र निर्णयहरूको कार्यान्वयन गर्न लोक सेवा आयोगका सचिवको नेतृत्वमा सबै प्रदेश लोक सेवा आयोगका सचिवहरू सम्मिलित समिति गठन गर्ने। | लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलनका घोषणा र निर्णयहरूको कार्यान्वयन गर्न लोक सेवा आयोगका सचिवको नेतृत्वमा सबै प्रदेश लोक सेवा आयोगका सचिवहरू सम्मिलित समिति गठन भइ कार्य प्रक्रिया अगाडि बढेको। |

## ७.७ राय/परामर्श

प्रतिवेदन अवधिमा कर्मचारीहरूको सेवाका सर्तहरूका विषयमा कानुन निर्माण गर्दा आयोगको परामर्श लिनुपर्ने व्यवस्था अन्तर्गत २ वटा परामर्श माग भइ आएको थियो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८०/१०/१२ र मिति २०८०/१०/२३ गतेको पत्रसाथ राय परामर्शका लागि आयोगमा प्राप्त भएका सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) र स्थानीय तहका सेवाको गठन, सञ्चालन तथा सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० उपर आयोगले राय/परामर्श प्रदान गरेको छ।

## ७.८ उजुरी

प्रतिवेदन अवधिमा स्थानीय तहबाट कर्मचारीको तह वृद्धि गरेको विषयमा १ वटा उजुरी उपर आवश्यक छानविन गरी जानकारी पठाउन भनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट लेखी आएको थियो। उक्त उजुरी उपर सम्बन्धित स्थानीय तहमा आवश्यक छानविनका लागि पत्राचार गरिएको र उक्त स्थानीय तहबाट प्राप्त प्रतिक्रिया सहितको संलग्न कागजातहरू अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको छ।

# परिच्छेद ८
# प्रदेश लोक सेवा आयोगहरूको तुलनामा सुदूरपश्चिम प्रदेश

## ८.१ दरबन्दीको आधारमा तुलना

नेपालका सात प्रदेशहरु मध्ये विभिन्न तीन (३) प्रदेशहरुमा प्रदेश लोक सेवा आयोगको स्थायी दरबन्दी स्वीकृत भइ कार्यान्वयनमा रहेको छ भने सुदूरपश्चिम प्रदेश सहित बाँकी चार (४) प्रदेशको स्थायी दरबन्दी स्वीकृत भएको छैन । सम्बन्धित प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरूबाट यी चार प्रदेशका अस्थायी दरबन्दी कार्यान्वयनमा रहेका छन् ।

**तालिका नं २२**

**सात वटै प्रदेश लोक सेवा आयोगहरूको दरबन्दी**

| प्रदेश | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| स्थापना मिति | २०७६ माघ ९ | २०७६ भाद्र २२ | २०७६ मंसिर २ | २०७७ चैत्र ११ | २०७६ श्रावण २८ | २०७७ फागुन ६ | २०७७ चैत्र १८ |
| दरबन्दी | ३२ | २१ | ४८ | ४९ | ३३ | ४५ | ४५ |

**चित्र नं १५**



**विश्लेषणः**

स्थापनाको सन्दर्भमा नेपालले सङ्घीयता अबलम्वन गरे पश्चात् नेपालको संविधानको धारा २४४ को व्यवस्था अनुसार सबैभन्दा पहिले लुम्बिनी प्रदेशमा मिति २०७६ साल श्रावण महिनाको २८ गते लुम्बिनी प्रदेश लोक सेवा आयोगको स्थापना भएको छ भने सबैभन्दा अन्तिममा सुदूरपश्चिम प्रदेशमा मिति २०७७ साल चैत्र महिनाको १८ गते सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगको स्थापना भएको छ । यस क्रमलाई हेर्दा अगाडिदेखि अन्तिमसम्म लुम्विनी, मधेस, बागमती, कोशी, कर्णाली, गण्डकी र सुदूरपश्चिम प्रदेशका लोक सेवा आयोगहरू रहेका छन् ।

## ८.२ भौगोलिक क्षेत्रफल, जनसङ्ख्या, जिल्ला र पालिकाको सङ्ख्याको आधारमा कार्य क्षेत्रः

नेपालको भौगोलिक तथा राजनीतिक संरचना बमोजिम क्षेत्रफल, जनसङ्ख्या, प्रदेश अन्तर्गतका जिल्ला सङ्ख्या र स्थानीय तहको सङ्ख्याको आधारमा सात वटै प्रदेशको विवरण तलको तालिका नं. २३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २३**

**भौगोलिक क्षेत्रफल, जनसङ्ख्या, जिल्ला र स्थानीय तहको सङ्ख्यात्मक विवरण**

| प्रदेश | क्षेत्रफल (वर्ग कि.मि.) | जनसङ्ख्या * | जिल्ला सङ्ख्या | स्थानीय तहको सङ्ख्या |
|---|---|---|---|---|
| कोशी | २५,९०५ | ४९६१४१२ (१७.०१%) | १४ | १३७ |
| मधेस | ९६६१ | ६११४६०० (२०.९७%) | ८ | १३६ |
| बागमती | २०,३०० | ६११६८६६ (२०.९७%) | १३ | ११९ |
| गण्डकी | २१,५०४ | २२६६४२७ (८%) | ११ | ८५ |
| लुम्बिनी | २२,२८८ | ५१२२०७८ (१७.५६%) | १२ | १०९ |
| कर्णाली | २७,९८४ | १६८८४१२ (५.७९%) | १० | ७९ |
| सुदूरपश्चिम | १९,९९९ | २६९४७८३ (९.२४%) | ९ | ८८ |
| **जम्मा** | **१४७६४१.२८** | **२,९१,६४,५७८ (१००%)** | **७७** | **७५३** |

* राष्ट्रिय जनगणना, २०७८ को सङ्क्षिप्त नतिजा

चित्र नं १६




चित्र नं १७



चित्र नं १८




**विश्लेषणः**

भौगोलिक क्षेत्रफलको आधारमा कर्णाली प्रदेश सबैभन्दा ठूलो (२७,९८४ वर्ग कि.मि.) रहेको छ भने सबैभन्दा सानो मधेस प्रदेश (९,६६१ वर्ग कि.मि.) रहेको छ । अगाडिदेखि अन्तिमसम्म कर्णाली, कोशी, लुम्बिनी, गण्डकी, बागमती, सुदूरपश्चिम र मधेस प्रदेश रहेका छन् ।

जनसङ्ख्याको आधारमा भने बागमती र मधेस प्रदेश सबैभन्दा ठूला प्रदेश रहेका छन् भने लुम्बिनी, कोशी, सुदूरपश्चिम, गण्डकी र कर्णाली क्रमैसँग साना प्रदेश रहेका छन् ।

जिल्लाहरूको जिम्मेवारीको आधारमा कोशी (१४), बागमती (१३), लुम्बिनी (१२) र गण्डकी (११) अगाडि रहेका छन् भने कर्णाली (१०), सुदूरपश्चिम (९) र मधेश प्रदेश (८) पछाडि रहेका छन् । यसैगरी पालिकाको सङ्ख्याको आधारमा भने कोशी (१३७), मधेस (१३६), बागमती (१२९) लुम्बिनी (१०९), सुदूरपश्चिम (८८), गण्डकी (८५) र अन्तिममा कर्णाली (७९) रहेको देखिन्छ ।

समग्रमा सुदूरपश्चिम प्रदेश भौगोलिक क्षेत्रमा छैठौं ठूलो प्रदेश, जनसङ्ख्याको आधारमा पाँचौं, जिल्ला र पालिकाहरूको जिम्मेवारीको आधारमा छैठौं र पाँचौं प्रदेश रहेको देखिन्छ । जनगणना, २०७८ को प्रतिवेदनअनुसार सुदूरपश्चिम प्रदेशको परिवार सङ्ख्या कुल परिवार सङ्ख्या ६६ लाखभन्दा धेरै मध्ये (५,७७,१०२) ८.७% रहेको छ भने औषत परिवार आकार ४.६७ रहेको छ । परिवारमा अनुपस्थित जनसङ्ख्या १५.६८% रहेको छ भने लैङ्गिक अनुपात ८९.५१ रहेको छ । कुल जनसङ्ख्या २६ लाख ९४ हजार (९.२४%) मध्ये पुरूष १२ लाख बढी र महिला १४ लाख बढी

रहेको यस प्रदेशमा ८८ वटा पालिका रहेका छन् । यी ८८ पालिकामध्ये १ उपमहानगरपालिका ३३ नगरपालिका र ५४ गाउपालिका रहेका छन्। नगरपालिकामा ६२.४% र गाउपालिकामा ३७.६% जनसङ्ख्याको बसोबास रहेको यस प्रदेशमा जनघनत्व १३८ जना प्रतिवर्ग कि.मि. रहेको छ।

## ८.३ लोक सेवा आयोगको तथ्याङ्कमा सुदूरपश्चिम प्रदेश

लोक सेवा आयोगको ६४ औं वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९/०८० को अवधिमा सबैभन्दा धेरै दरखास्त मधेस प्रदेशबाट र सबैभन्दा कम गण्डकी प्रदेशबाट परेको देखिन्छ भने सुदूरपश्चिम प्रदेशबाट १२.०१%(पाँचौं स्थानमा) दरखास्त परेको देखिन्छ । सोही वर्ष सिफारिस भएका उमेदवारहरूको प्रदेशगत विवरणअनुसार सुदूरपश्चिम प्रदेशबाट १०.६४% अर्थात सात प्रदेशमध्ये अन्तिममा रहेको देखिन्छ । सिफारिस हुने उम्मेदवारहरूको जिल्लागत विवरण अनुसार कैलाली (८५), कञ्चनपुर (७९), बझाङ (४५), दार्जुला (३२), बैतडी (२९), डडेल्धुरा (२८) र बाजुरा जिल्ला (२५) र डोटी (१३) क्रमैसँग अगाडिबाट पछाडि रहेका छन् ।

**चित्र नं १९**




## ८.४ अन्य प्रदेश लोक सेवा आयोगहरूसँग पदपूर्ति सम्बन्धमा तुलनात्मक विवरण

यस आयोगबाट मिति २०८१।४।२१ गतेको पत्रबाट यस प्रतिवेदनमा अन्य प्रदेश लोक सेवा आयोगहरूको हाल सम्मको समग्र प्रगति सँग तुलना गर्ने उद्देश्यका साथ विवरण माग गरिएको र माग भए अनुसारको प्राप्त विवरण समावेश गरी सात वटै प्रदेश लोक सेवा आयोगहरूको स्थापना भएदेखि आर्थिक वर्ष २०८०/०८१ सम्मको पदपूर्ति सम्बन्धी विवरणको तुलना गरिएको छ ।

तालिका नं २४

पदपूर्ति सम्बन्धी तुलनात्मक विवरण

| प्रदेश | माग पद सङ्ख्या | आवेदन सङ्ख्या | सिफारिस सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| कोशी | २५३५ | ३२०३७५ | १७७४ | |
| बागमती | ५७३४ | २४६८५५ | २९६६ | |
| गण्डकी | ३०५५ | ३२२५१८ | १७६० | |
| लुम्बिनी | १९०४ | ३६२४६२ | १२५६ | |
| कर्णाली | २१०१ | २३५९२२ | १४१६ | |
| सुदूरपश्चिम | ११११ | १६६५५९ | १०९९ | |

चित्र नं २०



चित्र नं २१




चित्र नं २२



# परिच्छेद ९
# मुख्य समस्या, ध्यानाकर्षण, सुझावहरू, सुझाव कार्यान्वयनको स्थिति तथा आयोगको भावी योजना

आयोगले कार्य सम्पादनका क्रममा अनुभूत गरेका विषयहरूमा मुख्य समस्या, आयोगको भावी योजना, ध्यानाकर्षण र सुझाव प्रस्तुत गरिएको छ :-

## ९.१ पृष्ठभूमि

सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगले नेपालको संविधान तथा प्रचलित कानुन बमोजिम प्रदत्त काम, कर्तव्य र अधिकार बमोजिम कार्य सम्पादनको क्रममा भोगेका समस्याहरू तथा देखिएका कमी कमजोरीहरू सुधारका लागि हरेक वर्ष सुझाव प्रदान गर्दै आइरहेको छ। आयोगले दिएका सुझाव कार्यान्वयनमा प्रदेश सरकार तथा सरोकारवालाहरूको महत्वपूर्ण भूमिका रहन्छ । विगतमा दिइएका सुझावहरूलाई हेर्दा केही पूर्णरूपमा कार्यान्वयन भएका छन् भने कतिपय सुझावहरू आंशिक कार्यान्वयन भएको पाइएको छ। आयोगले दिएका सुझावहरूलाई सम्बन्धित सरोकार निकायले गम्भीरतापूर्वक लिइ सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा समयबद्ध जनशक्ति परिचालन गरी सुधार गर्न सकेमात्र अपेक्षित नतिजा हासिल गर्न सकिन्छ। यस परिच्छेदमा विगतमा आयोगले दिएका सुझावहरूको सन्दर्भमा प्रदेश सरकार, विभिन्न निकायहरू तथा स्थानीय तहहरूबाट भए/गरेका सुधार र प्रगतिहरूको सङ्क्षिप्त विवरण एवम् आगामी दिनमा गरिनुपर्ने सुधारसम्बन्धी सुझावहरू प्रस्तुत गरिएको छ।

## ९.२ विगतका सुझाव कार्यान्वयनको अवस्था

आर्थिक वर्ष २०७७/७८ को पहिलो वार्षिक प्रतिवेदनदेखि २०७९/८० को तेस्रो वार्षिक प्रतिवेदन मार्फत आयोगले विभिन्न विषय/क्षेत्रमा सुझावहरू दिएको छ । यसअन्तर्गत मुख्य गरी **सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ मा आवश्यक संशोधन र स्थानीय सेवा ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने र परामर्श लिनु पर्ने विषयमा सम्बन्धित निकायहरूले आयोगको परामर्श लिनु पर्ने** रहेका छन् । आयोगले दिएका सुझाव कार्यान्वयनका सन्दर्भमा प्रदेश सरकार तथा स्थानीय तहहरूले सम्पादन गरेका कामकारबाहीको प्रगति विवरण आयोगलाई पूर्णरूपमा प्राप्त भएको छैन । तथापि, प्रदेश सरकार र स्थानीय तहबाट भए गरेका प्रयासहरूबाट सुझाव कार्यान्वयनको अपेक्षा गर्न सकिन्छ । प्रस्तावित कानुन संशोधन र निर्माण तथा कार्यान्वयनबाट मात्र देखिने हुँदा प्रदेश सरकारले कानुन संशोधन तथा निर्माणलाई उच्च प्राथमिकता दिन तथा स्थानीय तहले जनशक्तिको क्षमता विकास, तह/स्तर बृद्धि तथा आवश्यक कानुन सङ्गत कार्य गर्नका लागि आयोगका सुझावलाई गम्भीरताका साथ लिनुपर्ने देखिन्छ । आयोगका प्रतिवेदनमा निर्धारित सुझावहरू कार्यान्वयन गर्दै यसको विवरण आयोगलाई उपलब्ध गराएमा जनशक्ति व्यवस्थापनका क्षेत्रमा शीघ्र

सुधारको अपेक्षा गर्न सकिन्छ ।आयोगले विगत वर्षहरूमा दिएका मुख्य सुझावहरूको कार्यान्वयनको अवस्थाः

**तालिका नं २५**

| निकाय | सुझावको सङ्क्षिप्त व्यहोरा | सुझाव कार्यान्वयन अवस्थाको सङ्क्षिप्त विवरण |
|---|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश मन्त्रालय, निकाय, कार्यालयहरू, स्थानीय तह | प्रदेश लोक सेवा आयोग ऐन (संसोधन सहित), २०७६ को दफा ७ को उपदफा ४ बमोजिम आयोगको परामर्श लिनु पर्ने विषयमा सम्बन्धित निकायहरूले आयोगको परामर्श लिनु पर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट राय परामर्शका लागि आयोगमा प्राप्त भएका सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) र स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० उपर आयोगले राय/परामर्श प्रदान गरेको छ । |
| प्रदेश सरकार | सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ मा आवश्यक संशोधन गर्नका साथै उक्त ऐनलाई प्रभावकारी रूपले कार्यान्वयन गर्न सोको नियमावली बनाइ यथाशीघ्र जारी गर्नु पर्ने। | सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ मा आवश्यक संशोधन गर्नका लागि प्रदेश सभामा विचाराधीन रहेको र नियमावली बन्ने प्रक्रियामा रहेको देखिन्छ । |
| प्रदेश सरकार | आयोगको स्वीकृत दरबन्दी अनुसार आयोगको मात्र जिम्मेवारी हेर्ने गरि रा.प. प्रथम श्रेणी/११ औं तहको छुट्टै सचिवको व्यवस्था हुनेछ भन्ने आयोगले प्रदेश सरकारसँग अपेक्षा राखेको छ। | आयोगको मात्र जिम्मेवारी हेर्ने गरि रा.प. प्रथम श्रेणी/११ औं तहको छुट्टै सचिवको व्यवस्था हुन नसकेको अवस्था रहेको छ । |
| प्रदेश सरकार | प्रदेश सरकारबाट स्वीकृत भएको अस्थायी सङ्गठन संरचना तथा दरबन्दीलाई आवश्यक परिमार्जन गरी स्थायी सङ्गठन संरचना तथा दरबन्दी स्वीकृत हुनु पर्ने देखिन्छ। | हालसम्म आयोगबाट सिफारिस भइ प्रदेश सरकारबाट सालवसाली रूपमा अस्थायी सङ्गठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गराइ कार्यान्वयन हुँदै आएको छ। |
| प्रदेश सरकार | स्थानीय सेवाको गठन, सञ्चालन तथा सेवा र सर्त सम्बन्धी व्यवस्था गर्न | स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको |

| निकाय | सुझावको सङ्क्षिप्त व्यहोरा | सुझाव कार्यान्वयन अवस्थाको सङ्क्षिप्त विवरण |
|---|---|---|
| | यथाशीघ्र कानुन बनाउनु पर्ने देखिन्छ। | विधेयक, २०८० उपर आयोगबाट राय/परामर्श उपलब्ध भइ सुदूरपश्चिम प्रदेश सभामा विचाराधीन रहेको छ । |
| प्रदेश सरकार | प्रदेश लोक सेवा आयोगका कामकारबाहीहरूलाई गुणस्तरीय र प्रभावकारी बनाउन पदाधिकारी/ कर्मचारीहरूलाई स्वदेश तथा विदेशमा हुने तालिम, गोष्ठी, सेमिनारमा सहभागी हुने व्यवस्था हुन सके क्षमता अभिवृद्वि भइ गुणस्तरीय र प्रभावकारी कार्य सम्पादन हुने। | प्रदेश लोक सेवा आयोगका कामकारबाहीहरूलाई गुणस्तरीय र प्रभावकारी बनाउन लोक सेवा आयोगहरूको प्रत्येक आर्थिक वर्षमा राष्ट्रिय सम्मेलन हुँदै आएको छ । साथै पदाधिकारी एवम् कर्मचारीहरू अन्तरप्रदेश भ्रमण मार्फत अन्य प्रदेश लोक सेवा आयोगसँग समन्वय तथा अनुभव आदानप्रदानका कार्यक्रमहरू गर्दै आइएको छ । |
| प्रदेश र स्थानीय तह | संविधान र कानुनी व्यवस्था बमोजिम सकारात्मक विभेद अर्थात् आरक्षण अनुसार प्रदेश लोक सेवा आयोगका विभिन्न पदमा लिइने परीक्षामा सहभागी हुने महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र जस्ता समूहका परीक्षार्थीहरूको क्षमता विकास गरी योग्यता प्रणालीलाई सुदृढ गर्न अत्यन्त आवश्यक देखिन्छ। तसर्थ लक्षित वर्गको शसक्तीकरणका लागि प्रदेश र स्थानीय तहहरूबाट उचित व्यवस्था हुन आवश्यक देखिन्छ । | लक्षित वर्गको सशक्तिकरणका लागि प्रदेश र स्थानीय तहहरूबाट लोक सेवा आयोग सम्बन्धी तयारी कक्षाहरू सञ्चालन गर्ने गरेको देखिन्छ । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेशस्तर र स्थानीय स्तरमा भएका पद दर्ता देखि लिएर कर्मचारीहरूको आवश्यक विवरण सहितको अभिलेख राख्नु पर्ने हुँदा प्रदेश स्तरमा निजामती कर्मचारी | प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कर्मचारीहरूको व्यक्तिगत विवरण सहितको अभिलेख राख्नको लागि मुख्यमन्त्री तथा |

| निकाय | सुझावको सङ्क्षिप्त व्यहोरा | सुझाव कार्यान्वयन अवस्थाको सङ्क्षिप्त विवरण |
|---|---|---|
| | किताबखानाको स्थापना गर्नु पर्ने देखिन्छ। | मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेशमा अस्थायी रूपमा किताबखानाको व्यवस्था गरिएको छ । |
| प्रदेश सरकार | प्रदेश लोक सेवा आयोग हाल घरबहालमा लिइ कार्य सम्पादन गरिरहेको छ । उक्त बहालमा लिएको घरमा स्थान अभावको कारणले कार्य सञ्चालन गर्न कठिनाइ भइरहेको र आयोगको कार्य संवेदनशीलता समेतलाई विचार गर्दा आयोगको आफ्नै सुविधा सम्पन्न भवन हुनु आवश्यक छ। | प्रदेश सरकारले आ.व. २०८०/०८१ मा आयोगको भवन निर्माणका लागि बजेट विनियोजन गरेता पनि जग्गा प्राप्ति हुन नसकेकोले हालसम्म आयोगले घर बहालमा लिई कार्यसम्पादन गरिरहेको अवस्था छ । |

## ९.३ मुख्य समस्याहरू

९.३.१ प्रदेश निजामती सेवा ऐन, २०७९ संशोधन भएपनि विवादित केहि विषयमा पुनःसंशोधन गर्नु पर्ने देखिएको, प्रदेश निजामती सेवा नियमावली र स्थानीय सेवा ऐन तथा नियमावली जारी नभएको हुँदा कार्यसम्पादनमा कठिनाइ महसुश गरिएको छ ।

९.३.२ निजामती सेवा ऐन, २०४९ र स्वास्थ्य सेवा ऐन, २०५३ सँग प्रदेश निजामती ऐन, २०७९ बाझिदा कतिपय रिक्त पदहरूमा पदपूर्ति गर्न कठिनाइ भएको छ।

९.३.३ हालसम्म पनि आयोगको स्थायी सङ्गठन संरचना स्वीकृत हुन सकेको छैन। अन्तरिम सङ्गठन संरचना बमोजिमको दरबन्दीमा समेत ५० प्रतिशतको हाराहारीमा पद रिक्त रहेकोले कार्यसम्पादनको क्रममा कार्यरत जनशक्तिलाई कार्य बोझ रहेको छ।

९.३.४ आयोगको कार्यप्रकृति अनुरूपको आफ्नै भवन लगायतका भौतिक संरचनाको अभाव रहेको छ।

९.३.५ पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण लगायत विषेशज्ञ/विषयविज्ञहरूबाट सम्पादन गराउनुपर्ने कार्यका लागि प्रदेश स्तरमा सम्बन्धित दक्ष विज्ञहरूको अभाव महसुस भएको छ।

९.३.६ नेपाल सरकारको GIDC मा Hosting रहेको आयोगको पदपूर्ति सम्बन्धी अनलाइन अप्लिकेसन (PPSRMS) को Backup Server मा समस्या सिर्जना हुन नदिनु चुनौतीको रूपमा रहेको छ।

९.३.७ परीक्षा सञ्चालनमा खटिने कर्मचारीहरूलाई उपलब्ध गराउने पारिश्रमिक समय सान्दर्भिक नभएकोले परीक्षा सञ्चालनमा जनशक्ति परिचालन गर्न असहज भएको छ।

९.३.८ आवश्यक कानुनको अभाव हुँदा आ.व. २०८०/०८१ को नयाँ पदपूर्ति सम्बन्धी सम्पूर्ण कार्यहरू रोकिएकोले वार्षिक कार्यतालिका प्रभावित हुन गएको छ।

## ९.४ आयोगका सुझावहरू तथा ध्यानाकर्षणः

मुलुकले अभ्यास गरेको सङ्घीयताको सघनीकरणका लागि प्रदेश र स्थानीय तह सबल बन्न जरूरी छ । साधन स्रोतको पूर्ण उपयोग गरी सेवा प्रवाह र विकास निर्माणमार्फत दिगो शान्ति, विकास, सुशासन र समृद्धि हासिल हुन सक्दछ। यसका लागि मानव संसाधन व्यवस्थापन सबैभन्दा महत्वपूर्ण रहन्छ । नेपालको संविधान र प्रचलित कानुनको अधीनमा रही सुदूरपश्चिम प्रदेशमा समेत प्रदेश लोक सेवा आयोगले प्रदेशभित्र सार्वजनिक सेवा सञ्चालनका लागि आवश्यक जनशक्ति पहिचान, छनौट र सिफारिस गरी सहयोग गर्ने जिम्मेवारी निर्वाह गर्दै आइरहेको छ । यद्यपि, पछिल्लो समय कानुनमा अपूर्णता, रिक्तता लगायतका समस्याले आयोग पूर्ण रूपमा कार्य गर्न नसकेको अवस्था छ । यसका लागि जिम्मेवार सबै पक्षहरूमा दायित्वप्रतिको सजगता र साङ्गठनिक समानताप्रतिको प्रतिबद्धता चाहिन्छ। चलायमान सार्वजनिक क्षेत्रको व्यवस्थाबाट नागरिक सेवा सुनिश्चित गरी स्थापित मापदण्डमा आधारित कार्यसम्पादन गर्न तथा नतिजामूलक शासकीय पद्धति एवम् जवाफदेही प्रशासन अवलम्बन गर्न प्रदेश लोक सेवा आयोगलाई समेत जुझारू र सशक्त बनाउन बाञ्छनीय छ ।

मौजुदा कानुनको समयोचित संशोधन तथा आवश्यक कानुन निर्माण हुन नसक्दा एकातिर आयोगले पूर्ण रूपमा मानव संसाधन व्यवस्थापनका लागि कार्य गर्न नपाँउदा प्रदेश र स्थानीय तहमा कर्मचारीको अभाव खट्किएको छ भने अर्कोतिर कर्मचारीहरूको वृत्ति विकासमा समेत अवरोध सिर्जना भएको छ । कानुन विना केही स्थानीय तहहरूले आफ्ना कर्मचारीको स्तर वृद्धि गर्दा परेका उजुरीहरूको व्यवस्थापन अर्को चुनौती रहेको छ भने धेरै प्रदेश सरकार मातहतका कार्यालयहरू तथा स्थानीय तहहरू निमित्त प्रशासकीय प्रमुखको भरमा चल्नुपरेकोबाट सुशासनमा आघात समेत परेको विभिन्न नियामक निकायका उजुरी, अनुसन्धान र अभियोजनका प्रकृति र प्रवृत्तिबाट महसुस समेत गर्न

सकिन्छ। यसै सन्दर्भमा समग्र सुदूरपश्चिम प्रदेशको सार्वजनिक क्षेत्रको जनशक्ति व्यवस्थापनका लागि आयोगले निम्न सुझावहरू सिफारिस गरेको छ :-

### ९.४.१ नीति तथा कानुन

क. प्रदेश लोक सेवा आयोगको गठन सँगै सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ तर्जुमा भइ कार्यान्वयनमा आएको छ । सुरूका वर्षहरूमा आयोगले समेत कानुन बमोजिम वार्षिक कार्यतालिका तर्जुमा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत प्राप्त हुन आएका रिक्त दरबन्दीहरूको विवरण अनुसार परीक्षा सञ्चालन र उम्मेदवार सिफारिस गरेको छ। तथापि मौजुदा कानुनमा संशोधन गर्ने गरी आयोगको तर्फबाट राय समेत उपलब्ध गराइएकोमा २०८१ भाद्र महिनामा संशोधन पारित भएको छ । तथापि, कार्यान्वयन तहमा विवादित केहि सवालहरुमा थप संशोधन आवश्यक देखिएको छ।

ख. प्रदेश निजामती सेवा ऐन, २०७९ कार्यान्वयनमा रहे पनि ऐनको व्यवस्था कार्यान्वयनका लागि नियमावली आवश्यक रहन्छ । सेवा छुट्टिए पनि समूह/उपसमूहको अन्यौलता, पद, कार्यक्षमता मूल्याङ्कनका आधार, आरक्षणतर्फको मापदण्ड, स्वास्थ्य सेवातर्फ सेवा प्रवेशको उमेर हद, भौगोलिक क्षेत्र विभाजन, तालिम, स्तरबृद्धि लगायतका विषयहरूमा रहेको अन्यौलता चिर्न समेत नियमावली आवश्यक देखिएको छ । सङ्घबाट समायोजन भइ प्रदेश र स्थानीय तहमा आएका राष्ट्रसेवक कर्मचारीहरू तथा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका उमेदवारहरूको तह बृद्धिको सवाल लगायतका चिर्दै प्रदेशको प्रशासनिक सङ्घीयता सवलीकरण, कर्मचारीको स्थायित्व र उच्च मनोवलका लागि समेत बेलैमा ऐन संशोधन गर्न तथा ऐन कार्यान्वयन गर्न नियमावली बनाउन ढिलो गर्नु हुँदैन।

ग. मुलुकले सङ्घीयता अभ्यास गरेसँगै स्थानीय तहहरूले आफ्नो संवैधानिक भूमिका बमोजिम सेवा प्रवाहको संयन्त्रको उपयोग गरिरहेका छन्। सेवा प्रवाहको मियोको रूपमा जनशक्ति व्यवस्थापन रहे पनि स्थानीय तहहरूले आफ्नो जनशक्तिको पदपूर्ति, स्तरवृद्धि र बढुवा लगायतका कार्यमा कानुनी कठिनाइहरू भोग्दै आएका छन् । यसबाट कार्यसञ्चालनमा समेत प्रतिकूल प्रभाव परिरहेको अवस्था छ । सङ्घीय तहमा प्रस्तावित सङ्घीय निजामती सेवा ऐन हाल सम्म पनि पारित नहुँदा र स्थानीय सरकारी सेवा ऐन प्रदेश सभाबाट जारी नहुँदा केही स्थानीय तहहरूले आफ्नै कानुन बनाइ सभा र कार्यपालिकाबाट स्वीकृत गराइ कर्मचारी भर्ना, स्तरवृद्धि र बढुवा

जस्ता कार्य गरेको हुँदा सो कार्य सम्बन्धी यस आयोग र अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा समेत उजुरी परि छानविनको क्रममा रहेका छन् । यस्तो अवस्था अन्त्यका लागि स्थानीय तहको पदपूर्ति, त्यहाँ कार्यरत कर्मचारीहरूको वृत्ति विकासका साथै समग्र कर्मचारी व्यवस्थापनको लागि स्थानीय सरकारी सेवा सञ्चालन सम्बन्धी ऐन प्रदेश सभाबाट यथाशीघ्र पारित गरी सोको नियमावली समेत बनाइ कार्यान्वयनमा ल्याउनु पर्दछ ।

घ. माथि (क), (ख) र (ग) का सुझावहरूको कार्यान्वयन भएसँगै प्रदेश लोक सेवा आयोगले तालिका, समय र योजनाबद्ध कार्ययोजना तर्जुमा गर्न सहज हुने देखिएको छ । यसका लागि आयोगले आफ्नो प्रथम संस्थागत रणनीतिक योजना तर्जुमा र कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने विषयहरूमा सम्बन्धित तह/ निकायबाट आयोगलाई सुझाव प्राप्त भएमा यी विषयहरू आयोगका लागि मार्गदर्शन हुने आयोगको अपेक्षा रहेको छ।

### ९.४.२. जनशक्ति व्यवस्थापन

स्थापनाकालदेखि नै आफ्नो अस्थायी र अन्तरिम सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्नको लागि आयोगले आवश्यक निर्णय गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने गरेको छ । अन्य केही प्रदेशले आफ्नो सङ्गठन संरचना र दरबन्दी सम्वन्धमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न/स्वीकृत गरी स्थायी दरबन्दी कायम समेत गरिसकेको अवस्था छ । आयोगले आफ्नो O&M Survey गराइसकेको अवस्थामा यस प्रदेशको हकमा समेत सालबसाली अन्तरिम सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्नुको साटो मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेतृत्व लिइ कार्य बोझका आधारमा समग्र प्रदेशस्तरका मन्त्रालय/आयोग/निकाय/कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यान्वयनमा ल्याउन उपयुक्त हुन्छ।

### ९.४.३. सूचना प्रविधि

सूचना नै शक्ति रहेको वर्तमान समयमा प्रदेश र स्थानीय तहका सार्वजनिक निकायहरूले समेत यो विषयलाई हृदयङ्गम गरी अगाडि बढेको अवस्था छ । तथापि, सूचना प्रविधिको प्रयोगमार्फत सेवालाई पारदर्शी, भरपर्दो, विश्वसनीय, पहुँचयोग्य र प्रभावकारी बनाउन यस सुदूरपश्चिम प्रदेशले अझै मेहनत गर्नुपर्ने देखिएको पृष्ठभूमिमा प्रदेशका सबै मन्त्रालय/निकाय/कार्यालय र स्थानीय तहहरूले समेत थप कार्य गर्नुपर्ने अवस्था छ । सूचनाको अन्तर-आवद्धताले तथ्याङ्कीय एकरूपता कायम हुनुका

साथै भविष्यमा प्रदेश लोक सेवा आयोगको प्रतिस्पर्धाबाट सेवा प्रवेश गर्ने जनशक्तिलाई समेत यही बाटोतर्फ शिक्षित, दिक्षित र विशिष्टिकृत हुन मार्ग प्रशस्त गर्ने देखिन्छ ।

**९.४.४. पहुँच विस्तार** (अपेक्षित वर्गसम्म पुग्ने समावेशी समतामूलक बाटो)

प्रदेश सरकारले बनाउने नीति, योजना, कानुन र विकास मार्गदर्शन लक्षित वर्ग सम्म पुग्ने किसिमको हुनु पर्दछ । प्रदेश निजामती सेवा ऐन, २०७९ मा सकारात्मक विभेदको व्यवस्था स्वरूप गरिएको विभाजन र विनीयोजन लक्षित वर्गको तल्लो तहसम्म पुगे/नपुगेको अध्ययन र समीक्षा समेत गर्दै, प्रदेश सरकार र स्थानीय तहले उपलब्ध गराउने सेवा सुविधा र अवसर अपेक्षित वर्गसम्म पुऱ्याउने गरी व्यवहारिक, समावेशी र समतामूलक तथा कार्यान्वयन योग्य हुने गरी कार्ययोजना बनाइ लागु गर्दा प्रभावकारी हुने देखिन्छ।

**९.४.५.तालिम, अभिमुखीकरण, आफ्नै भवन, बजेट लगायत**

क. प्रदेश लोक सेवा आयोगको मौजुदा दरबन्दी अस्थायी रहेको हुँदा आयोगले आफ्नै कार्यालयमा रिक्त रहेका पदहरू स्थायी रूपले पूर्ति गर्न सकेको छैन । सालबसाली रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत मन्त्रिपरिषद्बाट अन्तरिम दरबन्दी स्वीकृत गरी गराइ कार्यान्वयनमा ल्याउने गरिएको छ । यसबाट एकातिर दरबन्दीको परिपूर्तिमा समस्या देखिएको छ भने अर्को तिर कर्मचारीको स्थायित्व, उत्प्रेरणा र मनोबल तथा भर्ना देखि अवकास सम्म यसको नकरात्मक प्रभाव देखिएको छ । यो विषय प्रदेश भरीका अन्य मन्त्रालय/निकाय/कार्यालयमा समेत रहेकोबाट समग्र सेवा प्रवाह र जनशक्ति व्यवस्थापनमा असर गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेतृत्व लिइ समयमै प्रदेशको सङ्गठन तथा व्यवस्थापन परीक्षण सम्पन्न गरी गराइ प्रदेशको स्थायी दरबन्दी कायम गर्नुपर्दछ।

ख. प्रदेश लोक सेवा आयोगले आफ्नो वार्षिक बजेट तथा कार्यक्रम बमोजिम विभिन्न स्थानीय तहहरूमा प्रदेश निजामती सेवा तथा अन्य सरकारी र सङ्गठित सेवा, यसको सेवा सुविधा, प्रदेश सरकार र स्थानीय सरकार मार्फत नागरिकको सेवा गर्ने अवसर, वृत्ति विकास, सेवा प्रवेशका लागि योग्यता, निरन्तर मेहनत तथा लगाव लगायतका विषयहरूमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने गरेको छ । यद्यपि, यो विषयलाई अन्य निकाय र स्थानीय तहसमेतको समन्वयमा सशक्त बनाउन आवश्यक देखिएको छ ।

ग. आयोगको कार्य प्रकृति र संवेदनशीलता अनुसार कार्य गर्न आफ्नै जग्गा र भवन छैन। साँघुरो कार्यवातावरणका बीच मौजुदा जनशक्तिले काम गर्नु परेको अवस्था छ। यसबाट आयोगले भोग्दै

आएको अप्ठेरो चिर्न सम्बन्धित निकायले जग्गा खोजी गर्ने कार्यमा सहयोग मिल्ने आयोगको अपेक्षा रहेको छ भने आयोगलाई साधनस्रोत सम्पन्न बनाइ जनशक्ति बीच आकर्षणको केन्द्र बनाउन समेत माग गरिने बजेटमा सहयोग गर्न सम्बन्धित निकायहरूमा आयोगले सहयोग र समन्वयको अपेक्षा गरेको छ ।

## ९.५ आयोगको आगामी कार्यदिशा

९.५.१ आयोगको कार्यप्रकृति अनुरूपको आफ्नै भवन निर्माण गर्न जग्गा प्राप्तिका लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने।

९.५.२ आयोगको कामकारबाही छिटोछरितो सम्पन्न गर्न पर्याप्त जनशक्तिको व्यवस्था मिलाउने ।

९.५.३ आयोगको स्थायी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M), जनशक्तिको क्षमता विकास र प्रोत्साहन प्रणालीलाई थप प्रभावकारी बनाउने लगायतका कार्यबाट आयोगको संस्थागत क्षमता विकास तथा सुदृढीकरण गर्दै लैजाने।

९.५.४ विषयविज्ञ वा विषेशज्ञको रोष्टर सूचीलाई थप व्यवस्थित र वैज्ञानिक बनाउँदै लैजाने।

९.५.५ पाठ्यक्रम र परीक्षा प्रणालीलाई समयसापेक्ष, सान्दर्भिक र प्रतिस्पर्धी बनाउँदै लैजाने।

९.५.६ PPSRMS (Province Public Service Recruitment management System) प्रणालीलाई समय सापेक्ष सुधार गर्ने। Online Application लाई Upgrade गर्दै आयोगका कामकारबाहीलाई प्रविधिमैत्री बनाउँदै लैजाने।

९.५.७ आयोगको कार्यक्षेत्रभित्रका प्रदेश र स्थानीय तहहरूमा आवश्यकता अनुसार अनुगमन तथा निरीक्षणलाई निरन्तरता दिने।

९.५.८ कानुनको अभाव हुँदा आ.व. २०८०/०८१ को नयाँ पदपूर्ति सम्बन्धी सम्पूर्ण कार्यहरू रोकिएकोमा प्रदेश निजामती सेवा ऐन संशोधन र स्थानीय सरकारी सेवा ऐन जारी भए पश्चात् आ.व. ०८१/०८२ मा प्रकाशित वार्षिक कार्यतालिका अनुरूप नै पदपूर्ति प्रक्रिया अगाडि बढाइने योजना रहेको छ ।

९.५.९ सार्वजनिक प्रशासन, सेवा प्रवाह, मानव संसाधन व्यवस्थापन, राष्ट्रको समृद्धि, सुशासन र प्रादेशिक सन्तुलन एवम् अपनत्वसँग सम्बन्धित लेख रचना लगायतका विषय समेटिएको सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगको स्मारिका-२०८१ तयार गरी प्रकाशन गर्ने भावी योजना रहेको छ ।

९.५.१० सार्वजनिक सेवाको आवश्यकता अनुसारको उपयुक्त र सक्षम मानव संसाधन छनौट गरी सिफारिस गर्ने मुख्य ध्येय राखी योग्यता, निश्पक्षता र स्वच्छता जस्ता मूलभूत मूल्यहरू कायम हुने गरी प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिमले रणनीतिक योजना तर्जुमा गर्ने योजना रहेको छ ।

९.५.११ नेपाल सरकारको GIDC मा Hosting रहेको आयोगको पदपूर्ति सम्बन्धी अनलाइन प्रणालीलाई आयोगले आफ्नै Backup Server राखि सो सम्बन्धी डाटा सुरक्षित राख्ने योजना रहेको छ।

# अनुसूची -१
## प्रदेश लोक सेवा आयोगको अस्थायी सङ्गठन संरचना र दरबन्दी

**प्रदेश लोक सेवा आयोग**
**सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली**
**अन्तरिम सङ्गठन संरचना**

**अध्यक्ष**
- निजी सचिव (७/८ तह - प्रशासन) -१
- ह.स.चा./श्रेणीविहीन -१

**सदस्य**
- निजी सचिव (५/६ तह - प्रशासन) - १
- ह.स.चा./श्रेणीविहीन -१

**सदस्य**
- निजी सचिव(५/६ तह - प्रशासन) - १
- ह.स.चा./श्रेणीविहीन -१

**सचिव**
(रा.प.प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तह) प्रशासन -१
- निजी सचिव(५/६ तह - प्रशासन) - १
- ह.स.चा./श्रेणीविहीन -१

**प्रशासन तथा योजना महाशाखा**
उपसचिव - ९/१० तह – प्रशासन -१

**प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा**
- शाखा अधिकृत - ७/८ तह – प्रशासन - १
- सहायक/अधिकृत - ५/६ तह - प्रशासन – १
- क.अ./क.अधिकृत - ५/६ तह – विविध – १
- सहायक - ४/५ तह - प्रशासन - १
- कार्यालय सहयोगी - ५

**दर्ता, चलानी फाँट**
- सहायक - ४/५ तह - प्रशासन - १

**जिन्सी फाँट**
- सहायक - ४/५ तह - प्रशासन - १

**नीति, नियम तथा कानून शाखा**
- कानून अधिकृत - ७/८ तह - न्याय/कानुन -१
- सहायक - ४/५ तह - प्रशासन - १

**पाठ्यक्रम तथा परीक्षण प्रविधि शाखा**
- शाखा अधिकृत -७/८ तह – शिक्षा - १
- सहायक - ४/५ तह - प्रशासन - १

**आर्थिक प्रशासन शाखा**
- लेखा अधिकृत - ७/८ तह – प्रशासन - लेखा -१
- लेखापाल/अधिकृत - ५/६ तह – प्रशासन – लेखा - १

**सूचना प्रविधि शाखा**
- कम्प्युटर इन्जिनियर - ७/८ तह – विविध - १
- क.अ./क. अधिकृत – ५/६ तह - विविध - १

**परीक्षा महाशाखा**
उपसचिव - ९/१० तह – शिक्षा -१

**परीक्षा सञ्चालन शाखा**
- शाखा अधिकृत - ७/८ तह – प्रशासन - १
- सहायक/अधिकृत - ५/६ तह - प्रशासन – १
- क.अ./क. अधिकृत – ५/६ तह - विविध - १

**लिखित परीक्षा नतिजा तयारी शाखा**
- शाखा अधिकृत - ७/८ तह – प्रशासन - १
- सहायक/अधिकृत - ५/६ तह - प्रशासन – १
- क.अ./क. अधिकृत – ५/६ तह - विविध - १

**अन्तरवार्ता तथा सिफारिस महाशाखा**
उपसचिव - ९/१० तह – प्रशासन -१

**लिखित परीक्षा नतिजा प्रकाशन शाखा**
- शाखा अधिकृत - ७/८ तह – प्रशासन - १
- सहायक/अधिकृत - ५/६ तह - प्रशासन – १
- क.अ./क. अधिकृत – ५/६ तह - विविध - १

**प्रश्न पत्र परिमार्जन शाखा**
- शाखा अधिकृत - ७/८ तह – प्रशासन - १
- सहायक/अधिकृत - ५/६ तह - प्रशासन – १

**अन्तरवार्ता तथा सिफारिस / प्रश्नपत्र भण्डारण शाखा**
- शाखा अधिकृत - ७/८ तह – प्रशासन - १
- सहायक/अधिकृत - ५/६ तह - प्रशासन – १
- क.अ./क. अधिकृत – ५/६ तह - विविध - १

## अनुसूची – २

## आन्तरिक कार्य विभाजन

| क्र.सं. | पदाधिकारीको नाम | जिम्मेवारी |
|---|---|---|
| १ | अध्यक्ष श्री यज्ञराज बोहरा | १- आयोगको प्रशासन/व्यवस्थापन तथा समन्वय । |
| | | २- प्रश्नपत्र परिमार्जन (मोडरेशन) । |
| | | ३- अन्तर्वार्ता, अन्तिम नतिजा प्रकाशन तथा सिफारिस । |
| | | ४- पाठ्यक्रम निर्माण, परिमार्जन तथा परीक्षण प्रविधि । |
| | | ५- अनुगमन तथा निरीक्षण । |
| २ | सदस्य श्री लक्ष्मणबहादुर खड्का | १- लिखित परीक्षा सञ्चालन । |
| | | २- उत्तरपुस्तिका परीक्षण । |
| | | ३- लिखित परीक्षाको नतिजाको तयारी |
| | | ४- नीति तथा कानुन । |
| | | ५- परामर्श (प्रदेश सेवातर्फ ) । |
| | | ६- वार्षिक प्रतिवेदन तयारी । |
| ३ | सदस्य श्री भागरथी राना | १- पदपूर्तिका लागि वार्षिक कार्यतालिका । |
| | | २- रिक्त पदको माग सङ्कलन, पदसङ्ख्या निर्धारण, शैक्षिक योग्यता निर्धारण । |
| | | ३- रिक्त पदपूर्तिका लागि विज्ञापन प्रकाशन । |
| | | ४- कच्चा प्रश्नपत्र निर्माण । |
| | | ५- लिखित परीक्षाको नतिजा प्रकाशन । |
| | | ६- परामर्श (स्थानीय सरकारी सेवा तर्फ) । |

# अनुसूची -३
## आयोगको दरबन्दी तथा पदपूर्तिको अवस्था

| क्र.सं. | पद नाम | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | ११ | प्रशासन | सामान्य प्रशासन | १ | १ | ० |
| २ | उपसचिव | ९।१० | प्रशासन | सामान्य प्रशासन | २ | १ | १ |
| ३ | उपसचिव | ९।१० | शिक्षा | शिक्षा प्रशासन | १ | ० | १ |
| ४ | शाखा अधिकृत | ७।८ | प्रशासन | सामान्य प्रशासन | ७ | ३ | ४ |
| ५ | कानुन अधिकृत | ७।८ | न्याय | कानुन | १ | ० | १ |
| ६ | शाखा अधिकृत | ७।८ | शिक्षा | शिक्षा प्रशासन | १ | १ | ० |
| ७ | लेखा अधिकृत | ७।८ | प्रशासन | लेखा | १ | १ | ० |
| ८ | कम्प्युटर इञ्जिनियर | ७।८ | विविध | | १ | ० | १ |
| ९ | सहायक। अधिकृत | ५।६ | प्रशासन | सामान्य प्रशासन | ९ | ४ | ५ |
| १० | क.अ./क. अधिकृत | ५।६ | विविध | | ६ | ६ | ० |
| ११ | लेखापाल। अधिकृत | ५।६ | प्रशासन | लेखा | १ | ० | १ |
| १२ | सहायक | ४।५ | प्रशासन | सामान्य प्रशासन | ५ | १ | ४ |
| १३ | हलुका सवारी चालक | श्रेणीविहीन | | | ४ | ४ | ० |
| १४ | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | | ५ | ५ | ० |
| | | | | जम्मा | ४५ | २७ | १८ |

## आयोगमा कार्यरत महाशाखा/शाखा अनुसार कर्मचारी विवरण

| महाशाखाको नाम | शाखाको नाम | शाखामा कार्यरत कर्मचारी |
|---|---|---|
| सचिव वेदप्रसाद भण्डारी | | |
| प्रशासन तथा योजना महाशाखा प्रमुख उप-सचिव हिरालाल चौधरी | प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा | शाखा अधिकृत - सरोज चौधरी |
| | | सहायकस्तर पाचौं - रेवती भट्ट |
| | | कम्प्युटर अपरेटर - भारती लुहार |
| | | पुस्तकालय/सोधपुछ कक्ष :<br>विमल जोशी<br>भागरथी कुमारी भट्ट<br>मीना भट्ट<br>सौभाग्य प्रताप शाह |
| | नीति, नियम तथा कानुन शाखा | अधिकृत- देवेन्द्र शाह |
| | पाठ्यक्रम तथा परीक्षण प्रविधि शाखा | शाखा अधिकृत - नरेन्द्र सिंह ठगुन्ना |
| | आर्थिक प्रशासन शाखा | लेखाअधिकृत - यज्ञराज लेखक |
| | सूचना प्रविधि शाखा | कम्प्युटर अधिकृत-बिरसिंह भण्डारी |
| परीक्षा महाशाखा प्रमुख उप-सचिव हिरालाल चौधरी | परीक्षा सञ्चालन शाखा | शाखा अधिकृत -मिना जोशी |
| | | सहायकस्तर पाचौं - बिष्णु साँउद |
| | लिखित परीक्षा नतिजा तयारी शाखा | शाखा अधिकृत धनराज धामी |
| | | सहायकस्तर पाचौं - भानुभक्त भट्टराई |
| अन्तर्वार्ता तथा सिफारिस महाशाखा प्रमुख उप-सचिव हिरालाल चौधरी | लिखित परीक्षा नतिजा प्रकाशन शाखा | शाखा अधिकृत - नरेन्द्र सिंह ठगुन्ना |
| | | कम्प्युटर अधिकृत - बिरसिंह भण्डारी |
| | प्रश्न पत्र परिमार्जन शाखा | लेखा अधिकृत - यज्ञराज लेखक |
| | अन्तर्वार्ता तथा सिफारिस शाखा | शाखा अधिकृत - सरोज चौधरी |
| | | नायब सुब्बा- दिर्घमती जोशी |
| | प्रश्नपत्र भण्डारण शाखा | शाखा अधिकृत - नरेन्द्र सिंह ठगुन्ना |

प्रवक्ता : उपसचिव हिरालाल चौधरी, सम्पर्क नं ९८५११५०५७०

सूचना अधिकारी : शाखा अधिकृत सरोज चौधरी, सम्पर्क नं ९८५८४८३३५५

## अनुसूची -४
## आयोगको भौतिक साधनहरूको अवस्था

| क्र.सं. | विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | प्रोजेक्टर | पिस | २ | |
| २ | दराज | पिस | २ | |
| ३ | कन्फरेन्स स्पीकर (Conference Speaker) | सेट | १ | |
| ४ | ल्यापटप | पिस | १९ | |
| ५ | ईन्टरकम टेलिफोन | सङ्ख्या | १ | |
| ६ | वाल पङ्खा | सङ्ख्या | १० | |
| ७ | स्टेबिलाइजेर | पिस | १० | |
| ८ | कुलर | सङ्ख्या | १ | |
| ९ | स्कुटर | सङ्ख्या | २ | |
| १० | जिप | सङ्ख्या | ४ | |
| ११ | प्रिन्टर | पिस | २७ | |
| १२ | अन्य निर्माण सम्बन्धी उपकरण | सङ्ख्या | ३६१.२ | |
| १३ | फोटोकपी मेशिन | पिस | १० | |
| १४ | साईकल | सङ्ख्या | १० | |
| १५ | कम्प्युटर टेबुल | सङ्ख्या | २८ | |
| १६ | फ्रिज | पिस | ४ | |
| १७ | हाजिर मेशिन | पिस | २ | |
| १८ | साईड टेबल | पिस | ४ | |
| १९ | LED Display | सङ्ख्या | २ | |
| २० | टि टेवल | सङ्ख्या | २८ | |
| २१ | जेनेरेटर | पिस | २ | |
| २२ | डेस्कटप कम्प्युटर | पिस | ३६ | |
| २३ | खाट पलङ लोबेड | पिस | १२ | |

| क.सं. | विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| २४ | टेबल पङ्खा | पिस | १० | |
| २५ | ग्यारेज | सङ्ख्या | १ | |
| २६ | मिटिङ टेवुल | सङ्ख्या | १०४ | स्क्वायर फिट |
| २७ | थ्रि सिटर (Three Seater) | पिस | ४ | |
| २८ | सोफासेट | पिस | १५ | |
| २९ | एयर कन्डीसनर | पिस | १९ | |
| ३० | सिसिटिभी क्यामरा | पिस | १६ | |
| ३१ | कार्पेट | पिस | २८ | |
| ३२ | Scanner | पिस | २ | |
| ३३ | अन्य सूचना कम्प्युटर तथा दूरसञ्चार सामान | सङ्ख्या | १ | |
| ३४ | किचेन रयाक/Kitchen rack | सङ्ख्या | १ | |
| ३५ | स्टिल दराज | पिस | ४३ | |
| ३६ | रोष्टम | सङ्ख्या | १ | |
| ३७ | मोटर साइकल | सङ्ख्या | ९ | |
| ३८ | बुक सेल्फ | पिस | १६ | |
| ३९ | ब्याट्री (Battery BDC) | पिस | १३ | |
| ४० | इन्भरटर | सङ्ख्या | ५ | |
| ४१ | रिभल्वभिङ चेयर | पिस | ४५ | |
| ४२ | भिजिटर चेयर(Visitor Chair) | पिस | ३५ | |
| ४३ | सञ्चार हेण्ड सेट | सङ्ख्या | ६ | |
| ४४ | अफिस टेबल (Office Table) | पिस | ७ | |
| ४५ | फाईलिङ क्याविनेट | पिस | ३ | |
| ४६ | टेबल | पिस | ४७ | |
| ४७ | टेलिभिजन | सङ्ख्या | ६ | |
| ४८ | सफ्टवेयर | पिस | ४ | |
| ४९ | प्रोजक्टर स्क्रीन | पिस | १ | |

| क्र.सं. | विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| ५० | हाइस्पीड डिजिटल कलर प्रिन्टर | पिस | १ | |
| ५१ | वाटर डिस्पेसर | पिस | १ | |
| ५२ | भ्याकुम क्लिनर | पिस | १ | |
| ५३ | OMR Machine | पिस | १ | |
| ५४ | Numbering Machine | पिस | ४ | |
| ५५ | मनिटर | पिस | ३ | |
| ५६ | कुर्सी | पिस | १ | |
| ५७ | जुता र्‍याक | पिस | १ | |

# अनुसूची -५

## आयोगको आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट, निकासा र खर्च

### चालु र पूँजिगत खर्च शीर्षकको प्रगति विवरण

| क्र.सं. | बजेट उपशीर्षक नं. | कुल बजेट | आ.ब. २०८०/०८१ | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | | | कुल खर्च | बाँकी बजेट | |
| १ | चालु खर्च | ७,९९,५०,०००.०० | ४,८२,१०,३४०.४० | ३,१७,३९,६५९.६० | ६०.३०% |
| २ | पुँजीगत खर्च | १,६२,५०,०००.०० | ६,९४,६५२.०० | १,५५,५५,३४८.०० | ४.२७% |
| | कुल बजेट | ९,६२,००,०००.०० | ४८९०४९९२.४० | ४,७२,९५,००७.६० | ५०.८४% |

### चालु तर्फ

| खर्च/वित्तीय सङ्केत नम्वर | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | जम्मा खर्च | बाँकी |
|---|---|---|---|---|
| २१११११ | पारिश्रमिक कर्मचारी | २०,३०८,०००.०० | ८,६३९,९३५.८० | ११,६६८,०६४.२० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | २,७८९,०००.०० | २,७८७,२०४.४० | १,७९५.६० |
| २११२१ | पोसाक | ४५०,०००.०० | ३५०,०००.०० | १००,०००.०० |
| २११३२ | महङ्गी भत्ता | १,०८०,०००.०० | २८६,०००.०० | ७९४,०००.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | २७०,०००.०० | ०.०० | २७०,०००.०० |
| २११३९ | अन्य भत्ता | २,३७८,०००.०० | १,३२२,६८५.०० | १,०५५,३१५.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | १,५००,०००.०० | ६६७,५००.०० | ८३२,५००.०० |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | १,५०३,०००.०० | ६४८,०००.०० | ८५५,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | २१६,०००.०० | ५७,२००.०० | १५८,८००.०० |
| २२१११ | पानी तथा बिजुली | ८००,०००.०० | ६६८,४३५.०० | १३१,५६५.०० |
| २२११२ | संचार महसुल | ३५०,०००.०० | १४२,०९५.०० | २०७,९०५.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | ६४४,०००.०० | ६०४,९५४.०० | ३९,०४६.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ८५७,०००.०० | ८५५,४६०.०० | १,५४०.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ७१०,०००.०० | ६३७,३६२.०० | ७२,६३८.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ५५०,०००.०० | २४९,०९९.०० | ३००,९०१.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३३०,०००.०० | २१०,०५६.०० | ११९,९४४.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | १,५००,०००.०० | १,४२९,४३९.०० | ७०,५६१.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | २२०,०००.०० | १४७,५१५.०० | ७२,४८५.०० |

| खर्च/वित्तीय सङ्केत नम्वर | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | जम्मा खर्च | बाँकी |
|---|---|---|---|---|
| २२३१५ | पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन खर्च | ५,३००,०००.०० | ४२१,५८३.०० | ४,८७८,४१७.०० |
| २२४११ | सेवा र परामर्श खर्च | ९१२,०००.०० | १०८,०००.०० | ८०४,०००.०० |
| २२४१२ | सचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ७२०,०००.०० | ५८९,८६०.०० | १३०,१४०.०० |
| २२४१३ | करार सेवा शुल्क | ५,७५७,०००.०० | ५,१९५,७४४.०० | ५६१,२५६.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | ३८१,०००.०० | ०.०० | ३८१,०००.०० |
| २२५२२ | कार्यक्रम खर्च | ६००,०००.०० | ३०३,८६१.०० | २९६,१३९.०० |
| २२६११ | अनुगमन, मूल्याङ्कन खर्च | २७०,०००.०० | २६७,००५.०० | २,९९५.०० |
| २२६१२ | भ्रमण खर्च | १,१६०,०००.०० | ७११,११३.०० | ४४८,८८७.०० |
| २२७११ | विविध खर्च | २५,२२१,०००.०० | १८,९६०,३३४.२० | ६,२६०,६६५.८० |
| २८१४२ | घर भाडा | २,१२४,०००.०० | १,८७९,९००.०० | २४४,१००.०० |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | १,०५०,०००.०० | ७०,०००.०० | ९८०,०००.०० |
| | **जम्मा** | **७९,९५०,०००.००** | **४८,२१०,३४०.४०** | **३१,७३९,६५९.६०** |

**पुँजीगत तर्फ**

| खर्च/वित्तीय सङ्केत नम्वर | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | जम्मा खर्च | बाँकी |
|---|---|---|---|---|
| ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | १२,४००,०००.०० | ०.०० | १२,४००,०००.०० |
| ३११२२ | मेशिनरी तथा औजार | १,०९०,०००.०० | २८५,३९९.०० | ८०४,६०१.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | २६०,०००.०० | २१७,५२०.०० | ४२,४८०.०० |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | २,०००,०००.०० | ०.०० | २,०००,०००.०० |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | ५००,०००.०० | १९१,७३३.०० | ३०८,२६७.०० |
| | **जम्मा** | **१६,२५०,०००.००** | **६९४,६५२.००** | **१५,५५५,३४८.००** |

# अनुसूची -६
## आयोगबाट सङ्कलित राजस्व र धरौटी

| आयोगबाट सङ्कलित राजश्व | | | |
|---|---|---|---|
| क्र.सं. | राजश्व सङ्केत | शीर्षक | सङ्कलित रकम |
| १ | १४२२९ | अन्य प्रशाशनिक सेवा शुल्क | २९,७७५.०० |
| | | जम्मा | २९,७७५.०० |

| धरौटी विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | आम्दानी | फिर्ता | सदरस्याहा | बाँकी | कैफियत |
| १ | १४,३९० | ० | ० | १४,३९० | |

# अनुसूची -७

## आ.व. २०८०/०८१ मा आयोग बेरूजुको अवस्था

| बेरूजुको रकम | फछ्यौंट रकम | फछ्यौंट % | फछ्यौंट हुन बाँकी बेरूजु रकम | कैफियत |
|---|---|---|---|---|
| १,४१,९०८.०० | १,०८,३००.०० | ७६.३२ | ३३,६०८.०० | |

## अनुसूची -८
## आयोगबाट स्वीकृत भइ सार्वजनिक गरिएका पाठ्यक्रम

| क.सं. | सेवा | तह | समूह | उपसमूह | पद |
|---|---|---|---|---|---|
| १ | नेपाल वन | तह विहीन | जनरल फरेष्ट्री, | | वनरक्षक |
| २ | नेपाल स्वास्थ्य | चौथो | प.हे. न. | | अ.न.मी. |
| ३ | नेपाल स्वास्थ्य | चौथो | मेडिकल ल्याब टेक्नोलोजी | जनरल मेडिकल ल्याब टेक्नोलोजी | ल्याब असिष्टेन्ट |
| ४ | नेपाल स्वास्थ्य | चौथो | आयुर्वेद | | वैद्य |
| ५ | नेपाल स्वास्थ्य | चौथो | हेल्थ इन्स्पेक्सन | | अ. हे. व. |
| ६ | नेपाल कृषि | चौथो | फिसरिज, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट एकीकृत | | नायब प्राविधिक सहायक वा सो सरह |
| ७ | नेपाल कृषि | चौथो | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको.एण्ड मार्केटिङ्ग एकीकृत | | नायब प्राविधिक सहायक वा सो सरह |
| ८ | नेपाल इन्जिनियरिङ | चौथो | सिभिल | जनरल, हाईवे, इरिगेशन, हाइड्रोपावर, हाइड्रोलोजी | असिष्टेण्ट सव इन्जिनियर वा सो सरह |

| क्र.सं. | सेवा | तह | समूह | उपसमूह | पद |
|---|---|---|---|---|---|
| ९ | नेपाल इन्जिनियरिङ | चौथो | सिभिल | स्यानिटरी | खानेपानी तथा सरसफाइ टेक्निसियन |
| १० | नेपाल इन्जिनियरिङ | चौथो | सर्भे | | अमिन |
| ११ | नेपाल विविध | चौथो | | | सहायक कम्प्युटर अपरेटर |
| १२ | नेपाल प्रशासन/न्याय | चौथो | सामान्य प्रशासन/लेखा | | सहायक/सहायक लेखापाल |
| १३ | नेपाल स्वास्थ्य | पाँचौं | प.हे.न./क.न. | | पब्लिक हेल्थ नर्स |
| १४ | नेपाल स्वास्थ्य | पाँचौं | जनरल नर्सिङ | | स्टाफ नर्स |
| १५ | नेपाल स्वास्थ्य | पाँचौं | हेल्थ इन्स्पेक्सन | | हे. अ./ सि.अ.हे.व. |
| १६ | नेपाल स्वास्थ्य | पाँचौं | मेडिकल ल्याब टेक्नोलोजी | | ल्याब टेक्निसियन |
| १७ | नेपाल स्वास्थ्य | पाँचौं | आयुर्वेद | | आयुर्वेद सहायक |
| १८ | नेपाल स्वास्थ्य | पाँचौं | फार्मेसी | | फार्मेसी सहायक |
| १९ | नेपाल कृषि | पाँचौं | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको.एण्ड मार्केटिङ्ग एकीकृत | | प्राविधिक सहायक |

| क्र.सं. | सेवा | तह | समूह | उपसमूह | पद |
|---|---|---|---|---|---|
| २० | नेपाल कृषि | पाँचौं | फिसरिज, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमे | | पशुस्वास्थ्य प्राविधिक/ पशुसेवा प्राविधिक/ प्राविधिक सहायक |
| २१ | नेपाल वन | पाचौं | जनरल फरेष्ट्री, स्वायल एण्ड बाटर कञ्जरभेशन र फरेष्ट रिसर्च एकीकृत | | रेन्जर |
| २२ | नेपाल शिक्षा | पाचौं | शिक्षा प्रशासन | निरीक्षण | प्राविधिक सहायक |
| २३ | नेपाल इन्जिनियरिङ | पाचौं | सिभिल | जनरल, हाईवे, स्यानीटरी, इरिगेशन, हाइड्रोपावर, हाइड्रोलोजी | सव इन्जिनियर वा सो सरह |
| २४ | नेपाल इन्जिनियरिङ | पाचौं | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | सव इन्जिनियर वा सो सरह |
| २५ | नेपाल इन्जिनियरिङ | पाचौं | सर्भे | | सर्भेक्षक |
| २६ | नेपाल विविध | पाँचौं | | | कम्प्युटर अपरेटर |
| २७ | नेपाल विविध | पाँचौं | | | महिला विकास नीरक्षक |
| २८ | नेपाल प्रशासन/ न्याय/लेखा परीक्षण | पाचौं | सामान्यप्रशासन/ लेखा/ राजश्व/न्याय/लेखापरीक्षण | | सहायक/लेखापाल |
| २९ | नेपाल प्रशासन | सातौं | सामान्य प्रशासन/लेखा/राजश्व | | |

| क्र.सं. | सेवा | तह | समूह | उपसमूह | पद |
|---|---|---|---|---|---|
| ३० | नेपाल इञ्जिनियरिङ | सातौं | सिभिल | जनरल, हाईवे, इरिगेशन, हाइड्रोपावर, स्यानिटरी | इञ्जिनियर |
| ३१ | नेपाल इञ्जिनियरिङ | सातौं | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | इञ्जिनियर |
| ३२ | नेपाल कृषि | सातौं | फिसरिज | | अधिकृत सातौं वा सो सरह |
| ३३ | नेपाल कृषि | सातौं | भेटेरिनरी | | अधिकृत सातौं वा सो सरह |
| ३४ | नेपाल कृषि | सातौं | लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलेपमेन्ट | | अधिकृत सातौं वा सो सरह |
| ३५ | नेपाल कृषि | सातौं | एगृ एक्सटेन्सन, हर्टिकल्चर, एग्रोनोमी, प्लान्ट प्रोटेक्सन, एगृ.इको. एण्ड मार्केटिंङ र स्वाइल साइन्स | | अधिकृत सातौं वा सो सरह |
| ३६ | नेपाल स्वास्थ्य | सातौं | हेल्थ इन्स्पेक्सन | | अधिकृतस्तर सातौं वा सो सरह |
| ३७ | नेपाल स्वास्थ्य | सातौं | हेल्थ एजुकेशन | | स्वास्थ्य शिक्षा अधिकृत वा सो सरह |
| ३८ | नेपाल शिक्षा | सातौं | शिक्षा प्रशासन | निरीक्षण | अधिकृतस्तर सातौं वा सो सरह |
| ३९ | नेपाल वन | सातौं | जनरल फरेष्ट्री, फरेष्ट रिसर्च र स्वायल एण्ड वाटर कन्जरभेशन | | अधिकृतस्तर सातौं वा सो सरह |
| ४० | नेपाल स्वास्थ्य | आठौं | जनरल हेल्थ सर्भिसेज | | मेडिकल अधिकृत वा सो सरह |

## अनुसूची - ९

## प्रश्नपत्र निर्माण र परिमार्जन सम्बन्धी विवरण

| क्र. सं. | पद, सेवा, समूह | तह | कच्चा प्रश्नपत्र सेट | परिमार्जन सेट | खर्च सेट | बाँकी सेट |
|---|---|---|---|---|---|---|
| १ | सहायक, लेखासहायक, आ.ले.प सहायक, प्रशासन | पाचौं | ५ | ३ | १ | २ |
| २ | सब-इञ्जिनियर, इञ्जि., सिभिल, जनरल/हाइवे | पाचौं | १० | ६ | २ | ४ |
| ३ | सब-इञ्जिनियर, इञ्जि., सिभिल, विल्डिङ एण्डआर्किटेक्ट | पाचौं | १० | ६ | २ | ४ |
| ४ | प्राविधिक सहायक, कृषि, कृषिप्रसार/बागवानी/बालिविकास/बालीसंरक्षण/माटोविज्ञान | पाचौं | ५ | ३ | १ | २ |
| ५ | प्राविधिक सहायक/पशु सेवा प्राविधिक, पशुस्वास्थ्य प्राविधिक, कृषि, मत्स्य/ला.पो.एण्ड डे.डे./भेटेरिनरी | पाचौं | ५ | ३ | १ | २ |
| ६ | रेञ्जर, वन, जनरल फरेष्ट्री,स्वायल एण्ड वाटरकन्जर्भेसन | पाचौं | ५ | ३ | १ | २ |
| ७ | कम्प्युटर अपरेटर, विविध | पाचौं | ५ | ३ | १ | २ |
| ८ | प्राविधिक सहायक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | पाचौं | १० | ६ | २ | ४ |
| ९ | पब्लिक हेल्थ नर्स, स्वास्थ्य, क.न. | पाचौं | ५ | ३ | १ | २ |
| १० | कविराज/आयुर्वेद सहायक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | पाचौं | ५ | ३ | १ | २ |
| ११ | हेल्थ असिष्टेण्ट स्वास्थ्य, हे.ई. | पाचौं | ५ | ३ | १ | २ |
| १२ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | पाचौं | ५ | ३ | १ | २ |
| १३ | सहायक/सहायक लेखापाल,प्रशासन,सा.प्र.र लेखा | चौथो | ५ | ३ | १ | २ |
| १४ | खानेपानी तथा सरसफाई टेक्निसियन, इञ्जि. सेवा, सिभिल, स्यानिटरी | चौथो | १० | ६ | २ | ४ |
| १५ | असिष्टेण्ट सबइञ्जिनियर, इञ्जि., सिभिल | चौथो | ५ | ३ | १ | २ |

| क्र. सं. | पद, सेवा, समूह | तह | कच्चा प्रश्नपत्र सेट | परिमार्जन सेट | खर्च सेट | बाँकी सेट |
|---|---|---|---|---|---|---|
| १६ | अमिन, इञ्जि., सर्भे | चौथो | ५ | ३ | १ | २ |
| १७ | नायब प्राविधिक सहायक, कृषि, कृषि प्रसार | चौथो | ५ | ३ | १ | २ |
| १८ | नायब पशु सेवा प्राविधिक/ नायब पशु स्वास्थ्य प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे., भेटेरिनरी | चौथो | ५ | ३ | १ | २ |
| १९ | सहायक कम्प्युटर अपरेटर, विविध | चौथो | ५ | ३ | १ | २ |
| २० | अ.न.मी., स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ्ग | चौथो | १५ | ९ | ३ | ६ |
| २१ | वैद्य, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | चौथो | १० | ६ | २ | ४ |
| २२ | ल्याब असिस्टेण्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | चौथो | १५ | ९ | ३ | ६ |
| २३ | अ.हे.व., स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | चौथो | १५ | १० | ३ | ७ |
| २४ | वनरक्षक,वन, ज.फ. | विहीन | ५ | ३ | १ | २ |
| जम्मा | | | १७५ | १०६ | ३५ | ७१ |

# अनुसूची -१०
## पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

प्रदेश लोक सेवा आयोग
सुदूरपश्चिम प्रदेश
धनगढी,कैलाली

**आ.व. २०८०/०८१ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका**
(प्रदेश तथा स्थानीय तह तर्फको सहायकस्तरका विभिन्न पदहरू)

**आ.व. २०७९/०८० मा विज्ञापन भएका पदहरुको पदपूर्ति सम्बन्धी कार्यतालिका**

| सि.नं. | तह | पदपूर्तिको किसिम | माग संकलन | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|---|
| १ | सहायकस्तर पाँचौं तहका अप्राविधिक पदहरू | खुला | | | | | साउन/भदौ | भदौ/असोज |
| २ | विभिन्न सेवाका सहायकस्तर पाँचौं तहका प्राविधिक पदहरू | खुला | | | | साउन/भदौ | साउन/भदौ | कार्तिक/ मंसिर |
| ३ | विभिन्न सेवाका सहायकस्तर चौथो तहका अप्राविधिक पदहरू | खुला | प्रथम चरण | | | भदौ | असोज/ कार्तिक | |
| | | | द्धितीय चरण | | | मंसिर/पुष | माघ/फागुन | फागुन/चैत |
| ४ | विभिन्न सेवाका सहायकस्तर चौथो तहका प्राविधिक पदहरू | खुला | | | | भदौ/असोज/कार्तिक | मंसिर/पुष | पुष/माघ/फागुन |

**आ.व. २०८०/०८१ मा विज्ञापन हुने पदहरुको पदपूर्ति सम्बन्धी कार्यतालिका**

| सि.नं. | तह | पदपूर्तिको किसिम | | माग संकलन | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विभिन्न सेवाका अधिकृतस्तर एघारौं तह | बढुवा | | - | आवश्यकतानुसार | - | - | - | - |
| २ | विभिन्न सेवाका अधिकृतस्तर नवौं तहका अप्राविधिक/प्राविधिक पदहरु | खुला,आ.प्र. | | कार्तिक | मंसिर | मंसिर अन्तिम हप्ता | माघ/फागुन | फागुन/चैत्र | चैत्र/बैशाख |
| | | बढुवा | | | | | | | |
| ३ | विभिन्न सेवाका अधिकृतस्तर सातौं/आठौं तहका प्राविधिक पदहरु | खुला, आ.प्र. | | मंसिर | पुष | पुष अन्तिम हप्ता | फागुन/चैत्र | चैत्र/बैशाख | जेठ/असार |
| | | बढुवा | | | | | | | |
| ४ | अधिकृतस्तर सातौं तहका अप्राविधिक पदहरु | खुला, आ.प्र. | प्रथम चरण | मंसिर | पुष | पुष अन्तिम हप्ता | फागुन | चैत्र/बैशाख | |
| | | | द्वितीय चरण | | | | जेठ | श्रावण/भदौ | भदौ/असोज |
| | | बढुवा | | | | | | | |
| ५ | सहायकस्तर पाँचौं तहका अप्राविधिक पदहरू | खुला, आ.प्र. | प्रथम चरण | पुष | माघ | माघ अन्तिम हप्ता | बैशाख | जेठ/असार | |
| | | | द्वितीय चरण | | | | असार/श्रावण | भदौ/असोज | असोज/कार्तिक |
| | | बढुवा | | | | | | | |
| ६ | विभिन्न सेवाका सहायकस्तर पाँचौं तहका प्राविधिक पदहरू | खुला, आ.प्र. | | माघ | फागुन | फागुन अन्तिम हप्ता | जेठ/असार | असार/श्रावण | भदौ/असोज |
| | | बढुवा | | | | | | | |
| ७ | सहायकस्तर चौथो तहका अप्राविधिक पदहरू | खुला, आ.प्र. | प्रथम चरण | फागुन | चैत | चैत अन्तिम हप्ता | असार | श्रावण/भदौ | |
| | | | द्वितीय चरण | | | | भदौ/असोज | कार्तिक/मंसिर | मंसिर/पुष |
| | | बढुवा | | | | | | | |
| ८ | विभिन्न सेवाका सहायकस्तर चौथो तहका प्राविधिक पदहरू | खुला, आ.प्र. | | चैत | बैशाख | बैशाख अन्तिम हप्ता | श्रावण/भदौ | असोज/कार्तिक | कार्तिक/मंसिर |

## अनुसूची - ११

### आ.व. २०७९/०८० मा प्रकाशित विज्ञापनका पदहरूको लिखित परीक्षामा उपस्थित सङ्ख्यात्मक विस्तृत विवरण

| क्र. सं. | विज्ञापन नं | पद, सेवा, समूह | तह | विज्ञापनको किसिम | माग पदसङ्ख्या | लिखित परीक्षामा उपस्थित सङ्ख्या समावेशी अनुसार | | | लिखित परीक्षामा उपस्थित हेडकाउन्ट सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा |
| १ | १०१/०७८-७९ | सहायक,प्रशासन | पाँचौं | खुला | २६ | ३५९५ | ३७९२ | ७३८७ | ३६५७ | ३८०५ | ७४६२ |
| २ | १०२/०७८-७९ | सहायक,प्रशासन | पाँचौं | महिला | १० | ३४१९ | | ३४१९ | | | ० |
| ३ | १०३/०७८-७९ | सहायक,प्रशासन | पाँचौं | आ.ज. | ५ | ७१७ | ५८२ | १२९९ | | | ० |
| | १०१/०७८-७९ | लेखा सहायक/आ.ले.प.,, प्रशासन, लेखा | पाँचौं | खुला | १३ | | | ० | | | ० |
| ४ | ५०१/०७९-८० | सब-इञ्जिनियर, इञ्जि., सिभिल, जनरल | पाँचौं | खुला | २ | ४२४ | २२५१ | २६७५ | ४३३ | २२७४ | २७०७ |
| | | सब-इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | पाँचौं | खुला | १ | | | ० | | | ० |
| | | सब-इञ्जिनियर, इञ्जि., सिभिल | पाँचौं | खुला | २० | | | ० | | | ० |
| ५ | ५०२/०७९-८० | सब-इञ्जिनियर, इञ्जि., सिभिल, जनरल | पाँचौं | महिला | १ | ४०४ | | ४०४ | | | ० |
| | | सब-इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | पाँचौं | महिला | १ | | | ० | | | ० |
| | | सब-इञ्जिनियर, इञ्जि., सिभिल | पाँचौं | महिला | २० | | | ० | | | ० |

| क्र. सं. | विज्ञापन नं | पद, सेवा, समूह | तह | विज्ञापनको किसिम | माग पदसङ्ख्या | लिखित परीक्षामा उपस्थित सङ्ख्या समावेशी अनुसार | | | लिखित परीक्षामा उपस्थित हेडकाउन्ट सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा |
| ६ | ५०३/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल | पाँचौं | आ.ज. | ४ | ६४ | २१२ | २७६ | | | ० |
| ७ | ५०४/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, जनरल | पाँचौं | दलित | १ | २१ | १५७ | १७८ | | | ० |
| ८ | ५०५/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, बिल्डिङ एण्ड आर्किटेक्ट | पाँचौं | खुला | ३ | ३३ | ३६४ | ३९७ | ३३ | ३६७ | ४०० |
| ९ | ५०६/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, बिल्डिङ एण्ड आर्किटेक्ट | पाँचौं | महिला | १ | ३३ | | ३३ | | | ० |
| १० | ५०७/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, बिल्डिङ एण्ड आर्किटेक्ट | पाँचौं | दलित | १ | ५ | ३५ | ४० | | | ० |
| ११ | ५०८/०७९-८० | प्राविधिक सहायक, कृषि, कृषि प्रसार | पाँचौं | खुला | ४ | १०३७ | १५९३ | २६३० | १०३७ | १५९३ | २६३० |
| | | प्राविधिक सहायक, कृषि, बागवानी | पाँचौं | खुला | ५ | | | ० | | | ० |
| | | प्राविधिक सहायक,कृषि, बाली विकास | पाँचौं | खुला | १ | | | ० | | | ० |
| | | प्राविधिक सहायक, | पाँचौं | खुला | १ | | | ० | | | ० |

| क्र. सं. | विज्ञापन नं | पद, सेवा, समूह | तह | विज्ञापनको किसिम | माग पदसङ्ख्या | लिखित परीक्षामा उपस्थित सङ्ख्या समावेशी अनुसार | | | लिखित परीक्षामा उपस्थित हेडकाउन्ट सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा |
| | | कृषि, बाली संरक्षण | | | | | | | | | |
| | | प्राविधिक सहायक, कृषि, माटो विज्ञान | पाँचौं | खुला | १ | | | ० | | | ० |
| | | प्राविधिक सहायक, कृषि | पाँचौं | खुला | १७ | | | ० | | | ० |
| १२ | ५०९/०७९-८० | प्राविधिक सहायक, कृषि, वागवानी | पाँचौं | महिला | १ | ८९६ | | ८९६ | | | ० |
| १३ | ५१०/०७९-८० | प्राविधिक सहायक, कृषि, मत्स्य | पाँचौं | खुला | २ | ३१४ | ६९९ | १०१३ | ३१४ | ६९९ | १०१३ |
| | | पशु सेवा प्राविधिक,कृषि, ला.पो.एण्ड डे.डे. | पाँचौं | खुला | १९ | | | ० | | | ० |
| | | पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | पाँचौं | खुला | २४ | | | ० | | | ० |
| १४ | ५११/०७९-८० | प्राविधिक सहायक, कृषि, मत्स्य | पाँचौं | महिला | १ | २१३ | | २१३ | | | ० |
| १५ | ५१२/०७९-८० | रेञ्जर, वन, जनरल फरेष्ट्री | पाँचौं | खुला | ९ | १३१ | ३३८ | ४६९ | १३१ | ३३८ | ४६९ |
| | | रेञ्जर, वन, स्वायल एण्ड वाटर कन्जर्भेसन | पाँचौं | खुला | १ | | | ० | | | ० |
| १६ | ५१३/०७९-८० | रेञ्जर, वन, जनरल फरेष्ट्री | पाँचौं | महिला | २ | १३१ | ० | १३१ | | | ० |
| | | रेञ्जर, वन, स्वायल | पाँचौं | महिला | १ | | | ० | | | ० |

| क्र. सं. | विज्ञापन नं | पद, सेवा, समूह | तह | विज्ञापनको किसिम | माग पदसङ्ख्या | लिखित परीक्षामा उपस्थित सङ्ख्या समावेशी अनुसार | | | लिखित परीक्षामा उपस्थित हेडकाउन्ट सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा |
| | | एण्ड वाटर कन्जर्भेसन | | | | | | | | | |
| १७ | ५१४/०७९-८० | रेञ्जर, वन, जनरल फरेष्ट्री | पाँचौं | दलित | १ | ३ | १४ | १७ | | | ० |
| १८ | ५१५/०७९-८० | रेञ्जर, वन, जनरल फरेष्ट्री | पाँचौं | थारू/राना थारू | १ | ४ | ४ | ८ | | | ० |
| १९ | ५१६/०७९-८० | रेञ्जर, वन, जनरल फरेष्ट्री | पाँचौं | आर्थिक रूपले विपन्न खस आर्य | १ | ४ | ४८ | ५२ | | | ० |
| २० | ५१७/०७९-८० | रेञ्जर, वन, जनरल फरेष्ट्री | पाँचौं | आ.ज. | १ | १९ | ३५ | ५४ | | | ० |
